# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

नेपालमा महिलाको राजनीतिक सहभागिताका सन्दर्भमा निकै बहस पैरवी हुने गरेको पाइन्छ । विश्वका विभिन्न मुलुकमा जस्तै नेपालमा पनि आधा आकाश ओगट्ने महिलाको स्थिति हरेक क्षेत्रमा पिछडिएको छ । राजनीतिक क्षेत्रमा पनि महिलाको सहभागिता अत्यन्त न्यून रहेको कुरा तथ्याङ्कले देखाउँछ । राजनीतिमा महिला सहभागिता भन्नाले राजनीतिको हरेक तह र पदमा महिलाको सहभागिता भन्ने बुझिन्छ । राजनीतिमा महिला सहभागिताको अध्ययन गर्नुभन्दा पहिला र राजनीति भनेको के हो भन्ने अवधारणा बुझ्नु आवश्यक छ ।

राजनीतिमा महिलाहरूको प्रवेश पुरुषको तुलनामा न्यून छ । कुल जनसंख्याको आधा भन्दा बढी जनसंख्या ओगटेका महिलाहरू राजनीतिमा न्यून रहेका छन् । प्रतिनिधिमूलक राजनीतिको अवधारणाले अन्य पक्षका साथसाथै महिला र पुरुषबीचको लैङ्गिक अनुपात समतामूलक हुनु पर्ने कुराको वकालत गर्दछ ।

२०४६ सालपछि तुलनात्मक रूपमा महिलाको परम्परागत भूमिकामा केही परिवर्तन आए तापनि आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक भूमिकामा प्राप्त सीमित अवसर र अधिकारका कारण अझै पनि पुरुषको तुलनामा महिलाहरूको स्थिति सन्तोषजनक भने छैन । राजनीतिक नेतृत्वदायी भूमिकामा महिलाको उपस्थिति देखावटी मात्र भएको छ । राजनीतिमा महिला सहभागिता बनाउने कानुन निर्माण भए पनि व्यवहारमा लागु हुन सकेको छैन । महिलाहरूको वि द्यमान अवस्थामा सुधार गर्नको लागि बनाइएका कार्यक्रमहरूले पनि त्यति प्रभावकारी भूमिका खेल्न सकिरहेका छैनन् ।

नेपालको संविधान २०७२ ले मुलुकलाई लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा स्थापित गरेको छ । यसले सबै नागरिकहरूका हक अधिकारलाई सुनिश्चित गरेको छ । राज्य औपचारिक रूपमा सात प्रदेश र सात सय त्रिपन्न स्थानीय निकायमा विभाजित भएको छ । राज्यका हरेक तहमा समानुपातिक र समावेशी प्रतिनिधित्वको प्रावधान राखिएको छ । मुलुकमा विद्यमान लामो समयदेखिको अन्योल र अस्थिरताको अन्त्य भएको

छ । शान्ति र स्थीरताको मार्गमा मुलुक अगाडि बढ्न लागेको सङ्केत देखिएको छ । केन्द्रका अधिकारहरू प्रदेश र स्थानीय निकायमा प्रत्यायोजन भएका छन् । संविधान कार्यान्वयनको सिलसिलामा स्थानीय निकायको निर्वाचन सम्पन्न भएको छ भने संघ र प्रदेशको निर्वाचन समेत समन्वय गरी केन्द्रदेखि स्थानीय तहसम्म सरकारको गठन भैसकेको छ । सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा पछाडि परेका महिला वर्ग पनि संवैधानिक व्यवस्था अनुरूप राज्यका उच्च ओहदामा पुग्न सफल भएका छन् । स्थानीय निकायमा समेत महिलाको बलियो उपस्थिति रहेको छ । अतः महिला सहभागिताले स्थानीय निकायको विकास र परिवर्तनमा कस्तो भूमिका निर्वाह गर्न सक्छ ? भन्ने जिज्ञासा नै यस शोधको प्रमुख विषय हुनेछ ।

डोल्पा नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत कर्णाली अञ्चलमा पर्ने उच्च पहाडी जिल्ला हो । क्षेत्रफलको हिसाबले डोल्पा नेपाललको सबैभन्दा ठूलो जिल्ला पनि हो । भौगोलिक विकटताका कारण यो जिल्ला विकासको दृष्टिले पछाडि परेको छ । त्यहाँका मानिसमा शैक्षिक एवम् राजनीतिक चेतनाको कमी छ । अझ त्यसमाथि महिलाहरुमा त राजनीतिप्रति कुनै चिन्ता र चासो नै छैन भन्दा पनि हुन्छ । वर्तमान संविधानले व्यवस्था गरे अनुरुप हेर्दा डोल्पा प्रदेश नं. ६ मा पर्दछ । नेपालको विधान २०७२ ले स्थानीय तहमा ४० प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गरेको अवस्थामा डोल्पा जिल्लाको स्थानीय तहमा महिला सहभागिताको अवस्था कस्तो छ ? भन्ने कुराको खोजी यस अध्ययनमा गरिएको छ ।

## १.२ समस्याकथन

नेपालको कुल जनसंख्याको करिव ५१ प्रतिशत महिलाले ओगटे तापनि यो जनशक्ति हरेक क्षेत्रमा पछाडि परेको छ । महिला माथि भइरहेको असमान व्यवहार, भेदभावका कारणले गर्दा पनि सबै क्षेत्रमा असर देखिने गरेको छ । वर्तमान अवस्थामा आइपुग्दा पनि सम्पत्ति माथिको पूर्ण अधिकार नहुनु, शिक्षा प्राप्तिमा असमानता र कानुनमा यथोचित सुधार हुन नसक्नु, नीति निर्माण र निर्णय तहमा पहुँच पुग्न नसक्नु जस्ता समस्या टड्कारो रूपमा देखा परेका छन् । महिलाहरूले गर्ने अधिकांश कार्य घरभित्रका हुन्छन् । बिहान उठेदेखि बेलुकासम्म काम गर्छन् तर उनीहरूले गर्ने घरायसी कुनै पनि कार्यको गणना हुन सकिरहेको छैन । समाजमा व्याप्त अन्धविश्वासका कारणले गर्दा महिलाहरूलाई पढ्न, लेख्न,

सभा, गोष्ठी आदिमा भाग लिन बन्देज छ । यी समस्या एकातिर छन् भने अर्कोतिर ऐन, कानुनहरूमा महिलाप्रतिको जुन व्यवस्था गरिएको छ, त्यसमा समानता छैन ।

महिलाहरूलाई दोस्रो दर्जाको नागरिकका रूपमा हेरिने परम्पारगत दृष्टिकोण अझै हाम्रो समाजमा विद्यमान रहेको छ । यी र यस्तै कारण वा वातावरणले पनि महिलाहरू राजनीतिमा अगाडि आउन सकिरहेका छैनन् । यदि थोरै महिला यस क्षेत्रमा आए भने पनि नेतृत्व तहमा आउने र लामो समयसम्म टिकीरहन नसक्ने समस्या पनि देखिएको छ । अतः स्थानीय निकायमा महिला सहभागिता शीर्षकमा केन्द्रित यस शोधलाई निम्न लिखित शोध प्रश्नबाट थप स्पष्ट पार्न सकिन्छ ।

क)	डोल्पाको स्थानीय तहमा महिला सहभागिताको अवस्था कस्तो छ ?

ख)	महिला सहभागितामा आईपरेका समस्या र चुनौतीहरू के के हुन् ?

ग)	ती समस्या र चुनौतीहरूको समाधानका उपायहरु के के हुन् ?

## १.३ शोधको उद्देश्य

स्थानीय निकायमा महिला सहभागिताको अवस्था पहिचान गर्नु प्रस्तुत शोधको मुख्य उद्देश्य हो । यही मूल उद्देश्यमा केन्द्रित रहेर शोधका अन्य उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएको छ :

क)	डोल्पाको स्थानीय तहमा महिला सहभागिताको अवस्था पहिचान गर्नु ।

ख)	महिला सहभागितामा आईपरेका समस्या र चुनौतीहरू प्रस्तुत गर्नु ।

ग)	समस्या र चुनौतीहरूको समाधानका उपायहरुको खोजी गर्नु ।

## १.४ शोध विधि

### १.४.१ अध्ययन क्षेत्र छनोटको औचित्य

शासन व्यवस्थामा महिलाको सहभागिता स्वयम्मा महत्वपूर्ण विषय हो । एकातर्फ विश्वमा लोकतान्त्रिक शासन व्यवस्थाको लोकप्रियता बढ्दै गइरहेका छ भने अर्को तर्फ अधिकांश मुलुकहरुको सन्दर्भमा हेर्ने हो । शासनमा महिला सहभागिता अत्यन्तै न्यून देखिन्छ

। त्यसमा पनि समावेशी सिद्धान्त अनुसार लोकतान्त्रिक शासन व्यवस्थाको अभ्यास गरिरहेको सन्दर्भमा नेपालको शासन प्रणालीमा महिला सहभागिताको वास्तविक पुष्टि हुन सकेको देखिदैना । अझ विभिन्न आरक्षणका बाबजुद पनि पिछडिएका क्षेत्रको अवस्था निक्कै दयनीय छ । यसै सन्दर्भमा नेपालमा पिछडिका जिल्ला मध्येको एक डोल्पा जिल्लाको सन्दर्भमा यो अध्ययनको क्षेत्र छनोट गरिएको छ । यसका अलावा शोधकर्ता स्वयम् नेपाल सरकारको अधिकृत कर्मचारीको रुपमा कार्यरत भएकाले अध्ययनको सुविधाको दृष्टिकोणले समेत यो क्षेत्र छनोट गरिएको छ ।

### १.४.२ अध्ययनको ढाँचा

मुलतः यस अध्ययनमा डोल्पा जिल्लाको स्थानीय तहमा महिलाको सहभागितालाई प्रष्ट्याउने प्रयास भएको छ । स्थानीय तहको संचालनमा उनीहरुको अवस्थाको विवरण दिनुपर्ने र उक्त सहभागिताका विभिन्न कारण र परिस्थितिको विश्लेषण गर्नुपर्न भएकाले प्रस्तुत अध्ययन मूलतः विवरणात्मक  र विश्लेषणात्मक ढाँचामा तयार गरिएको छ ।

### १.४.३ तथ्याङ्कको स्रोत र प्रकृति

प्रस्तुत अध्ययनको क्रममा आवश्यक तथ्याङ्कहरु प्राथमिक र द्वितीय दुवै स्रोतबाट संकलन गरिएका छन् । अध्ययनको प्राथमिक स्रोतको रुपमा डोल्पा जिल्लाको स्थानीय तहमा महिला सहभागिता सम्बन्धी तथ्याङ्क एवं सम्बद्ध विभिन्न व्यक्तिसँगको कुराकानीलाई लिइएको छ । शोध सम्बद्ध आधारभूत तथ्याङ्कहरु प्राथमिक स्रोतबाटै संकलन गरिएको छ । साथै विषय सम्बद्ध पुस्तक, लेख, दलका मुखपत्र र दस्तावेजहरु, यस क्षेत्रमा भएका शोध जस्ता तथ्याङ्कहरु अध्ययनको द्वितीय स्रोतको रुपमा रहेका छन् । साथै शोधमा विभिन्न तालिकाहरु प्रयोग गरी विषयवस्तुलाई प्रष्ट्याउने प्रयास गरिएको छ । यस हिसाबबाट शोधको प्रकृति मात्रात्मक र गुणात्मक दुवै रहेको छ ।

### १.४.४तथ्याङ्क सङ्कलन विधि

प्राथमिक तथा द्वितीय दुवै स्रोतबाट प्राप्त तथ्याङ्कको आधारमा यो अनुसन्धान गरिएको छ । जसअनुसार :

### क) अन्तर्वार्ता

प्रस्तुत शोधकार्यमा स्थानीय तहमा महिलाको सहभागिता र उनीहरुको अवधारणाबारे मूल्याङ्कन गर्नुपर्ने भएकाले प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कलाई मुख्य आधार बनाइएको छ । यस सन्दर्भमा स्थानीय महिला अभियन्ताहरुसँग खुल्ला प्रश्नावली तयार गरी गहन अन्तर्वार्ता विधिको प्रयोग गरिएको थियो । यस अन्तर्गत विषयवस्तुलाई बुझ्न र प्रष्ट्याउन सक्ने पाँच जना मुख्य सुचनादाता (Key Informants) छनोट गरी अन्तर्वार्ता लिइएको थियो । स्थानीय सर्वसाधारण तीन जना र डोल्पामा क्रियाशिल प्रमुख राजनीतिक दलमध्ये नेकपा एमालको तर्फबाट प्रदेश सभा सदस्य पद्मी कुमारी बोहोरा तथा नेपाली काँग्रेसको तर्फबाट पुर्व सभासद दुतकुमारी हमाल जस्ता सक्रिय महिला अभियन्ताहरुसँग सम्बन्धित विषयवस्तुका बारेमा गहन अन्तर्वार्ता गरिएको थियो । अन्तर्वार्तामा सहभागीहरुको विवरण परिशिष्ट ‘क’ मा दिइएको छ ।

### ख) पुस्तकालय विधि

माथि नै उल्लेख भए बमोजिम यस शोध कार्यका लागि आवश्यक अन्य सुचनाहरु पुस्तकालय अध्ययन, विषय सम्बद्ध लेख, पुस्तक, अनुसन्धानात्मक प्रतिवेदन, प्रकाशित तथा अप्रकाशित कृति तथा दस्तावेजहरु पुस्तकालय विधिको प्रयोगद्वारा नै संकलन गरिएको हो ।

### ग) अवलोकन

अन्तर्वार्ता संचालन र तथ्याङ्क संकलनका क्रममा प्रस्तुत विषयसम्बद्ध विषयमा शोधकर्ता स्वयम्को असहभागी अवलोकन भएको थियो । आवश्यक सूचना सङ्कलन तथा तथ्याङ्कको प्रमाणिकरणमा यस कार्यले ठूलो मद्दत गरेको थियो ।

## १.४.५ तथ्याङ्कको प्रस्तुती र विश्लेषण

अध्ययनको क्रममा प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई व्यवस्थित रुप्मा आवश्यकता अनुसार तालिका र विषयवस्तु प्रस्तुत गरीइ विषयवस्तुको विश्लेषण गरिएको छ । यस क्रममा विषयवस्तुलाई विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरी प्रस्तुत शोध तयार पारिएको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपालमा महिलाहरूको स्थिति पुरुषको तुलनामा पिछडिएको छ भन्ने कुरा तथ्याङ्कले देखाएको छ । महिलाहरूलाई घरको काम बाहेक बाहिरको कुनै पनि काममा लगाउनु हुँदैन भन्ने मानसिकता अशिक्षित मानिसमा मात्र नभई पढे लेखेका जान्ने बुझ्ने व्यक्तिहरूमा पनि कायमै रहेको छ । छोरीलाई पढाएर लेखाएर जागिरमा लगाउनु पर्दछ भन्ने सोचाइ एकदमै कमको पाइन्छ । जसले गर्दा राजनीतिमा महिलाको सहभागिता न्यून रहेको छ । महिला माथि हुने शोषण, भेदभाव, असमानता, अत्याचार शहरदेखि गाउँसम्म तथा पहाडदेखि तराईसम्म जहाँ गए पनि जुन कुनामा गए पनि त्यतिकै पाइन्छ । अतः यस अध्ययनमा विद्यमान कमिकमजोरी माथि प्रकाश पार्ने प्रयास गरिएको छ ।

मुलुकमा यस अगाडि पनि पटक पटक स्थानीय निर्वाचन सम्पन्न भई न्यून मात्रामा महिला प्रतिनिधिहरू चुनिएका थिए । लामो समयको अन्तराल र द्वन्द्वको समाप्ति पश्चात् नयाँ संविधान अनुरूप भएको स्थानीय तहको निर्वाचन मार्फत् उल्लेख्य मात्रामा महिला प्रतिनिधि छनोट भएका छन् । स्थानीय निकायमा केन्द्रका अधिकार समेत प्रत्यायोजन गरिएको छ । यसले देशको विकास कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कुराको सहजै अनुमान गर्न सकिन्छ । स्थानीय तहमा महिला सहभागिता र विकास शीर्षकमा केन्द्रित यो शोध नवीन विषयमा आधारित छ ।

यो शोधपत्र तयार पार्नको लागि विभिन्न पुस्तकहरू लेख रचनाहरू राष्ट्रिय निर्वाचन आयोग, राष्ट्रिय महिला आयोग लगायतका संवैधानिक अङ्गका साथै मन्त्रालय, विभाग र सरकारी एवम् गैरसरकारी संघसंस्थाका मुखपत्र बुलेटिन, स्मारिका महिला सम्बन्धी लेखिएका विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरू प्रयोग गरिएको छ । अतः यो शोधपत्र तिनै सामग्रीको आधारमा तयार गरिएको हो । शोधपत्र तयार गर्ने क्रममा आएका सामग्रीहरूलाई पूर्वकार्यको समीक्षाका रूपमा यसरी प्रस्तुत गरिएको छ ।

महिला अधिकार कार्यविधि दिग्दर्शनमा समाजमा पुस्तौं पुस्तादेखि संरचनागत रूपमा महिलामाथि भेदभाव गरिंदै आएको कुरा उल्लेख छ । महिला र पुरुषको सामाजिक भूमिका जन्मजात निर्धारण हुने होइन र यसमा जैविकतत्त्वको कुनै प्रकारको सम्बन्ध र भूमिका हुँदैन । सांस्कृतिक प्रचलन र रीतिरिवाज व्यक्ति र समाजद्वारा उत्पादित कुरा हो । भनिन्छ जेण्डर समाजद्वारा निर्मित हुन्छ । मानवीय अन्तर्क्रिया र सामाजिक

जीवनका क्रियाकलापबाट कुनै पनि परिपाटीको निर्माण, परिवर्तन र पुर्ननिर्माण हुन्छ । वास्तवमा भिन्न सामाजिक हैसियत, भिन्न अधिकार र दायित्व भित्रको विभेदपूर्ण व्यवस्थालाई स्तरीकरणको प्रक्रियाद्वारा समानताको परिदृश्यमा बराबरी बनाउने अभियान नै जेण्डर हो (महिला अधिकार कार्यविधि दिग्दर्शन, २०६१) । सांस्कृतिक रूपमा विकसित लैङ्गिक भिन्नताको कारण यस्तो भेदभाव सिर्जना भएको हो । यस्ता भेदभावले महिलालाई समाजमा अधिनस्थ स्थितिमा रहन बाध्य बनाएको छ । लैङ्गिक विभेदले महिलालाई हेरिने दृष्टिकोण फरक छ । महिला भएकै कारणले हरेक ठाउँमा उत्पीडनको शिकार हुनु परेको छ । महिलाहरूलाई पुरुषको समकक्षीको रूपमा नहेरी सहायकको रूपमा हेर्ने गरिएको छ । त्यसैले महिला र पुरुषका बीचमा कुनै पनि लैङ्गिक विभेद र असमानता हुनुहुँदैन । महिलालाई दमन र शोषण गर्ने पुरुषको कुनै अधिकार छैन भन्ने अवधारणाबाट यो विचारको उदय भएको पाइन्छ (महिला अधिकार, कार्यविधि दिग्दर्शन, २०६१) । वर्तमान अवस्थामा आएर यो अवधारणाले सबै क्षेत्रमा प्राथमिकता पाएको छ । अतः उक्त विचार यस अध्ययनको लागि उपयोगी मानिएको छ ।

महिलाहरूको अवस्थाको व्याख्या गर्ने क्रममा विभिन्न विद्वान्‌हरूले आ-आफ्नो तरिकाबाट व्याख्या गरेका छन् । मार्क्सवादी विचारधारामा लागेका समाजशास्त्रीको अनुसार सम्पत्ति नै समाजमा असमानता सिर्जना गर्ने स्रोत हो । उत्पादन व्यवस्था वा प्राणीको विकाससँगै सामाजिक र सांस्कृतिक प्रणालीमा त्यसको प्रभाव पर्दछ । निजी सम्पत्तिको विकाससँगै उत्पादन व्यवस्थामा पुरुषका सहयोगीका रूपमा महिलालाई सम्पत्तिको निरन्तर हस्तान्तरण र सम्बर्द्धनका लागि छोरा जन्माउने वस्तुको रूपमा लिन थालियो । महिलाहरू घरभित्र कै धन्दामा सीमित गरिएबाट कमसल कार्य वा कम ज्यालामा लगाइए । यसलाई बलियो बनाउने कार्य समाजमा रहेको पितृसत्ताले गऱ्यो भन्ने कुरा उल्लेख गरिएको छ ( एंगेल्स, २०५६) ।

त्यस्तै प्रकार्यवादी समाजशात्रीहरूको विचार अनुसार सामाजिक संरचनालाई व्यवस्थित गर्न लैङ्गिक असमानता एक अनिवार्य शर्त हो । कुनै पनि व्यक्तिको आ योग्यता क्षमताको आधारमा सामाजिक तह निर्धारण हुने गर्दछ । त्यसैले सामाजिक विभिन्नता नै सामाजिक मूल्य र मान्यताको प्रणाली हो (Pthy, 1987) । यी समाज शास्त्रीहरूका अनुसार सामाजिक रूपमा जुन महिला र पुरुषको बीचमा असमानता छ त्यसले सामाजिक

संरचनालाई व्यवस्थित बनाउनको लागि भूमिका खेलेको हुन्छ भन्ने व्याख्या एकतर्फी पुरुषको पक्षमा गरेको पाइन्छ ।

त्यस्तैगरी आमूल परिवर्तनकारी महिलाहरूले विश्वव्यापी रूपमा महिलाको अवमूल्यन भएको उल्लेख गर्दै पितृसत्ताका कारण सबै ठाउँमा महिलाहरू दमनमा परेका छन् भन्ने मान्यता राखेका छन् भने समाजवादी महिलावादीले मार्क्सवादी विचारधारा झैं पितृसत्ता आर्थिक प्रणालीको एउटा भाग हो । त्यसैले महिलाले भोग्नु परेको अधिनताको खोजी गर्नु पर्दछ (आचार्य, २०६०) भन्ने भनाइ अगाडि बढाएको पाइन्छ ।

मानव समाजको विकासक्रममा आदिम साम्यवादी समाज मात्रै त्यस्तो समाज हो जहाँ वर्गहरूको उत्पत्ति भएको थिएन । तेरो मेरो भन्ने सम्पत्तिको विकास भएको थिएन । मानिसहरू जंगलमा बस्दथे, सामुहिक शिकार गर्ने गर्दथे । महिलाहरूको स्थान मर्यादित थियो र वंश आमाको आधारमा चिनिन्थ्यो । महिलाको नेतृत्वमा समाज चल्दथ्यो (नारी आह्वान, २०६०) । यसरी हेर्दा जब पितृसत्ताको उदय भयो त्यसपछि महिलामाथिको असमानता पाइन्छ ।

त्यस्तैगरी महिला प्रतिको अवधारणामा एंगेल्सले आफ्नो पुस्तक **परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्तिमा** लेख्दछन् "पारिवारिक श्रम विभाजनले पुरुष र महिलाबीच सम्पत्तिको बाँडफाँड निर्धारण गऱ्यो । पुरुषको व्यवसायिक श्रमको तुलनामा नारीको घरेलु श्रमको महत्त्व घट्न गयो । जबसम्म नारी सामाजिक उत्पादनशील श्रमबाट अलग्याइएका हुन्छन् र आफुलाई घरेलु काम धन्दामै सीमित राख्न बाध्य हुन्छन्, तिनको मुक्ति, तिनलाई पुरुष समान अधिकार प्रदान गर्ने कुरा न अहिले, न त भविष्यमा नै सम्भव छ भन्ने कुरा त्यसै बेलादेखि स्पष्ट भई सकेको थियो ।" त्यसैले महिलालाई पुरुष सरह समान अधिकार दिलाउनको लागि वृहत सामाजिक उत्पादनमा भाग लिने बनाउनु पर्छ । त्यसैले महिलालाई सबै क्षेत्रमा सहभागी बनाउनु पर्छ भन्ने धारणा राखिएको छ ।

घर्ति (२०७०) ले स्थानीय निर्णय निर्माणका तहहरुमा महिला सहभागिता सम्बन्धमा तयार गरेको शोधमा महिला सहभागिगता बारे विश्लेषण गर्नु भएको पाइन्छ । विगतको तुलनामा राज्यका हरेक संयन्त्रमा महिलाको चासो र पहुँच बढेको भएता पनि अपेक्षित रुपमा सहभागिता हुन नसकेको पाइन्छ । तर स्याङ्जा जिल्लाको एक गा.वि.स.लाई आधार

मानेर गरिएको उक्त शोध सैद्धान्तिक अवधारणा तयार गर्न सहयोग भएता पनि डोल्पा जिल्लाको सन्दर्भमा त्यति प्रर्याप्त रहेको पाइदैन ।

कुनै पनि समाज प्रतिको मापदण्ड महिलालाई मानिन्छ किनकी महिला विनाको विकास कल्पना गर्न सकिदैन । त्यसैले भन्ने पनि गरिन्छ कि “नारी पुरुष त एक रथका दुई पाङ्ग्रा” । महिला सधै अचेतन भएको र पुरुषले हरेक सुविधाभोग गरेको समाजलाई प्रगतिशील र विकसित भन्न मिल्दैन । महिला समाज र परिवार कै प्रमुख आधार स्तम्भ हुन् । यो तथ्य राष्ट्र कै पनि हो । त्यसैले महिलालाई समाज र राष्ट्रका कर्णधार हुन् भन्न सकिन्छ । महिलाको सन्दर्भमा एंगेल्सको भनाई छ “सर्वप्रथम सभ्यताको विउ रोप्ने आइमाइहरू नै हुन् । तिनीहरूले पुरुषहरूलाई घुमन्ते जीवनबाट स्थिर जीवनमा ल्याई प्रतिस्थापित गरे ।” उनको यस विचारबाट महिलाको राजनीतिक सहभागिता र विकासमा पर्ने प्रभाव स्पष्ट हुन्छ ।

मानव सभ्यताको विकास सँगसँगै महिलाहरू पुरुषको तुलनामा थिचो मिचोमा परेको तथ्य हाम्रो सामु छँदैछ ।समाजमा चलेका चाल चलन, धर्म, संस्कृति, परम्परा आदिका आधारमा महिला र पुरुष दुई लिङ्गको बीचमा सामाजिक विभेद सिर्जना गरियो । त्यस्ता सामाजिक नीति नियम, मूल्य मान्यता आदर्श, संस्कार, परम्परा र धार्मिक दृष्टिकोणले समेत महिलालाई निरुत्साहित र उपेक्षित गरेको छ । वौद्धिक कालमा आएर महिला र पुरुष दुवैको सामाजिक स्थिति समान र महत्त्वपूर्ण थियो भन्दै बासु बरालले अगाडि भनेका छन् “हिन्दु नारीहरूको इतिहासमा ई.सं १८५ मा मनुस्मृति रचना गरेर पतिलाई देवतुल्य मान्न लगाईयो र नारीका सबै अधिकार खोसियो । स्मृतिकारहरूका अनुसार स्वास्नी मानिसहरू स्वभावैले अबुझ र चरित्रहीन हुन्थे । त्यसैले कुमारी अवस्थामा उनीहरूको रक्षा बाबु आमाले गर्दथे । यौवन अवस्थामा उनीहरू पतिको संरक्षणमा बस्दथे भने वृद्धाअवस्थामा पुत्रको रेखदेखमा जीवन विताउने गर्दथे” (बराल, २०५०: ३९) । उनको यस भनाइबाट प्राचीन कालदेखि नै महिला पुरुषका बीचमा विभेद कायम रहेको कुरा स्पष्ट हुन्छ ।

Majumdar लेख्दछन् : तत्कालीन समयमा आईमाइले जागिर खान हुँदैन, बेद पाठ गर्न हुँदैन भनी बाध्यात्मक नियम लगाइयो । यस्तो घुमफिर र स्वतन्त्रता तल्लो जातिका अर्थात् निज वर्गका महिलालाई मात्र छुट दिइएको थियो (मजुमदार, १९६६: २५१) । यस भनाइले पनि महिलामाथि विभेद गरिएको कुरालाई स्पष्ट पार्दछ ।

नारीहरूको अवस्थामा परिवर्तन आउनमा ब्रह्मणवाद नै मुख्य कारक मानिएको छ । मनुद्वारा पतिलाई गुरु र देवतातुल्य भनी नामाकरण गरिएपछि पतिको सेवा गर्नु नै धर्म हो । स्वर्ग जाँदा पतिको पूजा गर्नु पर्छ भन्दै हिन्दु धर्मलाई व्याख्या गरियो । महिलाहरू आफ्नो पालन पोषणको लागि पुरुषप्रति उत्तरदायी हुनुपर्ने बाध्यताको शुरुवात भयो । साथै पारिवारिक परिवेश, धार्मिक, सामाजिक, आर्थिक र सामुदायिक कार्यहरूमा पुरुषले प्रतिनिधित्व गर्न थाले । घरमूली पनि पुरुष नै हुन्थे । यसबाट नारीको यथार्थता स्पष्ट हुन्छ । आर्यमूलका पुर्खाहरूको संस्कृति पितृसत्तात्मक थियो । तिनै आर्यहरूको भारत वर्षमा प्रवेशपछि नारीको सामाजिक स्थितिमा आँच आउन प्रारम्भ भयो र पितृसत्तात्मक परिवारको शुरुवातलाई निरन्तरता र बलियो बनाइयो (बराल, २०५०) । यसबाट ब्राम्हणवाद र धर्मले पनि नारीप्रति असमान व्यवहार गरेको कुरा स्पष्ट हुन्छ ।

हिन्दु धर्मको बाहुल्यता रहेको नेपाली समाजमा हिन्दु संस्कृति र परम्पराको व्यापक प्रभाव परेको पाइन्छ । हिन्दु संस्कृतिले पुरुषलाई सदा मालिकको स्थितिमा राखेको छ भने महिलालाई सधै दासीको रूपमा स्वीकार गरेको पाइन्छ । "संसारमा जति पनि अध्यात्मवादी दर्शन र धार्मिक प्रणाली जन्मे तिनीहरूका सृष्टिकर्ता, देवता र पुरोहितहरू पुरुष नै रहेका छन् । ईश्वर, गड, अल्लाह, वशिष्ट, मनु, इसा, कन्फ्युसियस, मोहम्मद र नानक आदिको ठाउँमा नारी पात्र किन देखा परेनन् ? कुनै अरुन्धती, शतरूपा, गार्गी, यशोधरा, मरियम र खजिदाहरू धर्म र दर्शनमा नायकको रूपमा देखा परेनन् । गुरु पुरोहितहरूले धार्मिक कथाहरूमा अनेकौ देवीका कथा र चमत्कारी कामको वर्णन गर्दै आए तर भजन र धार्मिक पूजामा बाहेक वास्तविक व्यवहारमा त्यस्ता शक्तिशाली नारी कहिँ पनि देखिएनन् । पुरुष भने जहाँ पनि देवताको कथित अवतार, राजा र ठूला ठालुका रूपमा प्रत्यक्ष हैकम चलाएर देखा पर्दै आए" (प्रश्रित, कान्तिपुर, २०६० । यसले पनि हाम्रा हरेक धर्मले महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरेको कुरालाई स्पष्ट रूपमा बुझ्न सकिन्छ । वैज्ञानिक शोधकार्यका लागि विगतमा भएका शोध अनुसन्धाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले उक्त सामग्रीहरु प्रस्तुत गर्नु सान्दर्भिक मानिन्छ ।

क) राजनीतिमा महिला सहभागिता, लामाचौर, ज्योति पौडेल (२०६३),

ख) स्थानीय निर्वाचनमा महिला सहभागिता तनहुँ, इश्वर सुवेदी (२०५८)

ग) नेपालको राजनीतिमा महिला सहभागिता, घराना थकाली (२०६४),

घ) स्याङ्जा जिल्लाको स्थानीय निकायमा महिलाको राजनीतिक र सहभागिता, गोविन्द रानाभाट (२०६०), र

ङ) स्थानीय राजनीतिमा महिला सहभागिता, बाग्लुङ हरिप्रसाद ढकाल (२०६२) ।

महिला र पुरुष बीचको भेदभाव सर्वप्रथम घरपरिवार भित्रबाट शुरु हुन्छ महिलालाई निर्माण प्रक्रियामा सामेल गराइँदैन । समाजमा प्राप्त हुने मौका र उपलब्धीहरू माथि पुरुषहरूद्वारा एकाधिकार जमाइएको पाइन्छ । कुनै पनि महिलाको आर्थिक, सामाजिक, सांस्कृतिक एवं राजनीतिक क्रियाकलापहरूमा हुने सहभागिता उनको श्रीमान्, बाबु, आमा वा पुरुष नातेदारको प्रकृतिमा भर पर्दछ (राष्ट्रिय मानवअधिकार आयोग, २०६०) । यसले वर्तमान अवस्थामा समेत महिला र पुरुषका बीचमा समानता कायम हुन नसकेको कुरा स्पष्ट हुन्छ । अतः महिला र पुरुषको समान सहभागिता विना सामाजिक विकासको गतिमा आमूल परिवर्तन हुन सक्दैन भन्ने कुरा बुझ्न सकिन्छ । यो शोधपत्र तयार पार्ने क्रममा त्रिभुवन विश्वविद्यालय राजनीति शास्त्र विभागका मुखपत्रहरूमा प्रकाशित महिलासँग सम्बन्धित लेख रचनाहरू, जर्नलहरू तथा राष्ट्रिय महिला आयोगका प्रतिवेदनहरू, जिल्ला विकास समिति डोल्पाका वार्षिक प्रतिवेदनहरू, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग, निर्वाचन आयोग, तथ्याङ्क विभाग, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, कृषि विकास मन्त्रालय, शिक्षा मन्त्रालय, निजामती किताबखाना, अखिल नेपाल महिला संघ, नेपाल महिला संघ, अन्तरपार्टी महिला सञ्जालका लेख रचनाहरू र उपलब्ध तथ्याङ्कहरूका साथै त्रिभुवन विश्वविद्यालय राजनीति शास्त्र विभागको पुस्तकालय, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयका अन्य आवश्यकीय शैक्षिक सामग्रीहरू विभिन्न दलका मुख पत्र र दस्तावेजहरू, राजनीतिमा महिला सहभागिताका बारेमा अनुसन्धान गरी प्रकाशित गरेका अन्य विद्वानहरूका लेख रचना र महिला अधिकार कर्मीका लेखहरू, नेपालका संविधान तथा राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यताहरूको पनि अध्ययन गरिएको छ ।

## १.६ शोधको सीमा

नेपालको वर्तमान शासन व्यवस्था अनुरूप महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका गरी जम्मा सात सय त्रिपन्न स्थानीय तह छन् । उक्त तहहरूमा महिलाहरूको उपस्थिति पनि बलियो छ । प्रत्येक निकायमा पुगेर अध्ययन गर्ने

कार्य असम्भव छ । अतः यस शोधमा डोल्पा जिल्लालाई आधार मानी अध्ययन गरिएको छ । साथै ऐतिहासिक सन्दर्भको चर्चा गर्न विषयमा बाहेक २०७४ सालको स्थानीय निर्वाचनको सन्दर्भमा यो शोध केन्द्रित रहेको छ ।

## १.७ शोधको औचित्य र महत्त्व

कुनै पनि राष्ट्रमा प्रजातन्त्रलाई प्रभावकारी रूपमा सफल बनाउनका लागि महिला वर्गमा चेतनाको विकास र राजनीतिक सहभागितामा वृद्धिको आवश्यकता पर्दछ । जब महिला वर्गमा चेतनाको विकास हुन्छ तब उनीहरूमा राजनीतिक सहभागिता समेत वृद्धि हुन्छ । महिला वर्गमा राजनीतिक चेतनाको वृद्धि हुनु भनेको समाजमा भएको कुनै पनि सामाजिक क्रियाकलापमा महिलाहरूको संलग्नतामा वृद्धि हुनु हो । त्यसैले राजनीतिमा महिला सहभागिता एक अपरिहार्य विषय भए झै प्रस्तुत शोधकार्यले डोल्पा जिल्लामा पनि महिलाहरूको राजनीतिक सहभागिताको आवश्यकता भए अनुसार त्यसको के कस्तो अवस्था छ ? महिला सहभागिता बढाउन के कस्ता कुराहरूले सहयोग पुऱ्याउँछन् ? भन्ने कुरालाई यस शोधपत्रमा अध्ययन गर्न खोजिएको छ ।

स्थानीय निकायमा महिला सहभागिता र विकास शीर्षकको प्रस्तुत शोध समसामयिक र नवीन विषयमा आधारित भएकाले आफैमा औचित्यपूर्ण छ । यसको साथै महिला उत्थान र विकास तथा भविष्यमा स्थानीय तहमा महिला सहभागिता एवं विकास प्रक्रियाको विषयमा अध्ययन गर्न चाहने शोधकर्ता, खोजकर्ता र जिज्ञासु पाठकहरूको लागि समेत यो शोध महत्त्वपूर्ण हुने विश्वास गरेको छु । यसका अतिरिक्त नेपालको पिछडिएको क्षेत्रको रुपमा मानिसको कर्णाली प्रदेश र त्यस अन्तर्गतको जिल्लाको बारेमा केन्दि्त यस शोधले भावी नीति निर्मातालाई समेत सहयोग पऱ्याउने अपेक्षा मैले लिएको छु ।

## १.८ शोधको संरचना

यस शोधलाई व्यवस्थित र वैज्ञानिक रूपमा प्रस्तुत गर्नको लागि निम्न बमोजिमका परिच्छेदगत अध्यायहरूमा विभाजन गरिएको छ ।

**परिच्छेद एक : शोध परिचय**

यस परिच्छेदमा विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, अध्ययन विधि, पूर्वकार्यको समीक्षा, शोधको सीमा र शोधको रूपरेखा समावेश गरिएको छ ।

**परिच्छेद दुई : राजनीतिक सहभागिताको अर्थ र परिभाषा**

यस परिच्छेदमा परिचय, अर्थ र परिभाषा, राजनीतिक सहभागिताको अवधारणा र विकास, राजनीतिक सहभागिता, राजनीतिक सहभागीतमा प्रभाव, राजनीतिक सहभागिताको महत्त्व, राजनीतिक सहभागिताका रूपहरू, विश्व राजनीतिमा महिला सहभागिता, दक्षिण एशियाली देशमा महिला सहभागिता र नेपालमा निर्वाचनगत महिला सहभागिताजस्ता विषय सामवेश गरिएको छ ।

**परिच्छेद तीन : नेपालको राजनीतिमा महिला सहभागिता**

यस परिच्छेदमा राजनीतिक स्थिति, नेपालमा महिला आन्दोलन, आम निर्वाचन तथा स्थानीय निर्वाचनमा महिला सहभागिता जस्ता विषय समावेश गरिएको छ ।

**परिच्छेद चार : डोल्पा जिल्लामा महिला सहभागिताको अवस्था**

यस परिच्छेदमा डोल्पा जिल्लाको परिचय तथा स्थानीय तहको निर्वाचन २०७४ मा डोल्पा जिल्लाको महिला सहभागिताको विवरण प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँच : माहिला सहभागिता समस्या र समाधान**

यस परिच्छेदमा परिचय, राजनीतिमा महिला सहभागिता न्यून हुनाका कारणहरू तथा डोल्पा जिल्लामा महिला सहभागिताको प्रभाव जस्ता विषयहरू समावेश गरिएको छ । साथै सहभागितामा देखिएका समस्याको समाधानका उपायहरु समेत यसै परिच्छेदमा उल्लेख गरिएको छ ।

**परिच्छेद छ : सारांशर निष्कर्ष**

अन्त्यमा, यस परिच्छेदमा समग्र शोधको सारांशर निष्कर्ष प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# सैद्धान्तिक अवधारणा

## २.१ परिचय

कुनै पनि देशको सफल राजनीतिक व्यवस्थाको मेरुदण्ड भनेको राजनीतिमा सबै जनताको पहुँच हुनु हो । जब राजनीतिमा सबैको सहभागिता हुन्छ तब राज्यका सम्पूर्ण कार्यमा सकारात्मक रूपमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यो नै लोकतन्त्रको आधार स्तम्भ हो । मानिस यस पृथ्वीमा पदार्पण गरेपछि बाँचुन्जेलसम्म प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीतिका कुनै न कुनै पक्षसँग सम्बन्धित भएकै हुन्छ । राजनीति शास्त्र भनेको शास्त्रको पनि शास्त्र हो । यस अर्थमा यो सबैभन्दा मूल शास्त्र पनि हो । राजनीतिक शास्त्रले राज्यका सम्पूर्ण अङ्गहरू जस्तै कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका लगायत राज्यका नीति, नियम, योजना, संघ, संस्था, संगठन, वैदेशिक सम्बन्ध आदिमा गहिरो प्रभाव पारेको पाइन्छ । मानव समाजको कुनै पनि व्यक्ति राजनीति क्षेत्रबाट छुट्टै रहन सक्दैन ।

राजनीति क्षेत्रमा जन सहभागितापूर्ण राजनीतिलाई महत्त्वपूर्ण र अत्यावश्यक तत्त्वको रूपमा लिइएको हुन्छ । कुनै पनि व्यक्ति समाजको मूल्य, मान्यता, विश्वास, धारणा र दृष्टिकोणलाई अलग राखेर राजनीतिक पद्धतिको क्षेत्राधिकार बाहिर बस्न सक्दैन । जनताद्वारा निर्वाचित भएका जनताका प्रतिनिधिहरूले जनताहरूलाई देशमा आवश्यक पर्ने ऐन, कानुन नीति नियमहरूको निर्माण गर्छन् । कुनै पनि देशका जनताले आफ्नो लागि आवश्यक पर्ने नियम कानुन आफैद्वारा निर्वाचित प्रतिनिधिले बनाउने र आफुद्वारा आफैमाथि शासन आफै गर्ने पद्धति नै प्रजातन्त्र हो (पोखेल, २०५९) । प्रजातन्त्रको मुल्य र मान्यता पनि यही हो । कुनै पनि देशको नीति निर्माण गर्ने सवालमा जनताको संलग्नता रहने कुराहरू नै प्रजातन्त्रको मूल्य मान्यता हो । रवर्ट ए दाहालले प्रजातन्त्रको बारेमा आफ्नो पुस्तकमा लेखेका छन् "प्रजातन्त्रका बारे विगत पच्चिस सय वर्षको अवधिमा अनेकौं अवसरहरूमा विभिन्न छलफलहरू भएका छन् । सबभन्दा पहिलो ग्रीक र युनानको शासनमा जन सहभागिताको प्रयोग भएको पाइन्छ । यसको प्रभाव र प्रचार प्रसारको कारणले गर्दा जनचेतना बढ्दै गयो । यसबाट के बुझिन्छ भने प्रजातन्त्र सम्बन्धी छलफल नयाँ विषयवस्तु होइन । उनले आधुनिक राजनीतिक विश्लेषणमा राजनीतिक सहभागितालाई, "व्यक्तिमा निहित राजनीतिक सहभागिताको मात्रालाई हेरेर नै राजनीतिक

प्रणालीको सीमाभित्रको मानिसलाई राजनीतिप्रति उदासिन, राजनीतिमा सहभागी, शक्ति आकाँक्षी र शक्तिशाली भनी वर्गीकरण गरेका छन्" (मगर, २०६८) । महेन्द्र राज काफ्ले, चित्र कृष्ण तिवारी, सुशील पाण्डे आदिले आफ्नो अनुसन्धानको क्रममा राजनीतिमा महिला सहभागिताका बारेमा अनुसन्धान गरी लेखहरू प्रकाशित गरेका छन् । नर्मल एच निई र सिड्नी भर्वाले "राजनीतिक सहभागिता आम जनताका त्यस्ता गतिविधि हुन्, जुन विधि सम्वत् ढंगले गरिन्छन् । जसको उद्देश्य राजनीतिक पदाधिकारीको चयन हो भनेका छन् । साथै निर्वाचित प्रतिनिधि भएकोले निर्णयलाई आफ्नो अनुकुल प्रभावित गर्नु रहेको हुन्छ" ( ज्ञवाली, २०६०: २५) ।

सबभन्दा पहिले ग्रीक र युनानको शासनमा जन सहभागिता प्रयोग भएको पाइन्छ । यसको प्रभाव र प्रचार प्रसारको कारणले गर्दा जनचेतना बढ्दै गयो । यसबाट के बुझिन्छ भने प्रजातन्त्र सम्बन्धी छलफल नयाँ विषयवस्तु होइन । राजनीतिमा जनसहभागिता गर्दा देशमा असल शासन संचालन गर्न र जनतालाई मौलिक हक अधिकारहरूको प्रयोग गर्ने निर्देशित गर्दै आएको छ । यस सम्बन्धमा सन् १२१५ को विश्वको नै पहिलो नागरिक अधिकार सम्बन्धी घोषणाको दस्तावेज म्याग्नाकार्टा भन्ने गरिएको छ । सन् १६८८ को बेलायतको गौरवमय क्रान्ति पछि विश्वमा भएको संविधानवादको सफलताको मुख्य निर्धारक तत्त्व नै राजनीतिक सहभागिताको सफल रूप मान्न सकिन्छ ।

नेपालको सन्दर्भमा २००७, २०१५, २०१७, २०३५, २०३६, २०४६, २०६२/२०६३ का घटनाक्रममा प्राप्त परिणाम र भएको  परिवर्तन राजनीतिक सहभागिताको सफल रूप मान्न सकिन्छ । राजनीतिक सहभागिताले नै मुलुकमा शासन संचालन गर्नको लागि आवश्यक पर्ने कानुन निर्माण गर्न लगायत महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सहभागिता विनाको प्रजातन्त्र, प्रजातन्त्र नै हुन सक्दैन । कुनै पनि व्यवस्था प्रजातान्त्रिक छ छैन भनेर छुटाउने आधार नै राजनीतिक सहभागिता हो । राजनीतिक सहभागिता भनेको राजनीतिक क्रियाकलापका क्षेत्रमा समाजका व्यक्ति र समुहहरूको संलग्नता हो । देशका नागरिकहरू शासन व्यवस्थामा सक्रिय सहभागी हुनु नै लोकतन्त्रको अर्थ हो । जनताको प्रत्यक्ष राजनीति नै नागरिकको राजनीतिक सहभागिता हो । राजनीति रूपमा सहभागी हुने, संगठन निर्माण गर्न, चुन्ने र चुनिने, मत दिने, संघ संगठन खोल्ने, नीति निर्माणमा भाग लिने आदि क्रियाकलाप राजनीतिक सहभागिता भित्र पर्दछन् । आधुनिक राजनीति पद्धतिमा जनतको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा ईच्छा र आकाङ्क्षाको प्रतिनिधित्व भएको  हुनुपर्छ । जन

प्रतिनिधिहरूद्वारा देशको ऐन, कानुन तथा नीति नियमहरू समेत बनाई लागु गर्ने क्रममा जनताहरूले जति बढी राजनीतिमा सहभागिता जनाउँछ त्यति नै मात्रामा प्रजातन्त्रको विकास हुन्छ भन्ने मान्यता छ ।

## २.२ अर्थ र परिभाषा

प्रजातन्त्र प्रतिस्पर्धात्मक राजनीतिक व्यवस्था हो । शासनमा जनताहरूको सहभागिता भन्नाले ऐन, कानुन, नीति, नियम, निर्माणका क्षेत्रमा जनताहरूको सहभागितालाई जनाउँछ । तसर्थ जनताहरूको भौतिक शरीरको उपस्थितिलाई मात्र सहभागिता ठानी कुनै पनि विषयवस्तुको निर्णय प्रक्रियामा उनीहरूको धारणा र सोचले कस्तो स्थान पायो, प्रभाव पार्‍यो या पारेन, नीतिगत तहमा भूमिका के कस्तो भयो ? जनसहभागिताले प्रमाणित गर्नु पर्ने हुन्छ । जनताहरूले समाज र देशका आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, धार्मिक, सांस्कृतिक विकासका सवालमा समेत सहभागी हुने र योजना बनाउने देखि कार्यान्वयन गर्ने र मूल्याङ्कन गर्ने तथा समस्याको पहिचान गर्ने आदि प्रक्रियामा निर्णायक भूमिका भएमा मात्र पूर्ण सहभागिता मान्न सकिन्छ ।

जन सहभागिताबाट नै सुशासनमा टेवा पुग्ने, प्रजातन्त्र फस्टाउने हुँदा राजनीतिमा जनसहभगिता अपरिहार्य देखिन्छ । त्यसैले राजनीतिक सहभागिताका सम्बन्धमा विभिन्न विद्वान्का विचार तथा शब्दकोशमा दिईएका अर्थ र परिभाषालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**वृहत नेपाली शब्दकोश :** "राजनीति भन्नाले प्रजाको शान्ति सुरक्षा कायम गर्ने मौलिक अधिकारको कदर गर्ने भन्ने बुझिन्छ भने सहभागिताको अर्थ कुनै काम कुरामा सहभागी भएर काम गर्ने प्रक्रिया वा अवस्था, अरुको साथ मिलेर काम गर्ने अवसर वा अधिकार भनी उल्लेख गरिएको छ" (नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५०: ११२३) ।

**कृष्ण पोखरेल :** "राजनीतिक रूपले जुनसुकै क्रियाकलापमा संलग्नता नै राजनीतिक सहभागिता हो" (पोखरेल, २०५०: १७८) ।

नेपाली महिलाहरूको राजनीतिक सहभागिता विगतमा कस्तो थियो ? वर्तमानमा कस्तो रहेको छ ? तुलनात्मक रूपमा परिवर्तन भएको छ कि छैन भन्ने कुराको विश्लेषण गर्ने र राजनीतिक क्रियाकलापमा भाग लिने प्रक्रिया नै राजनीतिक सहभागिता हो ।

त्यसैगरी देशको राजनीतिक क्रियाकलापमा प्रभाव पार्ने गरी जनताद्वारा गरिएका क्रियाकलापहरूलाई राजनीतिक सहभागिता भनिन्छ । जनताका ती कार्यहरू जसले राजनीतिक पदाधिकारीको छनोट तथा सार्वजनिक नीति निर्माण प्रक्रियामा प्रभाव पार्दछ भने यस्ता कार्यहरू वैधानिक वा अवैधानिक, हिंसात्मक वा अहिंसात्मक, सरकारको विरोध वा समर्थनमा समेत हुन सक्दछ, यस्ता सबै कार्यहरू राजनीतिक कार्य भन्ने बुझिन्छ ।

यी माथिका परिभाषाहरूबाट के निष्कर्ष निकाल्न सकिन्छ भने लिङ्ग, वर्ग, जातिको आधारमा कुनै भेदभाव नराखी समान रूपले राजनीतिक क्रियाकलापमा सहभागी हुनु वा भाग लिन पाउनु नै राजनीतिक सहभागिता हो ।

## २.३ राजनीतिक सहभागिताको अवधारणा र विकास

सहभागिता भनेको कुनै पनि सवालमा संलग्न हुने भन्ने बुझिन्छ भने राजनीतिक अर्थमा भन्नुपर्दा कुनै पनि राजनीतिक कार्यमा भाग लिने भन्ने बुझिन्छ । कुनै पनि कार्यमा सहभागिता जनाउन सचेतनाको आवश्यक हुन्छ । जति बढी चेतनाको विकास भयो त्यति बढी सकारात्मक काममा सहभागी हुनु मानवीय विशेषता नै हो । फरक फरक मुलुकमा सहभागिताको अवस्था फरक फरक हुन्छ । चेतना, सहभागिता र विकास एक आपसमा सम्बन्धित हुन्छन् । राज्यका हरेक क्षेत्रहरू जस्तै सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र राजनीतिक क्षेत्रहरूमध्ये कुनै एक क्षेत्रमा भएको चेतनाले अन्य क्षेत्रमा समेत सहभागिता वृद्धि गर्दछ । जब मानिस समाजमा बस्न थाल्यो त्यस बेलाबाट नै जानेर वा नजानेर भए पनि राजनीतिक रूपमा सहभागी हुँदै गयो । जनतामा जति बढी राजनीतिक चेतनाको विकास हुँदै गयो त्यति बढी मात्रामा राजनीतिक सहभागिता वृद्धि हुँदै गयो । विकसित, अर्ध विकसित, विकासोन्मुख र अविकसित मुलुकहरूमा राज्यका संयन्त्रहरूमा हुने सहभागिता फरक फरक हुँदै गए । जन सहभागिताको दृष्टिकोणले हेर्दा स्विजरल्याण्डलाई एक आदर्श मुलुकको रूपमा हेर्न सकिन्छ । त्यहाँ राज्यका महत्त्वपूर्ण सवालमा आवश्यकता अनुसार जनमत सङ्ग्रह नै गराइन्थ्यो र हालसम्म पनि उक्त प्रक्रिया कामय नै छ । विगतमा राज्यका महत्त्वपूर्ण पद र निकायमा नियुक्ति समेत जनमत सङ्ग्रहद्वारा गराइन्थ्यो । यतिसम्म कि न्यायधिसको नियुक्ति समेत जनमत सङ्ग्रहद्वारा गरिन्थ्यो । प्राचीन ग्रिस राज्यमा राज्यका महत्त्वपूर्ण सवालमा राज्यका सचेत नागरिकहरू एक ठाउँमा बसेर सामुहिक छलफलबाट निर्णय गरी लागु गर्दथे । तर त्यही नागरिकको दर्जामा नपरेका दासहरू, सामान्य पुरुषहरू

र महिलाहरूले भने छलफलमा भाग लिन पाउँदैनथे । गौतम बुद्धले उनलाई पालनपोषण गर्ने महा प्रजापति गौतमीलाई भिक्षुणीका रूपमा संघमा प्रवेश दिई समानता दिएको देखा पर्दछ (शिवाकोटी, २०६५) । राजनीतिक सहभागिताको इतिहासलाई हेर्ने हो भने राजा जोनको शासनकाल अत्यन्त महत्त्वपूर्ण देखिन्छ । सन् १२१५ मा बेलायतका राजा जोनको पालामा घोषणा भएको म्यानाकार्टामा राज्यका मुख्य दुई वटा मौलिक सिद्धान्तहरूको उल्लेख गरेको पाइन्छ । "राज्यमा कानुनको जनता अथवा समुदायसँग सम्बन्धित अधिकारको समुह हुन्छ । जसलाई सम्मान गर्न राज्य बाध्य पारिने छ" (सापकोटा, २०७०) । यी कुरालाई हेर्दा त यहाँ सैद्धान्तिक साथै व्यवहारिक रूपमा समेत मान्यता दिएको पाइन्छ । यस घोषणाले जनताको अधिकार र ईच्छा विपरित जाने तत्कालीन राजा जेम्स द्वितीयलाई भागी फ्रान्स जान बाध्य बनायो र जनताद्वारा जनताकै पक्षमा सम्झौता गरी विलियम र मेरीलाई राजगद्दीमा राख्न सफल भए । यसैलाई विश्व इतिहासमा अधिकार पत्र भनिन्छ ।

यस घटनाले राज्यमा शासन सम्बन्धी देवी अधिकारको सिद्धान्तलाई स्पष्ट पार्दै संसदलाई बढी शक्तिशाली बनायो । लेख्छन् "लोकमतको विरुद्ध राजा जान सक्दैनन्" अर्थात् उदासिन प्रणालीलाई ध्यानमा राख्ने हो भने जनताको ईच्छा विपरीत कुनै पनि शासनले शासन गर्न सक्दैन । यस घटनाले संसारका शासक तथा शासितहरू सबैका आँखा खुलाई दियो । यसले उदाहरणको रूपमा विश्वका अन्य ठाउँमा समेत स्थान लिन पुग्यो । कहिल्यै घाम नअस्ताउने देश भनेर परिचित विश्व सम्राज्यको नाईके बेलायतको विरुद्धमा उपनिवेशको रूपमा अमेरिकाली जनता समेतले औपनिवेशिक शासनबाट मुक्त हुने स्वतन्त्रताको लागि सन् १९७६ मा हतियार उठाउन थाले । जसको कारणबाट बेलायती सेना र अमेरिकी जनताबीच सन् १७८३ सम्म युद्ध चल्यो । अन्ततः अमेरिकी जनताको विजयी भयो । यसै घटनालाई अमेरिकी इतिहासमा अमेरिकी स्वतन्त्रता सङ्ग्राम भनिन्छ । यसै स्वतन्त्र अभियानको परिणाम स्वरूप विश्वमै पहिलो लिखित संविधान सहितको संघीय राज्य निर्माण हुन पुग्यो । अमेरिकी स्वतन्त्र अभियानमा मात्र सीमित नरही फ्रान्सेली सेना पनि सहभागी भएकाले अमेरिकी स्वतन्त्र अभियान अमेरिकामा मात्र सीमित नरही फ्रान्सका जनतालाई पनि अगाडि बढ्ने प्रेरणा दियो । फलस्वरूप सन् १७८९ मा फ्रान्सेमा राज्य क्रान्ति भयो ।

यस क्रान्तिले स्वतन्त्रता, समानता र भातृत्वको स्वर गुन्जायो । यसै क्रान्तिको फलस्वरूप सन् १९९१ मा त्यहाँको संविधान सभाले १७ धारा भएको संविधान घोषणा गर्‍यो

। जसले सबै मानिसहरूलाई हरेक समयका लागि हरेक देशका लागि र विश्वलाई नै एउटा दृष्टान्तका रूपमा काम गऱ्यो । प्रत्येक मानिस समान रूपले जन्मिछ र सबैसँग समान अधिकार छन् । यस क्रान्तिले सबैलाई एउटै खाले समानता र अधिकार रहन्छ भनी संसारलाई आँखा खुलाई दिएको पाइन्छ । जनतको आन्दोलन स्वरूप सन् १७८९ मा फ्रान्समा राज्य क्रान्ति सफल भयो । यसै क्रान्तिले गर्दा सन् १७९१ मा त्यहाँको संविधान सभाले प्रत्येक मानिस समान रूपमा जन्मन्छन् र सबैको समान अधिकार हुन्छ । सुबास चन्द्रवोस लगायत विश्वका दार्शनिकहरूका बौद्धिक दर्शन र भनाइहरूको संयुक्त मन्थनबाट सहभागितामूलक राजनीतिक अवधारणाको विकासमा थप सहयोग पुगेको पाइन्छ । विश्वमा पछाडि परेको देशको सूचीमा गनिने चीनमा १९४९ मा जनवादी क्रान्ति भयो । जुन क्रान्तिमा महिला वा पुरुष, धनी वा गरिव सबै समान रूपमा होमिए र क्रान्ति सफल भई चीनमा गणतन्त्र नै स्थापना हुन पुग्यो । यसरी महिला वा पुरुष, धनी वा गरिब सबै समान रूपमा सहभागी भएर सम्पन्न गरेको यो सफल क्रान्तिले राजनीतिक सहभागिताका बारेमा जनतालाई एक स्तरमाथि पुऱ्यायो । परिणाम स्वरूप दोस्रो विश्व युद्धमा पराजयसँगै साम्राज्यवादीहरूले आफ्नो साख र प्रभावलाई कायम गर्नेसुरक्षित अवतरणको बाटो अपनाउन थाले । परिमाणत धेरै स्वतन्त्र राज्यहरूको जन्म गरायो । राजनीतिक यात्रा सफल हुन समाजमा जनताका साथै महिला र पुरुषको समान सहभागिता हुन अत्यन्त आवश्यक हुन्छ । यसै सन्दर्भमा वि.पी. कोईरालाको विचार यहाँ उल्लेख गर्न सान्दर्भिक हुन्छ । उनले राजनीतिक यात्रामा हिड्दा कृष्ण प्रसाद कोईरालाले आफ्नी पत्नी दिव्या कोईरालाबाट कस्तो किसिमको व्यवहार पाएका थिए ? उनी कतिसम्म सफल भएका थिए भन्ने तर्क औंल्याउँदै भनेका थिएकी, पिताजी (कृष्ण प्रसाद कोईराला) को अभियान उत्साहलाई बुझ्ने आमा ( दिव्या) हुनुहुन्थ्यो । आमालाई पिताजीको हरेक कदम सही लाग्दथ्यो । दिव्या कोईराला कृष्ण प्रसाद कोईरालालाई प्रोत्साहन दिने मात्र काम नगरेर नारीमाथि लागेका सामाजिक बन्धन तोड्नु पर्छ भनेर परिवारभित्र बहस समेत गर्नु हुन्थ्यो भनेर दिव्या राणा खत्रीले आफ्नो शोधपत्रमा उल्लेख गर्नु भएको  छ । सन्  १९४७ मा अङ्ग्रेजबाट भारत स्वतन्त्र भएपछि अङ्ग्रेजको भरमा अडेको नेपालको तत्कालीन जहाँनिया राणा सरकारको पनि १०० वर्षभन्दा पुरानो जग हल्लिन सुरु भयो साथै २००७ फाल्गुण ७ गते सदाको लागि राणा शासनको अन्त्य भयो ।

## २.४ राजनीतिक सहभागिता

विश्वका कुनै पनि देशमा राजनीतिमा जनताको पूर्ण सहभागिताको परिकल्पना गर्न सकिदैन । तर सत्य कुरा के हो भने बढी सक्षमसमाज भएको देशमा राजनीतिक सहभागिता बढी हुन्छ । कम सक्षम समाज वा देशमा राजनीतिक क्रियाकलाप पनि कम हुन्छ भने जनसहभागिता पनि कम हुन्छ । राज्यका नागरिकहरूको चेतना स्तर समान हुँदैन । मानवीय क्रियाकलापमा विविधता भए जस्तै चेतनामा पनि विविधता हुन्छ । विश्लेषणात्मक रूपमा हेर्ने हो भने एक तह राजनीतिमा अति उदासिन हुन्छ, जसलाई राजनीति के हो ? किन गर्ने ? कसको लागि गर्ने ? गर्दा के हुन्छ ? नगर्दा के हुन्छ ? सरोकार हुँदैन । अर्काथरी जनता भनेका शक्ति प्राप्त गर्नका लागि लालयित हुन्छन्, तर शक्ति प्राप्त भने सहजै गरेका हुँदैनन् । राजनीतिक तहका मानिसहरूमा राजनीतिक क्षमता समेत हुन्छ । राजनीतिक अवस्थामा विगत कस्तो थियो ? वर्तमान कसरी चलेको छ ? भविष्यमा कसरी अगाडि बढ्ने छ ?: भन्ने कुराको सामान्य विश्लेषण गर्न सक्छ । अर्को पक्ष शक्ति सम्पन्न पक्ष हो । यो पक्षले सामान्यतया शक्तिको प्रयोग समेत कसरी गर्ने ? कहाँ गर्ने ? कहिले उपयुक्त समय हो ? सबै कुराको राम्रो हेक्का राखेको हुन्छ । राजनीतिका बारेमा अलि सचेत मानिसले मनोवैज्ञानिक रूपबाट नै आफुलाई सरकारी  क्रियाकलापमा संलग्न भएको सम्भन्छ ।

रवर्ट डाहलका अनुसार “कुनै पनि व्यक्तिले त्यस कारणले राजनीति गर्न चाहन्छ, पहिलो कारणमा मानिस राजनीतिका माध्यमबाट शक्तिशाली हुन चाहन्छन् । दोस्रो कारणमा आफ्नो आत्म संरक्षण र हित चाहन्छ । तेस्रो कारणमा मानिसले उक्त क्रियाकलापमा भाग लिएर आफ्नो पारेको हुन्छ । यदि मानिसले अरु कामको तुलनामा राजनीतिमा भाग लिएर प्राप्त गर्ने उपलब्धिको मूल्य कम हुने महशुस गरेमा, प्रभावकारी रूपमा देखाउँन सकिंदैन जस्तो लागेमा, राजनीतिमा भाग नलिईकन पनि भाग लिए सरह वा बढी उपलब्धि लिन सकिन्छ भन्ने सोचमा, आफ्नो राजनीतिक ज्ञान आवश्यक भन्दा कम भएको र राजनीतिमा लाग्दा बाधा अड्चनहरू बढी आई लाग्छन् भन्ने महशुस गरेमा ऊ राजनीतिमा नलाग्न सक्छ । यस्तो अवस्था देखिनु मानिसको ईच्छा, आकांक्षा, चाहना आदिमा भएको विविधताले गर्दा नै हो ।” राजनीतिक सहभागिताको प्रकृतिका बारेमा सी.वी.गेन लेख्छन् “व्यक्तिको एक विशेष प्रकारको गतिविधि अथवा उसको राजनीतिक कार्य नै राजनीतिक सहभागिता हो” ( दाहाल,१९७२: ४१६) ।

## २.५ राजनीतिक सहभागितामा प्रभाव

राजनीतिक सहभागिता आफै वृद्धि भएर जाने होइन, यसलाई प्रभाव पार्ने तत्त्वहरू धेरै छन् । उक्त तत्त्वको प्रभावको आधारमा सहभागिता बढ्दै जान्छ । कुनै पनि समाजको राजनीतिक प्रणालीमा जन सहभागितालाई प्रभाव पार्ने विभिन्न तत्त्व मध्ये सामाजिक सांस्कृतिक तत्त्व एक हो । यस तत्त्वमा मुख्यतया लिङ्ग पर्छ । यसको अतिरिक्त व्यक्तिको शिक्षा, जीवनस्तर, बसोबास आदिको प्रत्यक्ष प्रभाव परेको हुन्छ । समाजमा जो बढी सचेत छ ऊ बढी सामाजिक क्रियाकलापमा सहभागी हुन्छ भने कम सचेत मानिस उक्त क्रियाकलापमा कमै सहभागी हुन्छन् । सहभागिताको स्तर देशको विकासको अवस्थामा समेत भर पर्छ । कम विकसित मुलुकमा पुरुषको तुलनामा सामाजिक सांस्कृतिक सवालमा महिला कमै सहभागी भएका हुन्छन् भने विकसित मुलुकमा खुला तथा उदार सामाजिक राजनीतिक प्रणाली र संस्कार अवलम्बन गरेका कारण उक्त सवालमा कम विकसित मुलुकको तुलनामा महिला सहभागिता बढी नै हुन्छ । पितृसत्तात्मक सामाजिक व्यवस्था भएको समाजमा महिला सहभागिता अझै न्युन हुन्छ । सहर र गाउँको तुलना गर्ने हो भने जुनसुकै मुलुकमा पनि गाउँमा भन्दा सहरमा जन सहभागिता बढी हुन्छ । साथै गाउँमा भन्दा सहरमा शिक्षा,स्वास्थ्य उपचार, चेतनास्तर केही माथि हुन्छ । जसका कारण सामाजिक कुरीति र कुसंस्कारको जालो केही पातलो हुन्छ । जुन जालोलाई जनताहरूले सहज रूपमा छिचोलेर बाहिरी जगत्को सम्पर्कमा आएका हुन्छन् ।

## २.६ राजनीतिक सहभागिताको महत्त्व

राजनीति गर्ने भनेको सचेत मानिसहरूले खेल्ने भूमिका हो । जुन राज्यको वर्तमान र भविष्यसँग गाँसिएको हुन्छ । समाज सही तरिकाले परिचालित हुनको लागि राजनीतिक क्षेत्र सही प्रक्रियाबाट चलेको हुनु पर्छ । जबसम्म राजनीतिक व्यवस्था सही तरिकाले चलेको हुँदैन तबसम्म समाज सही तरीकाले चल्न सक्दैन । समाज सही तरिकाले चल्न नसकेपछि देश समेत सही तरिकाले हाँक्न सकिँदैन । कुनै पनि समाजका आफ्नै मूल्य मान्यता र आर्दशहरू हुन्छन् । ती आदर्श र मान्यतालाई कायम राख्नको लागि राजनीतिक व्यवस्था असल हुनु पर्छ । मुलको पानी सङ्लो भएमा कुलो सङ्लो हुन सक्छ तर मुल नै धमिलो भएपछि कुलोमा सङ्लो पानीको परिकल्पना गर्न मुस्किल हुन्छ । राज्यमा राजनीतिक व्यवस्थामा जति बढी सक्षम मानिसहरूको सहभागिता हुन्छ, त्यति नै बढी राज्य सफल र

सक्षम हुन्छ । नेकपा एमालेका दिवंगत नेत्री साहाना प्रधानका अनुसार, जबसम्म राजनीतिमा महिलाको संख्या बढ्दैन तबसम्म नीति निर्माण तहसम्म उनीहरूको पहुँच कमै मात्र हुन्छ । त्यसकारण नीति निर्माणका तहमा धेरै संख्यामा सहभागी हुन आवश्यक हुन्छ ।"

## २.७ राजनीतिक सहभागिताका विभिन्न रूपहरू

राजनीतिक रूपमा सहभागी हुनको लागि फरक फरक समय, स्थान, परिवेश, माध्यम र निकायहरू पनि फरक फरक हुन सक्छन् तर जे जस्तो भए पनि यी सम्पूर्ण रूपहरूको दायित्व भने बढीभन्दा बढी मानिसहरूलाई राजनीतिक रूपमा सहभागी गराउनु नै हो । अतः यहाँ राजीतिक सहभागिताका विभिन्न रूपहरूको विषयमा संक्षिप्त चर्चा गरिएको छ ।

### निर्वाचन

निर्वाचन भनेको राजनीतिक सहभागिताको अवस्था बारेमा जानकारी गराउने एक महत्त्वपूर्ण सुचक हो । सामान्य रूपमा सम्पूर्ण मतदातामध्ये कम्तिमा पनि ५१ प्रतिशत मतदाताले मतदान गरेको हुनु पर्छ भन्ने मान्यता हुन्छ । जति बढी मतदाताले मतदान गर्छन्, त्यति बढी राजनीतिक सहभागिता छ भन्ने बुझिन्छ । मतदानमा जनता कम सहभागी हुन्छन् भने प्रजातन्त्रको पनि विकासमा अवरोध भएको हुन्छ र राजनीतिक सहभागिताको अवस्था कमजोर छ भन्ने बुझिन्छ । विगतमा पूर्व राजा ज्ञानेन्द्र शाहले गराएको नगरपालिकाको चुनावमा कतिपय मतदान केन्द्रमा मतदान सून्य नै हुनु र त्यसको लगत्तै जनआन्दोलन सुरु हुनुलाई एक उदाहरण मानिन्छ । निर्वाचन नै मुख्य रूपमा प्रजातन्त्रको मूल्य र मान्यताको द्योतक हो । सी.वी. गेन भन्छन् वास्तवमा राजनीतिक सहभागिताको मुल मन्त्र नै व्यक्तिको भोट दिने अधिकार हो । जबसम्म व्यक्तिले निर्वाचनमा स्वतन्त्र रूपमा आफ्नो मतदानको प्रयोग गर्न पाउँदैन तबसम्म उसले राजनीतिका अन्य गतिविधिहरूमा राम्रो सहभागिता जनाउन सक्दैन ।

### दबाब समूह

दबाव समूह भन्नाले सीमित उद्देश्य र सदस्यहरू भएको एक अस्थायी समूह हो । टर्नरले दवाव समुहलाई सार्वजनिक नीतिलाई प्रभावित तुल्याउने गैर राजनीतिक समूह मानेका छन् । उनले भनेका छन् "Pressure groups are non pratisanorganization which attempt to influence same phase of public policy" डा. राम कुमार दाहालका अनुसार : "दबाव समुहले विभिन्न प्रविधिहरूको प्रयोग गर्छन्, जसमा संसदलाई प्रभाव पार्ने, हडताल, बन्द घेराउ, गान्धिवादी अन्य अहिंसात्मक उपयाहरू तथा आतंकवादी विध्वंसात्मक क्रियाकलाप आदि पर्दछन्" (डाहल, २०६७: ३५२) । दबाव समुह यस्तो मानवीय जमात हो, जुन तत्कालीन रूपमा समान उद्देश्य प्राप्तिको लागि एकजुट भएका हुन्छन् । उनीहरूमा दिगो लक्ष्य तथा उद्देश्य भने हुँदैन न त खास सिद्धान्त नै । समान उद्देश्य प्राप्तिको निम्ति केही समयको लागि भएको छोटो समभ्रूदारी हो । कुनै एक पक्षले कुनै अर्का पक्षसँग दबावमुलक गतिविधिबाट आफ्ना माग पूरा गराउनु नै मुख्य मूल्य र मान्यताहरू हुन । यिनै मान्यताका आधारमा आफ्ना मागहरू पुरा गराउन अधिकतम प्रयत्न गर्दछन् र सरकारी सेवामा समेत प्रभाव पारेका हुन्छन् ।

### सञ्चार र सम्पर्क

सञ्चार र सम्पर्क भनेको एक आपसको सामिप्यता हो । मानिस एक सामाजिक प्राणी हो तर आपसी सम्पर्क विना ऊ सामाजिक ठहरिन सक्दैन । जस्ताको सङ्गत गऱ्यो उस्तै हुन्छ भने जस्तो राजनीतिज्ञको संगतले सामान्य मानिस पनि राजनीतिक रूपमा सचेत हुने अवसर पाउँछ । राजनीतिक सम्पर्क बढाउने क्रममा मुख्य भुमिका राजनीतिक सञ्चारले लिएको हुन्छ ।

### असहयोग

राजनीतिक सहभभागिताको अर्को अति महत्त्वपूर्ण पक्ष असहयोग पनि हो । भारतबाट अङ्ग्रेज धपाउ आन्दोलनमा गान्धीद्वारा स्वावलम्बन कार्यक्रम, चर्खा, अभियान, नेपालको सम्बन्धमा २०४६ सालको ४९ दिने जनआन्दोलनमा सरकारी कर्मचारीद्वारा सेवामा, पाईलटद्वारा, जहाज चलाउन, डाक्टरद्वारा उपचार गर्न गरिएका असहयोग काममा सहभागिता जनाउने जस्ता क्रियाकलापले आन्दोलनको सहभागितामा प्रभावकारिता बढाउने

काम भएको थियो । २०५२ फाल्गुनदेखि २०६२/०६३ को आन्दोलन सफल नभएसम्म माओवादीहरूद्वारा देशको विकास निर्माण लगायतका सबै क्षेत्रमा अवरोधको अभियान संचालन भयो । यसरी यी अभियान समेत संचालन गर्दा राजनीतिक सहभागिताको आधारमा नै भएको थियो ।

### बाहिरी प्रभाव र विद्युतीय माध्यम

आजको सन्दर्भमा राजनीतिक सहभागितामा प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्वमध्ये विद्युतीय माध्यम एक हो । रेडियो, टेलिभिजन, ईमेल, ईन्टरनेट जस्ता सामग्रीहरूको कारण पनि राजनीतिक सहभागितामा प्रभाव पार्दछ । आज एक शक्तिशाली कुनै पार्टीले काठमाडौंमा बसेर आन्दोलनको घोषणा गर्छ भने केही क्षणमा नै देशका विभिन्न भागमा त्यसको प्रभाव सुरु हुन्छ । पञ्चायती शासनको विरुद्ध विद्रोह गरेको नेपाली काँग्रेसका दुई आन्दोलनकारी भिम नारायण श्रेष्ठ र क्याप्टन यज्ञ बहादुर थापालाई फाँसी दिईएको घटनाको विरुद्ध तत्कालीन सरकारको विद्रोह गर्न चर्केको थियो । रेडियोबाट प्रसारण गरिएको घटनाको आधारमा पाकिस्तानका जुल्फिकर अली फर भुटोलाई फाँसी दिने निर्णयप्रति तत्कालीन पञ्चायत सरकारले समर्थन गर्दा २०३५/०३६ को आन्दोलनले नेपाली भूमिका थप उचाई लियो । नेपाली जनताहरू आन्दानेलनमा होमिए र सफल भए । जनमत सङ्ग्रहले स्थान पायो । त्यसपछि नेपालमा २०४५/०४६ सालको आन्दोलनले थप उचाई हाँसिल गऱ्यो । यसरी बाहिरी प्रभावका कारण पनि मानिसहरूमा राजनीतिक सहभागिताको अवस्थामा परिवर्तन ल्याई दिन सक्छ । विश्वमा भएका राजनीतिक परिवर्तनहरू समाचारको माध्यमबाट तरङ्गको रूपमा क्षण भरमा नै एक ठाउँबाट अर्को ठाउँमा फैलिएर गएको पाइन्छ ।

## २.८ विश्व राजनीतिमा महिला सहभागिता

मानव विकास एकै चोटी भएको होइन । विकासमा धेरै फड्को मारेर समाज यहाँसम्म आईपुगेको छ । जीवनको बढ्दो आवश्यकता पुरा गर्न पुरुषहरूको मात्र आम्दानीले धान्न नसक्ने भएपछि महिलाहरूले पनि अब केही गर्नु पर्छ भने धारणा विकास गरे । कारखाना र उद्योगको विकाससँगै श्रमिकको माग बढेपछि महिलाहरूले पनि घर बाहिरको काममा चासो राखी पुरुषसँग बाहिरी काममा सहभागी हुन थाले । तर उनीहरूको ज्याला साह्रै कम र समय अनिश्चित भएको कारणबाट सामुहिक समस्याको पहिचान गरी समस्या

समाधानमा ध्यान दिन थाले । महिलावादी अङ्ग्रेजहरूले महिलाका विरुद्धमा हुने दमन, अत्याचारको विरोधधमा समर्थनका आवाजहरू जुटाउँदै गए । सन् १७७९ मा सबभन्दा पहिलो वेलायतकी महिला Mery Wollstonecraft ले महिलामाथि भईरहेको दमनको विरोध गर्दै राज्यका हरेक निकायमा महिलाहरूको हकको माग गरिन् । महिलाहरूले पेटभरि रोटी खान पाउँ भनी माग गरी जुलुस निकाले । सन् १७९० मा अमेरिकन सर्जेण्ट मुर्रेले महिला र पुरुषको बीचमा समानता हुनु पर्ने बताएकी थिइन् । प्रथम विश्व युद्ध नसकिउन्जेलसम्म कहीँ पनि सम्पूर्ण वयस्कहरू मध्ये पुरै आधा संख्यालाई नागरिकहरूको सम्पूर्ण अधिकारहरूबाट वञ्चित गरिएको थियो । यस्ता व्यक्तिहरूमा महिलाहरू नै पर्दथे । यसबाट के प्रष्ट हुन्छ भने, राजनीतिक सहभागिताको त कुरै छाडौ देशको नागरिकमा समेत महिलाहरू गनिंदा रहेनछन् भन्ने कुरा स्पष्ट हुन्छ । रवर्ट ए डाहलका अनुसार सन् १८८४ पछि अधिकांश पुरुषहरूले मतदान गर्ने अधिकार प्राप्त गरे । सन् १८३२ मा आईपुग्दा नेदरल्याण्डका कपडा मजदुरहरूले सर्वप्रथम महिला र पुरुषको असमान ज्याला र असमानता विरुद्धमा आवाज घन्काउँदै दास प्रथा विरोधी समाजको गठन गरे । सन् १८४७ मा कार्ल मार्क्सको अगुवाईमा युरोपभरी छरिएर रहेका कम्युनिष्टहरूलाई एक सुत्रमा आवद्ध गरी कम्युनिष्ट लिगको गठन गरे । १८४८ मा विश्व कम्युनिष्ट घोषणापत्र तयार भयो । उक्त घोषणा पत्रमा महिला पुरुषको ईच्छानुसार चल्नु पर्दछ भन्ने विचार राखियो ।

सन् १८५७ मार्च ८ का दिन अमेरिकामा पहिलो पटक महिला श्रमिकहरूको कामको घण्टा निश्चित गर्न माग गर्दै महिलाहरूले प्रदर्शन गरे । क्रमशः कम्युनिष्ट पार्टीको कार्यक्रमको विस्तारसँगै महिलाहरूको श्रमिक संगठन बनाउने क्रम अगाडि बढ्यो । अमेरिका र युरोपका महिलाहरूले साठीको दशकमा ठूला ठूला प्रदर्शन गरे । सन् १८६४ मा पहिलो पटक अन्तर्राष्ट्रिय स्तरको International Works Women Association नामक महिला संगठनको निर्माण भयो । यो संगठनको पहिलो सम्मेलन सन् १८६६ मा भयो भने पहिलो अध्यक्ष वेलायतकी Henrietta Law लाई बनाईयो । त्यस सम्मेलनमा मार्क्सले प्रस्ताव राखेका थिए, जुन कम्पनी, कारखाना, कार्यालय र बस्तीमा ठूलो संख्यामा महिलाहरू कार्यरत छन्, त्यस ठाउँमा महिलाहरूको मात्र संगठन बनाई यिनीहरूलाई संगठित गरिनु पर्छ । उनीहरूको विकासको लागि आवश्यक थप गतिविधिको व्यवस्था गरिनु पर्छ । युगौदेखि पुरुषको तुलनामा पछाडि परेका महिलाहरूलाई अगाडि ल्याउन सहज वातावरण बनाउनु पर्छ । चेतनाको गतिसँगै १८८० सम्ममा महिला सम्बन्धी सामाजिक दृष्टिकोणमा

केही फरकपना आईसकेको थियो । तापनि पुरुषको तुलनामा महिलाहरू निरीह नै थिए । अगस्ट वेवेलको सन् १८८३ मा प्रकाशित महिला र समाजवाद नामक कृति मार्फत् र १८८४ मा एङ्गेल्सका परिवारको उत्पत्ति, निजी सम्पत्ति र राज्य नामको कृति प्रकाशित भयो । जसले शताब्दियौ देखि चल्दै आएको महिला माथिको दमन, शोषण र उत्पीडनको विरोधमा महिला मुक्तिको बाटोको रूपमा वर्गीय आन्दोलन र महिला आन्दोलन बीचको एकताको सही दृष्टिकोण अगाडि सार्ने काम गरे ।

रवर्ट ए डाहल भन्नु हुन्छ सन् १८८४ पछि अधिकांश पुरुषहरूले मतदान गर्ने अधिकार प्राप्त गरे । यसबाट के प्रष्ट हुन्छ भने शासकहरूबाट पुरुषहरूले महिलाहरूको अधिकार धेरै पहिलेबाट प्राप्त गरेका रहेछन् । सन् १८९१ मा जर्मन समाजवादी पार्टीले मार्क्सवादी कार्यक्रमबाट पारित गर्दै यौनिकताका आधारमा विभेद नगरी सबैका लागि समान राजनीतिक अधिकार र विभेदपूर्ण कानुनको अन्त्यको प्रस्ताव पारित गऱ्यो ।

मार्च ८, १८९७ का दिन महिलाको लागि उचित पारिश्रमिक र दिनको १० घण्टाको कामको माग गर्दै न्युयोर्कमा महिलाहरू आन्दोलनमा उत्रिए । ८ मार्च १९०७ मा समाजवादी महिलाहरूको पहिलो सम्मेलन जर्मनीमा सम्पन्न भयो । ८ मार्च १९०८ मा समान अधिकारको माग गर्दै न्युयोर्कमा महिलाहरूले ईतिहासमा नै ठुलो प्रदर्शन गरे । ८ मार्च १९०९ मा सिकाको शहरमा शक्तिका साथ व्यापक रूपमा हडताल र विशाल प्रदर्शन गर्दै सभामा उत्रिए । सन् १९१० मा पहिलो पटक निर्वाचित भएका फिनल्याण्डका तीन जना महिला संसदहरूका साथमा १७ देशका झण्डै १०० जना महिला राजनीतिक प्रतिनिधिहरू सामेल भई कोपनहेगनको दोस्रो सम्मेलनदेखि महिलाको पक्षमा बोल्ने संगठन निर्माण गरे । त्यस्तै दिनको १० घण्टा काम गर्ने भन्ने प्रस्ताव पारित भई १९९१ बाट ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउँदै आएको पाइन्छ । त्यसपछि अन्तर्राष्ट्रिय महिला संगठनबाट महिला अधिकारको बारेमा सशक्त आवाज उठाउँदै आएको पाइन्छ । महिला अधिकारको निम्ति विश्व महिला आन्दोलन दिवस मार्च ८ र महिला हिंसा विरुद्धको दिवस नोभेम्बर २५ अत्यन्तै महत्त्वपूर्ण छन् । महिला अधिकारको निम्ति भएका अन्तर्राष्ट्रिय सम्मेलनमा मेक्सिको घोषणा पत्र १९७५, कोपनहेगन घोषण पत्र १९८०, नौरवी घोषणापत्र १९८५, बेईजिङ घोषणा पत्र १९९५ ले विशेष महत्त्व राख्दछन् । साथै महिला सहभागिता बढाउन पनि विशेष भूमिका खेलेका छन् । हाल विश्वमा हेर्ने हो भने धेरै देशमा महिला कार्यकारी राष्ट्रपति भैसकेका छन् भने थुप्रै देशमा महिला कार्यकारी प्रधानमन्त्री

भैसकेका छन् । उदाहरणको रूपमा सन् १९५३ सेप्टेम्बर २३ मा विश्वकै पहिलो राष्ट्रपति मंगोलियामा सुहवातारिन यन्जमा भईन् भने जुलाई २१, १९६० मा विश्वको पहिलो महिला प्रधानमन्त्रीको रूपमा श्रीलंकाबाट सिरिमाओ बन्दरानाईके भईन् । राजनीतिक संस्कार कायम गर्दै सिरिमाओ बन्दनाराईकेकी छोरी चन्द्रीका बन्दरानाईके कुमारातुंगा राष्ट्रपति जस्तो गरिमामय पदमा आसिन भईन (कोइराला, २०६१: ५२) ।

हाल विश्वका करिव १५ राष्ट्रमा राष्ट्रपति महिला रहेका छन् जसमा भर्खरै नेपालको पहिलो महिला राष्ट्रपति विद्यादेवी भण्डारी दोस्रो पटक निर्वाचित भई विश्वका १५ औं महिला राष्ट्रपति हुन् भने पूर्व संविधान सभाको अध्यक्षमा ओन्सारी घर्तीमगर निर्वाचित भईकी थिइन् ।

## २.९ दक्षिण एशियाली देशका संसदमा महिला सहभागिता

दक्षिण एसियाली देशका संसदमा महिला प्रतिनिधित्वलाई हेर्दा सबभन्दा बढी २९.९१ प्रतिशत नेपालमा र त्यसपछि क्रमशः अफगानिस्थान, पाकिस्तान, वंगलादेश, भारत, भुटान, माल्दिभ्स र सबभन्दा कम श्रीलंकामा ५.८ प्रतिशत संसदमा प्रतिनिधित्व देखिन्छ । नेपालको साथसाथै दक्षिण एसियाका महिलाहरू राजनीतिमा मात्र नभई महिलासँग सम्बन्धित अन्य सवालमा समेत विश्वको तुलनामा अति नै पछाडि छन् । नेपाली राजनीतिको इतिहासमा फर्केर हेर्दा राजा जयरुद्र मल्लकी छोरी नायकदेवी मल्ल विक्रम सम्वत् १३८५ मा राजगद्दीमा बसिन् । नेपाली इतिहासमा पहिलो महिला शासक पनि यिनै हुन् । नेपाली महिलाहरूको चेतनास्तर अन्य देशको तुलनामा ज्यादै पछाडि थियो । यसको प्रमुख कारण भनेको शिक्षाको अवसर नपाउने पनि हो । नेपाली महिलाहरूले विक्रम सम्वत् १९९० बाट मात्र सीमित रूपमा केही अधिकार प्राप्त गरेका थिए । जवकी अन्य देशहरूमा यसको विस्तार व्यापक हुन गई छिमेकी मुलुक भारतमा सन् १८४४ देखि नै प्राप्त भएको थियो ।

नेपाली महिलाहरूले शिक्षाको अवसर भारतीय महिलाहरूले भन्दा पछि प्राप्त गरे । वि.सं. १९४२ - १९५७ तत्कालीन प्रधानमन्त्री वीर समशेरको पालामा भारतबाट आएकी गंगा वाई नाम गरेकी एक महिलाले ठमेलमा आधारभुत प्राथमिक शिक्षा शुरु गरेकी थिईन् । यो नै नेपालमा प्रेरणाको आधार मानिन्छ । त्यसैगरी वि.सं. १९९० मा काठमाडौंका हनुमान ढोकाको उत्तर मखन टोलमा एउटा कन्या पाठशाला खोलिएको थियो । नेपालको राणाकालीन सामाजिक इतिहासको अध्ययन गर्दा त्यसबेला महिला वर्गलाई हरेक ठाउँमा

उपेक्षित अपहेलित एवम् तल्लोस्तरको व्यवहार गरिन्थ्यो । उनीहरूलाई दोस्रो दर्जाको नागरिक मानिने प्रचलन थियो ।

राणा शासनको अवधिमा पुरुषहरू भन्दा महिलाहरू वालविवाह, बहुविवाह, अनमेल विवाह र कुप्रथा जस्ता प्रत्येक क्षेत्रमा पिडित थिए । यस्तो परिवेशमा जनताको मुक्तिको एकमात्र उपाय भनेको नारीहरू समेत आन्दोलनमा उत्रिनु थियो । आन्दोलन असंगठित समुहद्वारा र केवल पुरुषहरूको प्रयासले मात्र पनि सम्भव थिएन । त्यसैले वि.सं. १९७४ देखि १९७५ सिराहा जिल्लाको चन्द्रगन्जमा दिव्या कोईरालाको अध्यक्षतामा नारी जागृती संघको स्थापना भएको थियो । यसको मुख्य उद्देश्य महिलाहरूलाई राजनीतिक चेतना जगाउनको साथै बालविवाह, बहुविवाह, अनमेलविवाह र कुप्रथा रोक्नु थियो । सर्वप्रथम नेपाली परिप्रेक्ष्यमा विरङ्ना योगमाया न्यौपाने लगायतका ६८ जनाले वि.सं. १९९८ आषाढ ३१ गते सामाजिक आन्दोलनको परिणाम स्वरूप राणा शासनको अन्त्य गरी विशेष गरेर राजनीतिक स्वतन्त्रता प्राप्त गर्ने तरुणले नदीमा हामफाली देहत्याग गरे ।

सहिद गंगालाल तथा दसरथ चन्द जेलमा भएको बेला देशमा राणाविरोधी आन्दोलनको समाचार उनीहरूलाई पुऱ्याउने काम गर्ने राममाया नेपालको योगदान पनि विर्सन नसक्ने छ । प्रजातन्त्रवादी महिला दिव्या कोईरालाको साहसपूर्ण क्रान्तिकारी यात्रालाई सम्मानपूर्ण हेर्न सकिन्छ । जसले राणाशासनको अन्त्यको निम्ति निरन्तर आन्दोलन चलाइरहनु भयो । आन्दोलनकै क्रममा २००३ चैत्र ३ मा गिरफ्तार हुनुभयो । उहाँसँगै ईन्दिरा आचार्य, नलिनी उपाध्याय र कामिनी कोईराला समेतका माहिला आन्दोलनकारी जेल परे । त्यसैगरी रेवन्तकुमारी आचार्यको अध्यक्षतामा पुन्यप्रभा ढुंगाना लगायतले २००३ सालमा "आर्दश महिला समाज" नामक संस्थामा आवद्ध भई राणा शासनको अन्त्यका लागि काम गरे । २००४ साल श्रावण महिनामा मंगलादेवी सिंहको शाहसबाट निरिह हैदीको गर्भबाट जन्मेको कैदी बच्चा जस्तै बन्धन, डर र त्रासको बिचमा "नेपाल महिला संघ" को जन्म भयो, जुन राणा शासनको अन्त्यको लागि संघर्ष गर्न कडीको रूपमा स्थापित भए ।

यसै सन्दर्भमा अखिल नेपाल महिला संघ स्त्री जातिको  उन्नतिमा विश्वास गर्ने प्रत्येक नारीको लागि खुल्ला छ भन्ने आवाज प्रकट गरिएको छ । वि.सं. २०१९ नेपालको संविधान अन्तर्गत नेपाली महिलाहरूको हितलाई ध्यानमा राखि नेपाल महिला संगठनलाई एक संवैधानिक अंग बनाईएको थियो । प्रजातन्त्र प्रेमी काँग्रेसकी नेतृ द्वारीकादेवी ठकुरानी

२०१६ साल जेष्ठ १३ गते स्वास्थ्य र स्वायत्त शासन उपमन्त्रीको रूपमा नेपालको महिला मन्त्री हुनुको साथै दक्षिण एशियाकै पहिलो महिला मन्त्री बन्न पुगिन् । २०१७ साल फाल्गुन ७ गते राजा महेन्द्रले टुडिखेलमा प्रजातन्त्र दिवसको अवसरमा सम्बोधन गरिरहेका बेलामा नेतृ शैलजा आचार्यले विद्यार्थीको नेतृत्व गरी प्रजातन्त्रको माग गर्दै आफैले ओढेको सल भित्रबाट कालो झण्डा निकाली देखाईन । राजा महेन्द्रले २०१९ सालमा नेपालको संविधान २०१९ लागु गरी निरंकुश तानाशाही पञ्चायती व्यवस्था संचालन गरे । उक्त अवस्था फाल्नको लागि मंगलादेवी सिंह २०१७ सालपछि ६ वर्ष जेलसमेत वसिन भने अन्य महिला आमा दिदी, बहिनीहरू र सबै संघ संगठनहरू भुमिगत रूपमा रही पञ्चायत विरोधी आन्दोलनमा सरिक हुन पुगे । सो अनुरूप २०२८ साल पौष महिनामा अर्घाखाँचीमा वामपन्थी नेतृ शान्ता मानवीको अध्यक्षतामा शान्ति श्रेष्ठ, रमा अर्याल, शोभा पोखेल र द्रौपति श्रेष्ठ सहितको ५ सदस्यीय “क्रान्तिकारी महिला संघ” स्थापना भयो । २०३२ सालमा महिला सुधार समाज, महिला किसान संघ जस्ता संस्था पनि स्थापना भए । यही क्रममा २०३३ सालमा साहित्यकार पारिजातको अध्यक्षतामा “अखिल नेपाल महिला संघ” को स्थापना भयो । जुन संगठनमा वर्तमान अखिल नेपाल महिला संघकी अध्यक्ष गोमा देवकोटा पनि उपाध्यक्षमा रहनु भएको थियो । यही क्रममा २०३७ सालमा अखिल नेपाल महिला संघको स्थापना भयो ।

२०३८ सालको रा.पं. निर्वाचनमा २ जना २०४३ मा ३ जना महिलाहरूको प्रतिनिधित्व भयो । यता पञ्चायती कालमा पहिलो महिला प्रधानपञ्च सिन्धुली जिल्ला अम्बोटे गाउँ पञ्चायतकी भद्रकुमारी घले (२०१७ सालदेखि २०४६ सालसम्म) नै प्रधानपञ्च भईन् । उक्त गाउँ पञ्चायतका सबै पदाधिकारी महिलाहरू नै बने । यी सबै कुराहरू पञ्चायतकालका राजनीतिमा महिला सहभागिताका केही उदाहरण मात्र हुन् ।

निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्यको लागि सहाना प्रधानको नेतृत्वमा सात वटा वाम पार्टी मिलेर वाममोर्चा बन्यो । जसले पञ्चायती शासन विरुद्धको प्रतिविम्बित नेपाली काँग्रेससँग मिलेर आन्दोलनलाई सफल ढंगबाट संचालन गऱ्यो । २०४६ सालको जनआन्दोलनको सन्दर्भमा मारिने योद्धा मध्ये मिना ढकाल लगायतको सहादत स्मरण योग्य छ । २०४६ चैत्र २६ गतेका साही घोषणा पछि २०४७ वैशाख ३ गते कृष्ण प्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन भयो । त्यस मन्त्री मण्डलमा वाममोर्चाको तर्फबाट सहना प्रधान उद्योग मन्त्री भईन् ।

## २.१० नेपालमा निर्वाचनगत महिला सहभागिता

आम निर्वाचन २०१५, नेपालको प्रजातान्त्रिक अभ्यासको पहिलो आम निर्वाचन हो । द्वारिका देवी ठकुरानी क्षेत्र नं. ६६ डडेल्धुराबाट निर्वाचित भई नेपालको पहिलो महिला मन्त्री समेत बनीन् । यो नै नेपालको राजनीतिक ईतिहासमा पहिलो महिला राजनीतिक सहभागिता हो। २०३७ साल वैशाख २० गते जनमत सङ्ग्रह भयो । २०३८ साल वैशाख २७ गते भएको निर्वाचनमा २९ जना महिला उम्मेदवारहरू मध्ये २ जना मात्र निर्वाचित भएका थिए ।

२०४३ साल वैशाख २९ जेष्ठ ५ र १२ गते तीन चरणमा गरी ११२ जना राष्ट्रिय पञ्चायतका सदस्यको निर्वाचन गरिएको थियो । यस निर्वाचनमा तीन जना महिला सदस्य राष्ट्रिय पञ्चायतमा निर्वाचित भएका थिए । जनआन्दोलनको परिणाम स्वरूप २०४६ साल चैत्र २६ को शाही घोषणाद्वारा बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्था सुरु भयो । नेपालको संविधान २०४७ मा महिलालाई कम्तिमा ५ प्रतिशत स्थानमा प्राथमिकता दिनु पर्ने व्यवस्था भयो । सोही संविधान बमोजिम २०४८ को संसदीय निर्वाचनमा ७ जना महिलाहरूले सफलता प्राप्त गरेका थिए भने २०५१ कार्तिकको चुनावमा ७ जना महिलाहरूले र २०५६ को चुनावमा १२ महिलाहरूले सफलता प्राप्त गरेका थिए । वि.सं. २०६२/०६३ सालको आन्दोलनको सफलतापछि अन्तरिम संविधान २०६३ माघ १ मा लागु गरियो । संविधान सभा निर्वाचन २०६४ मा मनोनित र निर्वाचित गरी १९७ जना महिला सभासद थिए । २०७० सालको पछिल्लो संविधान सभा निर्वाचनमा निर्वाचित र मनोनित गरी १७६ जना महिला सभासदहरू रहेका थिए । यसबाट संसदमा पुन महिला सहभागिता क्रमशः घट्दो देखिन्छ । यसरी हेर्दा नेपालमा वि.सं. २०१५ देखि २०७० को निर्वाचनसम्ममा जम्मा २४७६ जना राष्ट्रिय विधायिकामा निर्वाचित संसदहरूमध्ये महिलाको प्रतिनिधित्व ४६३ जना मात्र रहेको देखिन्छ । भर्खरै सम्पन्न संघीय शासन प्रणाली अनुरूपको पहिलो निर्वाचनमा पनि बाध्यकारी व्यवस्था बाहेक महिलाको उपस्थिति ज्यादै न्यून रहेको देखिन्छ । यो ज्यादै दुःखको कुरा हो । यसले पक्कै पनि राजनीतिमा समान सहभागितालाई प्रतिनिधित्व गर्न सकेको देखिदैन ।

# परिच्छेद तीन

# नेपालको राजनीतिमा महिला सहभागिता

## ३.१ राजनैतिक स्थिति

यस शोधकार्यको मुख्य विषय राजनीतिमा महिला सहभागिता भएकोले नै महिलाहरूको राजनीतिप्रति कस्तो सोचाई छ ? सहभागितामा समस्याहरू के के छन् र पहिलेदेखि हालसम्म महिलाहरू कुन रूपमा सहभागी हुँदै आइरहेका छन् भनी अध्ययन गर्न खोजिएको छ । नेपालको कुल जनसंख्याको लगभग ५१ प्रतिशत महिलाहरू रहेको तथ्य वि.सं. २०६८ सालमा भएको जनगणनाले देखाएको छ । देशमा आधाभन्दा बढी जनसंख्या ओगट्ने महिलाहरूको अवस्था सबै क्षेत्रमा पुरुषको भन्दा कमजोर छ ।

नेपालमा विगतदेखि वर्तमानसम्मका सबै प्रजातान्त्रिक, राजनीतिक, सामाजिक वा मानव अधिकार, प्राप्तिको आन्दोलनमा महिलाहरू सहभागी हुँदै आइरहेका छन् । महिलाहरूले आफ्नो सहभागितालाई विगतमा भन्दा वर्तमान अवस्थामा बढाउँदै लगे तापनि नेतृत्वमा कमी आएको तथ्य हाम्रो सामु छ । २०४६ सालको जनआन्दोलन पश्चात् निर्मित नेपाल अधिराज्यको संविधान २०४७ ले प्रतिनिधि सभाका लागि ५ प्रतिशत महिला उम्मेदवार खडा गर्नुपर्ने निर्देशन राजनैतिक दलहरूलाई दिएको पाइन्छ भने अन्तरिम संविधान २०६३ ले संविधान सभामा समानुपातिक र प्रत्यक्ष जोडी एक तिहाई महिला उम्मेदवार बनाउनु पर्ने व्यवस्था गरेको छ । यो व्यवस्थाले कति महिलाहरूलाई समेट्छ भन्ने स्थिति एकातिर छ भने अर्कोतिर महिलालाई राजनीतिमा आउन प्रोत्साहित गर्ने देखिएको छ । २०६४ सालमा भएको संविधान सभा निर्वाचनमा समानुपातिक तर्फबाट भने लगभग ५० प्रतिशत महिला बिजयी भई आएकोले महिलाको हकमा पनि केही राम्रो सङ्केत देख्न सकिन्छ ।

राजनैतिक निर्णय गर्ने प्रक्रियामा महिलाहरूको नगन्य प्रभाव छ । राष्ट्रिय स्तरमा राजनैतिक पार्टीका केन्द्रीय समितिहरूमा महिलाको उपस्थिति अझै दयनीय रहेको छ । यो क्षेत्र पनि हाम्रो सामाजिक संस्कृतिबाट टाढा रहन सकेको छैन । महिलाको नेतृत्व र नियन्त्रणलाई स्वभाविक रूपमा लिइँदैन । नेपाली समाजमा महिलाहरूलाई गरिने व्यवहार, आर्थिक अधिकारबाट वन्चि, शिक्षामा कम अवसर आदि अवस्थाका कारण त्यसको प्रत्यक्ष

प्रभाव राजनीतिमा परेको छ । अर्कोतिर पितृसत्ताबाट ग्रसित सिङ्गो पुरुषवादी संस्कृति छ । सबैमा पुरुष कै नियन्त्रण छ । त्यही मानसिकताबाट नीतिहरू निर्माण भएका छन् । नेपालको इतिहासमा कसरी राजनीतिमा महिलाको सहभागिता बढेको छ भन्ने तथ्यहरू अगाडि नै व्याख्या भएको छ । त्यति बेलाको अवस्थामा पनि कठिन संघर्ष गर्नु परेको थियो । वर्तमान अवस्थामा पनि त्यहि कुरा सत्य भएको छ कि नेतृत्व तहमा महिलाको पहुँच पुऱ्याउनु संघर्ष गर्नुपर्ने अवस्था आएको छ । राजनीतिमा महिलाको सहभागिताको अवस्थाको बारेमा अध्ययन गर्दा यसको इतिहासबारे अध्ययन गर्नुपर्ने हुन्छ ।

## ३.२ नेपालमा महिला आन्दोलन

विश्वस्तरमा चलेका आन्दोलनले नेपालमा पनि प्रभाव परेको पाइन्छ । नेपालको महिला आन्दोलनको इतिहासलाई अध्ययन गर्ने हो भने राजघरानिया महिलाहरूले गरेका कार्यहरूका बारेमा बुझ्न सकिन्छ । सामान्य महिलाहरूले गरेका आन्दोलनका बारेमा इतिहासमा त्यति धेरै अध्ययन गर्न पाइँदैन । नेपालको इतिहासमा बेला बेलामा राज्य संचालनका लागि राजनैतिक रूपले महिलाहरूले सहभागिता जनाउने गरेको पाइन्छ । नेपालको राजनैतिक इतिहासलाई हेर्ने हो भने मानदेवकी आमा राज्यवती, देवलदेवी, नायकदेवी, राजलदेवीको नाम महत्त्वपूर्ण मानिन्छ । राज्य संचालन कार्यमा यी रानीहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । नेपाली महिलाहरूले राज्य संचालनमा मात्र महत्त्वपूर्ण भूमिका निर्वाह गरेको नभई राष्ट्रियताको सवालमा पनि योगदान दिएको कुरा इतिहासमा पाइन्छ । महिलाले नेपाल एकीकरणको बेलामा होस् वा बेलायती साम्राज्यवादसँगको लडाईमा आफ्नो वीरता प्रदर्शन गरेका थिए (नेपालमा महिला आन्दोलन, २०५९: २१) ।

इतिहासमा नायवी भएर राज्य संचालनको भूमिका निर्वाह गर्नेमा महारानी राजेन्द्र लक्ष्मीको नाम पनि अगाडि आउँछ । राजेन्द्र लक्ष्मी नायवी भएर राज्य संचालन गरेको बेलामा कास्की, लमजुङ्ग, नुवाकोट आदि माथि युद्धविजयी गरी राज्यविस्तार समेत गरेकी थिइन् । त्यस्तै गरी महारानी साम्राज्यलक्ष्मीले पनि शासन आफ्नो हातमा लिई राज्य गरेकी थिइन् (शर्मा, २०२२) । यी महिलाहरूले शासन गरिरहेकै बेलामा जंगबहादुरले कोत पर्व र भण्डारखाल पर्व जस्ता घटना घटाई राज्यसत्ता एकलौटी रूपमा आफ्नो हातमा लिए । त्यस पश्चात् महिलाहरूको राज्य संचालन कार्यमा उल्लेखनीय योगदान हुन सकेको छैन । १०४

वर्षे राणा शासनको कालमा सबै अधिकारबाट जनताहरू वञ्चित थिए । यसले महिलालाई पनि प्रत्यक्ष असर गऱ्यो ।

राणा शासन कालमा आएर नेपाली जनता बोल्न, लेख्न र पढ्न पाउने अधिकारबाट वञ्चित रहे । आफ्ना परिवारलाई शिक्षा दिलाउन घरमा नै पढाउन थाले । चन्द्र शम्शेरको पालामा सती प्रथाको अन्त्य गर्ने कानुन घोषणा गरियो । शिक्षाको आवश्यकता महशुस गरी नेपाली महिलाहरूले १९७४ मा 'महिला समिति' को गठन गरे । महिलाहरूका बीचमा जागरण ल्याउने प्रयास गर्नुलाई नै महिला आन्दोलनको शुत्रपात मान्न सकिन्छ । यस समितिको मुख्य उद्देश्यमा शिक्षामा विकास गरी शिक्षाको प्रबन्ध गर्नु थियो । यस समितिलाई सबै ठाउँमा विकास गरेर लान थालियो । महिला समितिको शाखाको रूपमा स्थापना गराई राजनैतिक र सामाजिक कार्यप्रति जागरुक गराइयो । राणा शासन कालमा चर्को दमन भए पनि नेपाली जनताहरू विस्तारै सचेत बन्दै गए । आफ्नो हक अधिकारको बारेमा बुझ्न थाले । राणा शासनको दमनको शिकार महिला पुरुष दुवै भएकोले दुवै वर्ग त्यसका विरुद्ध भित्र भित्र लाग्न थाले । विभिन्न संघ संस्था खोली जनताहरूलाई जागरुक बनाउन थाले । आर्य समाज, चेतना गोरखा लिग, प्रचण्ड गोरखा, नेपाल प्रजा परिषद, नागरिक अधिकार समिति आदिका नामबाट अगाडि बढेको राजनीतिक आन्दोलनमा महिलाहरूको पनि योगदान रहेको थियो (नेपालमा महिला आन्दोलन) ।

नेपालमा यसरी अगाडि बढेको आन्दोलनमा महिलाहरूले सक्रीय सहभागी जनाउँदै आएको पाइन्छ । पञ्चायती शासनको विरोधमा भएका आन्दोलनमा पनि सहभागिता रह्यो । विभिन्न समितिमा गठित महिलाहरूले २००४ सालमा नेपाल महिला संगठनको नामबाट अगाडि आएको पाइन्छ । निरंकुश राणा शासनको अन्त्य र २००७ सालमा प्रजातन्त्रको स्थापना भयो । त्यसमा केही मात्रामा भए पनि खुकुलो अवस्था सृजना भयो भने महिलाहरू आ-आफ्नो आस्थाका कारण विभाजन हुन थाले । २००८ सालमा आएर अखिल नेपाल महिला संघको गठन भयो । २००४ सालमा बनेको नेपालको पहिलो लिखित संविधान ( नेपाल सरकारको वैधानिक कानुन २००४) मा महिलाहरूले भोट खसाल्ने अधिकार थिएन । महिलाहरूले पदम शमशेरको शासन कालमा मताधिकारको आन्दोलनलाई अगाडि बढाएको पाइन्छ । आन्दोलनबाटै महिलाहरूले उक्त माग पुरा गराई छाडे । त्यसपछि काठमाडौं नगरपालिकाको चुनाव वि.सं. २००८ सालमा साहना प्रधान सदस्यमा निर्वाचित भइन् । २००८ सालमा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूलाई नेपाल आउँदा कालो झण्डा

देखाउँदा महिलाहरू गिरफ्तार भएका थिए । यसरी बेला बेलामा विरोधका स्वरहरू सुनिए तापनि २००७ सालदेखि २०१४ सालसम्म देशमा अस्थिर राजनैतिक वातावरण हुनाले महिलाको भूमिका पनि प्रकाशमा आउन सकेन । बाहिर जे भए पनि आन्तरिक रूपमा कम्युनिष्ट र काँग्रेस विचारधाराका महिलाहरू राजनैतिक गतिविधिमा सक्रिय भइरहेका थिए ।

नेपालको इतिहासमा २०१५ सालमा पहिलो आम निर्वाचनको घोषणा भयो । यो आम निर्वाचनमा जनताद्वारा चुनिएर संसद बन्ने अवसर द्वारिका देवी ठकुरानीले पाइन् । तत्कालीन सरकारमा २०१६ साल जेष्ठ  १३ गते स्वास्थ्य तथा स्थानीय स्वायत्त उपमन्त्री हुने सौभाग्य उनलाई मिल्यो (गुप्ता, १९९३ः २७५० । इतिहासमै पहिलो महिला विधायकको रूपमा नाम लेखाउने गौरव उनले प्राप्त गरिन् (अस्मिता - असार २०५६) । वि.सं. १९७४ सालमा राजनैतिक अधिकारका लागि महिलाहरूले संगठित भई शुरु गरेको आन्दोलनले थोरै भए पनि उपलब्धी हाँसिल गऱ्यो । त्यति बेला गठित सरकारले २०१६ सालमा गण्डक सम्झौता गऱ्यो । त्यसको विरुद्धमा अखिल नेपाल महिला संघले विरोध जुलुश गरेको थियो ( नेपालको ऐतिहासिक रूपरेखा २०२२) । नेपाली महिलाहरूले आफ्नो हक, अधिकारका साथ साथै राष्ट्रियताको पक्षमा चल्ने आन्दोलनमा पनि आफ्नो सहभागिता बढाउँदै आएका थिए । यही क्रममा नेपालको पहिलो जननिर्वाचित संसदका दुवै सदन वि.सं. २०१७ साल पौष १ गते राजा महेन्द्रबाट विघटित भए । संसदलाई निलम्बन गरी मन्त्रीमण्डलमा भएकाहरूलाई गिरफ्तार गरियो (अस्मिता, साउन भाद्र २०५०) । २०१७ सालमा पञ्चायती व्यवस्थाको पुनर्बहाली भएपछि राजनैतिक पार्टीसँगै महिला संघ र संगठनहरू सबै माथि प्रतिबन्ध लगाइयो । खुलेर राजनीति गर्न नपाइने अवस्थाको सृजना भयो ।

पञ्चायती व्यवस्थाका विरुद्धमा महिलाहरू भित्र भित्र जुट्न थाले । शाही घोषणा विरुद्धमा पर्चा वितरण कार्यमा सक्रिय सहभागिता हुन थाले । यता सरकारले पनि विभिन्न जनवर्गीय संगठन निर्माण गरी सबैलाई त्यसमा समावेश बनाउने प्रयास गऱ्यो । सरकारबाट गठिन समिति 'महिला संगठन' बाट महिलाहरूका पक्षमा काम गरे जस्तो गरेको थियो । यसको विरुद्धमा महिलाहरूले जनतालाई चेतना जगाउँदै अगाडि बढेका थिए । यहि क्रममा नेपालमा कानुनी सुधारहरू भए । २०२० सालमा संशोधित मुलुकी ऐनको घोषणा भयो । उक्त ऐनमा महिलाहरूलाई केही सीमित अधिकार प्रदान गरिएको थियो । यस ऐनमा बाल विवाह, अनमेल विवाह र बहुविवाह माथि प्रतिबन्ध लगाइएको थियो (मुलुकी ऐन एक

टिप्पणी, २०५४) । २०२८ सालमा विद्यार्थी आन्दोलनमा महिला विद्यार्थीहरूको सहभागिता निकै थियो । त्यसै क्रममा २ जना महिला गिरफ्तार भएका थिए । २०२८ सालमा भएको महंगी विरोधी आन्दोलनको नेतृत्व महिलाहरूले नै गरेका थिए । यसैगरी महिलाहरूले आन्दोलनमा सहभागिता जनाउँदै सबैलाई सचेत बनाउँदै अघि बढेको पाइन्छ ।

२०३५/३६ सालमा चलेको विद्यार्थी आन्दोलनले राजनीतिमा सक्रिय भएर काम गरिरहेका महिलाहरूलाई पनि प्रभाव पऱ्यो । यो आन्दोलनमा महिलाहरूको सहभागिता उत्साहजनक रहेको थियो । महिला संगठनबाट बेला बेलामा महिलाहरू माथि हुने घरेलु, हिंसा, चेलीबेटी बेचविखन, बलात्कार, दाइजोका कारण भएको हिंसा आदिको विरुद्धमा स्थानीय संघर्ष र आमसभाको आयोजना गर्न थालियो । २०३६ सालमा पञ्चायत विरोधी जनआन्दोलनले तीब्र रूप लिन थाल्यो । राजा विरेन्द्रबाट सुधारिएको पञ्चायती व्यवस्था वा बहुदलीय व्यवस्थाको पक्षमा जनमत सङ्ग्रहको घोषणा भयो । २०३६ सालको जनमत सङ्ग्रहको परिणाम जनताले चाहे अनुसारको नभएर धाँधली भयो भनेर महिलाहरूले विरोध प्रदर्शन गरेका थिए । जनमत सङ्ग्रहको प्रचार प्रसार समेत महिलाहरूको संगठित र असंगठित प्रकारले गरेका थिए । यसले महिलाहरूलाई संचेत हुनुपर्दछ भन्ने भावना जागृत बनाइदियो । विभिन्न राजनैतिक पार्टीहरूले महिलाहरूलाई आन्दोलित हुँदै अगाडि बढाउनु पर्छ भन्ने तर्फ ध्यान दिन थाले ।

नेपाली महिला आन्दोलनको इतिहास राजनैतिक पार्टीको इतिहाससँग जोडिन पुगेको छ । २०३७ सालमा २००८ सालमा बनेको महिला संघ पुर्नगठन भयो भने २०३३ सालमा परिजातको नेतृत्वमा गठन भएको आयोजक समितिले २०३८ सालमा पहिलो राष्ट्रिय सम्मेलन गरी उर्मिला अर्यालको अध्यक्षतामा केन्द्रीय समिति निर्माण गऱ्यो। उक्त संघ २०३८ सालमा पोखरामा भएको नमिता सुनिता हत्याकाण्डको विरोधमा उत्रिएको थियो । पञ्चायती व्यवस्थालाई सुधारिएको रूप दिए पनि समाजमा कुनै परिवर्तन भएन । जनता भित्र भित्रै आन्दोलित बनिरहेका थिए । विभिन्न पेशागत आन्दोलनहरू भइराखेका थिए । शिक्षक आन्दोलनहरू भइरहेका थिए । २०४२ सालमा भएको शिक्षक आन्दोलनका क्रममा प्रहरीको गोलीद्वारा मीना ढकालको हत्या भयो । नौ महिनाकी गर्भवती मिना ढकाल शिक्षक संगठनकी सदस्य समेत रहेकी थिइन (अस्मिता, २०५२) ।

निरंकुश पञ्चायती व्यवस्थाले जनतामाथि व्यापक दमन गर्न थालेपछि यसको विरोधमा सरकारलाई दवाव दिन पार्टीगत रूपबाटै आन्दोलनहरू हुन थाले । २०४२ सालमा काँग्रेसले देशव्यापी रूपमा सत्याग्रह संचालन गर्ने निर्णय गऱ्यो । यस आन्दोलनलाई सफल पार्न जनमत सङ्ग्रहमा गठित 'नेपाल महिला बहुदल समिति' को सक्रियतामा महिलाहरूले सत्याग्रहको पक्षमा जनमत बढाउने र सभाहरू गर्न थाले । यहि परिप्रेक्ष्यमा २०४३ सालमा पञ्चायती चुनावको घोषणा भयो । यस चुनावलाई प्रत्यक्ष उपयोग नगरे पनि विभिन्न माध्यमबाट जाने काम भयो । त्यसै बेलामा भित्र भित्र आन्दोलन चर्केको अवस्था एकातिर थियो भने अर्कोतिर २०४५ सालमा आएर भारत सरकारले आर्थिक नाकाबन्दी घोषणा गऱ्यो । दुवैतर्फको मारले गर्दा जनतामा हाहाकार मच्चियो । दैनिक उपभोग्य वस्तुमा मूल्य अत्याधिक वृद्धि भयो । यसका विरुद्धमा महिलाहरू पनि उत्रन थाले । आर्थिक नाकाबन्दीको असर राजनीतिक, आर्थिक, सामाजिक सबै क्षेत्रमा पऱ्यो । यस्तो स्थितिले जनता झन आक्रोशित बन्न पुगे भने आन्दोलनले विकसित रूप लिन थाल्यो । सबै तह र तप्काका जनता पञ्चायती व्यवस्थाका विरुद्ध आन्दोलनमा लाग्न योजनावद्ध तरिकाबाट लागे । यसरी संगठित आन्दोलनमा महिलाको सक्रियता अझ बढ्न थाल्यो । महिलाहरूले पनि आन्दोलनको तयारी गरे । जसको कारण २०४६ सालको महान जन आन्दोलनमा महिलाहरूको व्यापक सहभागिता रहेको थियो । २०४६ साल पछि भएका संघर्षहरू तथा जन आन्दोलन २०६२/०६३ होस् वा माओवादीले शुरु गरेको जनयुद्धमा महिला उपस्थिति व्यापक रहेको थियो र सो पश्चात् आफ्नो लडाइ होस् वा राष्ट्रियता, जनतान्त्रिक आन्दोलन आदिमा महिला वर्गको उल्लेखनीय सहभागिता रहने गरेको छ ।

नेपाली महिला आन्दोलनको संक्षिप्त इतिहास हेर्दा पनि यही कुरा सत्य भएको छ कि महिलाहरूको आन्दोलन केवल आफ्नै हक अधिकारसँग नजोडिएर यो आन्दोलन सबैतिर जोडिन पुगेको छ । विश्वको महिला आन्दोलनको पनि यही अवस्था रहेको पाइन्छ । यसरी आन्दोलन र संघर्षहरूमा सहभागिता बढे पनि राजनीतिक पार्टीमा महिलाको स्थान सून्य नै देखिन्छ । निर्णायक ठाउँमा सहभागिता हुन सकिरहेको छैन । यो ज्यादै दुःखको कुरा हो । अतः यसमा परिवर्तन ल्याउन जरुरी छ ।

## ३.३ राजनैतिक पार्टीहरूमा महिलाको स्थान

नेपालमा भएका प्रजातान्त्रिक आन्दोलनहरूमा महिलाहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । महिलाहरूको योगदान र भूमिकाले नै त्यस्ता आन्दोलनहरू सुरु पनि भएका छन् । २०३६ सालको विद्यार्थी आन्दोलन पूर्व पनि महिलाहरू कुनै न कुनै रूपमा प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएका थिए । २०३६ सालको विद्यार्थी आन्दोलन देखि हरेक प्रकारका आन्दोलनहरूमा महिलाहरू प्रत्यक्ष रूपमा होमिएका छन् । यसरी महिलाहरू प्रजातान्त्रिक आन्दोलनहरूमा सहभागी भएता पनि त्यस्ता आन्दोलन पश्चात् हुने निर्वाचनमा राजनैतिक पार्टीहरूले महिला उम्मेदवार नगन्य रूपमा प्रस्तुत गर्ने गरेका छन् । निर्वाचित महिलाहरूको संख्या पनि नगण्य मात्रामा रहेको पाइन्छ । त्यति मात्रै होइन नेपालको जनसंख्यामा आधा भन्दा बढी आकाश ओगटेका महिलाहरूलाई राजनीतिक पार्टीहरूले आफ्नो केन्द्रीय कार्य समितिमा थोरै मात्रामा स्थान दिएका छन् । अतः यहाँ २०४७ सालपछि महिलाहरू राजनीतिमा कति सक्रिय छन् ? निर्वाचनमा महिलाहरूले कति उम्मेदवारी पाए ? र कति महिलाहरू निर्वाचित भए भन्ने विषयमा चर्चा गर्ने प्रयास गरिएको छ । नेपालको राजनैतिक इतिहास हेर्ने हो भने पञ्चायत भित्र रहेर केही महिलाहरूले पञ्चायतको राजनीति गरेको पाइन्छ । त्यसपछिका अवस्थामा अन्य पार्टीमा महिलाको स्थितिलाई हेर्दा राजनीतिक कार्यक्रममा सहभागिता मात्र थियो । नेतृत्व भने पुरुष वर्गकै थियो । नेपालको हरेक राजनीतिक परिवर्तनका आन्दोलनहरूमा खासगरी २००७ साल, २०४६ सालको आन्दोलन तथा २०६२/०६३ को जन आन्दोलनका क्रममा महिला सक्रियता र सहभागिता महत्त्वपूर्ण रूपमा भएको छ । तर ती आन्दोलनबाट प्राप्त उपलब्धि पछिका अवसरहरूमा भने सधैं महिला माथि भेदभाव र अपहेलना समेत हुने गरेको पाइन्छ । सक्रियताको आधारमा भन्दा पनि सहानुभूति बटुल्न महिलाहरूलाई अघि सार्ने परम्परा छ । २०४६ सालपछि निर्मित संविधामा पनि महिलाहरूलाई वेवास्ता गरिएको भएता पनि अन्तरिम संविधान २०६३ मा महिला हक हितको लाथि थप व्यवस्था गरिएको पाइन्छ । त्यस्तै नेपालको संविधान २०७२ ले पनि महिलालाई विशेष स्थान दिएको देखिन्छ ।

राष्ट्रिय रूपमा रहेका प्रमुख राजनीतिक पार्टीहरूको केन्द्रमा महिलाको स्थान नगन्य नै देखिन्छ । नेपाली काँग्रेसको हाल विद्यमान केन्द्रीय कार्य समितिका जम्मा ८१ जना सदस्यहरू मध्ये १७ जना महिलाहरू केन्द्रीय कार्य समितिमा छन् । ने.क.पा. एमालेमा जम्मा केन्द्रीय सदस्य संख्या ११३ सदस्यहरू मध्ये महिलाको संख्या १६ जना छ । एकिकृत

ने.क.पा. माओवादीले केन्द्रीय सदस्यहरू मनोनित गर्दै रहेकोले उसले केन्द्रीय समितिमा कति जना महिला सहभागी गराउँछ हेर्न बाँकी नै छ । यसरी नेपालका मुख्य राजनीतिक पार्टीहरूले महिलालाई साह्रै कम स्थान दिएकोले पनि राजनीतिमा महिलाको उपस्थिति सन्तोषजनक छैन । महिलालाई नेतृत्व सम्हाल्न दिने विषयमा सबै संकुचित नै छन् । पार्टीमा पनि त्यस किसिमको अवसरबाट महिलाहरू वन्चित नै छन् । देशकै सर्वोच्च निकायमा पनि त्यो अवस्था कायमै छ ।

राजनीतिसँगै जोडिएको अर्को पक्ष छ महिलालाई निर्णय गर्ने ठाउँमा पुऱ्याउने मानसिकता नै छैन । जुन ठाउँमा पनि महिलालाई आरक्षणमा नै सिमित गर्ने गरेको पाइन्छ । राजनैतिक पार्टीको विधानमा नै सबै पद र तहमा महिलाहरूको अनिवार्य सहभागिता हुनुपर्दछ भन्ने अवधारणा भर्खरै आएको छ । त्यसै अनुरूप नेपाली काँग्रेसले १०.१ प्रतिशत र ने.क.पा. एमालेले हरेक वैधानिक कमिटिहरूमा १ जना महिला सदस्य हुनुपर्ने अनिवार्य व्यवस्था गरेको छ । यी प्रावधानहरू पनि सबै ठाउँमा लागू भएको पाइदैन । अहिलेको अवस्थामा महिलाको सहभागिता बढाउने भनाइहरू विभिन्न कोणबाट आएको पाइन्छ । वर्तमान अवस्थामा परम्परागत मान्यताबाट माथि उठी सबै राजनैतिक पार्टीहरूले पनि पुर्नविचार गर्नुपर्ने आवश्यकता भएको छ । यी तीन ठूला पार्टीहरूका अवस्था यस्तो देखिन्छ भने अन्य पार्टीहरूमा पनि महिला सहभागिता न्यून नै देखिन्छ ।

## ३.४ आम निर्वाचन तथा स्थानीय निर्वाचनमा महिला सहभागिता

२००७ सालको राणा शासनको समाप्ति पछि भएका व्यवस्था अनुरूप संसदीय र स्थानीय विकासका निम्ति निर्वाचनहरू सम्पन्न भएको पाइन्छ । प्रजातन्त्र प्राप्त पछि २०१५ सालमा आम निर्वाचन भएको थियो । त्यसपछि पञ्चायती व्यवस्था अन्तर्गत २०३८ र २०४३ सालमा निर्वाचन सम्पन्न भए । २०४६ सालमा प्रजातान्त्रिक बहुदलीय व्यवस्था लागु भयो । यस व्यवस्थाको पहिलो आम निर्वाचन २०४८ सालमा, २०५१ सालमा माध्यावधि र २०५६ सालमा संसदीय निर्वाचन सम्पन्न भयो । २०४९, २०५४ र २० वर्ष पछि २०७४ सालमा तीन पटक स्थानीय निर्वाचन भइसकेका छन् । २०६४ सालमा संविधान सभाको पहिलो निर्वाचन भयो । २०७० सालमा संविधान सभाको दोस्रो निर्वाचन भयो । संविधान सभाले जारी गरेको नेपालको संविधान २०७२ अनुरूप नेपालको संघीय शासन प्रणाली

अनुसार यसै वर्ष मात्र स्थानीय तह, प्रदेश र संघको निर्वाचन सम्पन्न भएर देश नयाँ व्यवस्थामा प्रवेश गरेको छ ।

### ३.४.१ संसदीय निर्वाचन २०४८ मा महिला प्रतिनिधित्व

प्रजातन्त्र पुनर्स्थापना पछिको आम निर्वाचनमा महिलाको राजनीतिमा सहभागिता भएपनि संसदीय निर्वाचनमा त्यसको पहुँच पुग्न सकेन । २०४७ सालको संविधानले महिलाहरूलाई राष्ट्रिय राजनीतिमा ल्याउनको लागि पार्टीहरूलाई बाध्य पारेको पाइन्छ । तलको तालिकाले महिलाहरूको सहभागितालाई स्पष्ट पारेको छ ।

**तालिका नं. १**

**२०४८ सालको प्रतिनिधि सभाको लागि महिला उम्मेदवारी संख्या**

| राजनैतिक पार्टी | जम्मा उम्मेदवार | महिला उम्मेदवार | विजयी महिला सांसद |
|---|---|---|---|
| नेपाली काँग्रेस | १९३ | ११ (५.७%) | ५ |
| ने.क.पा. (एमाले) | १६८ | ९ (५.४%) | ३ |
| रा.प्र.पा. | २०१ | १७ (८.५%) | – |
| नेपाल सद्भावना पार्टी | ७० | ५ (७.१%) | – |
| विभिन्न बाम समूह | १८५ | २६ (१४.१%) | – |
| स्वतन्त्र | ३४६ | १४ (४%) | – |
| जम्मा | ११६३ | १००.० | ८ |

स्रोत : निर्वाचन आयोग, २०४८ ।

यसरी माथिको तालिका हेर्दा महिलाको प्रतिनिधित्व ३.४१ प्रतिशत मात्र रहेको थियो ।

### ३.४.२ मध्यावधि निर्वाचन २०५१ मा महिला प्रतिनिधि

२०४८ सालमा भएको आम निर्वाचनले आफ्नो ५ वर्षे कार्यकाल पूरा गर्न नपाउँदै बिचमा संसद भंग भयो । त्यसपछि २०५१ सालमा मध्यावधिको घोषणा भयो । त्यस मध्यावधि निर्वाचनमा १४४२ जना उम्मेदवार रहेका थिए । त्यस मध्ये महिलाहरूको संख्या ८६ जना (६.०४ प्रतिशत) रहेको थियो । जसलाई तलको तालिकाले थप स्पष्ट पार्दछ ।

### तालिका नं. २

### मध्यावधि निर्वाचन २०५१ का लागि महिला उम्मेदवार संख्या

| राजनैतिक पार्टी | जम्मा उम्मेदवार | महिला उम्मेदवार | विजयी महिला सांसद |
|---|---|---|---|
| नेपाली काँग्रेस | २०५ | ११ (५.४%) | ४ |
| ने.क.पा. (एमाले) | १९६ | ११ (५.६%) | ३ |
| रा.प्र.पा. | २०२ | १३ (६.४%) | - |
| नेपाल सद्भावना पार्टी | ८६ | ९ (१०.५%) | - |
| विभिन्न बाम समूह | ११० | १५ (१३.६%) | - |
| स्वतन्त्र | ६४३ | २६ (४.२%) | - |
| जम्मा | १४४२ | १००.० | ६ |

स्रोत : निर्वाचन आयोग, २०४८ ।

माथिको तालिकालाई अध्ययन गर्दा यस निर्वाचनमा पार्टीहरूले महिलालाई दिने उम्मेदवारी बढे पनि संख्यामा र प्रतिशतमा भने बढ्न सकेन । यो निर्वाचनमा महिलाको संसदमा प्रतिनिधित्व ३.४१ प्रतिशत रहेको देखिन्छ ।

### ३.४.३ स्थानीय निर्वाचन २०४९ मा महिला प्रतिनिधित्व

प्रजातन्त्र प्राप्ति पछिको पहिलो निर्वाचन २०४९ को स्थानीय निर्वाचन हो । स्थानीय निकायको निर्वाचनमा महिलाको सहभागिताले स्थानीय राजनीतिमा महिलाको सहभागिता कस्तो रहेको छ भन्ने दर्शाउँछ । यसले महिलालाई राजनीतिमा आउनमा प्रोत्साहन गरेको पाइन्छ । २०४९ सालको स्थानीय निर्वाचनमा देश भरिका ३९९३ गा.वि.स.हरूबाट ७ जना (०.१७ प्रतिशत) महिला गा.वि.स. अध्यक्षमा निर्वाचित हुन सफल भएको पाइन्छ । यसै निर्वाचनमा १५ जना (०.३७ प्रतिशत) महिला गा.वि.स. उपाध्यक्षमा निर्वाचित भएका थिए । कुल गा.वि.स.हरूबाट ३५ हजार ८ सय सदस्यहरू निर्वाचित भएकोमा १९० जना (०.५२ प्रतिशत) महिलाहरू वडा सदस्यहरू रहेका थिए । त्यस्तै गरी नगरपालिकाबाट १ जना पनि महिला नगर प्रमुख र उपप्रमुखमा निर्वाचित भएनन् । ७५ जिल्लाका सभापतिहरूको निर्वाचनमा १ जना पनि महिला सभापति हुने सौभाग्य भएन भने उपसभापति पदमा १ जना महिला गुल्मी (सुवर्ण ज्वारचन) बाट निर्वाचित हुनु भएको थियो (जि.वि.स. महासंघ) ।

### ३.४.४ स्थानीय निर्वाचन २०५४ मा महिला प्रतिनिधित्व

स्थानीय निकायदेखि महिलालाई राजनीतिमा ल्याउनुपर्छ । विगतको निराशाजनक तथ्याङ्कलाई हटाएर आगामी दिनमा महिलाको प्रतिनिधित्व बढाउनु पर्छ भन्ने मान्यताका बाबजुद स्थानीय स्वायत्त शासन ऐन २०५५ ल्याइएको छ । जस अनुसार हरेक जिल्ला, नगर र गाउँ विकास समितिका वडा तहमा तथा परिषद्मा महिलाको स्थान सुरक्षित राख्नु पर्ने प्रावधान छ । सो ऐनले सबै राजनीतिक दलहरूलाई महिला उम्मेदवार उठाउन र सहयोग गर्न समेत बाध्य पारेको छ । जसको परिणाम ४४०० महिला स्थानीय शासनमा संलग्न रहेका थिए (नेपालमा मानव अधिकारको स्थिति एक प्रतिवेदन, २०६०) ।

विभिन्न कमी कमजोरीका बाबजुद उक्त ऐनले स्थानीय निकायका भूमिका विस्तार गर्नुका साथै तिनको क्षमता अझ सुदृढ पारेको छ । यसबाट स्थानीय राजनीतिमा महिला सहभागितालाई निर्णायक तहमा पुऱ्याउन आवश्यक छ । यो ऐन आएपछि महिलाहरूको प्रतिनिधित्व तल्लो निकायमा २० प्रतिशत भएको छ । यस निर्वाचनमा २० जना गा.वि.स. अध्यक्ष पदमा, १४ जना उपाध्यक्ष पदमा निर्वाचित भएका छन् । वडा अध्यक्षहरूमध्ये २४० जना निर्वाचित भएका छन् । महानगरपालिका, उपनगरपालिका र नगरपालिकाबाट १ जना पनि प्रमुख र उपप्रमुखमा आउन सकेनन् । नगरपालिका केही वडामा भने वडा अध्यक्षमा निर्वाचित भएको पाइनछ । ७५ जिल्लामा कहिँ पनि सभापति हुन सकेनन् भने उपसभापति पदमा भोजपुर जिल्ला (जयन्ती राई) बाट निर्वाचित हुनु भएको थियो । साथै जिल्ला विकास समितिमा इलाकाबाट निर्वाचित हुने इलाका सदस्यमा नगन्य मात्रा थियो भने स्वायत्त शासन ऐन २०५५ ले दिएको अनिवार्य व्यवस्था जिल्ला विकास समितिमा मनोनित गरी ल्याउने प्रावधान भए पनि सबै जिल्लामा लागू भएन ।

### ३.४.५ आम निर्वाचन २०५६ मा महिला प्रतिनिधित्व

प्रजातन्त्र प्राप्ति पछिका वर्षहरूमा यो निर्वाचनसम्म आइपुग्दा २ वटा संसदीय निर्वाचन र २ वटा स्थानीय निर्वाचन सम्पन्न भइसकेका छन् । यस बीचमा महिलाको सहभागिता भए पनि नेतृत्वमा प्रभाव पर्न सकेको छैन । जसका कारणले महिलाका पक्षमा सामान्य सुधार बाहेक केही हुन सकेको छैन भने अन्य समस्याहरू यथावतै छन् । २०५६ को आम निर्वाचनमा राष्ट्रिय मान्यता प्राप्त दल र अन्य दल गरी ३८ वटा राजनीतिक दलका

२२२३ उम्मेदवारहरू चुनावी मैदानमा रहेका थिए । कुल उम्मेदवारीको आधारमा महिला उम्मेदवारहरूले ६.४ प्रतिशत स्थान ओगट्न सफल भएका थिए ।

प्रतिशतका आधारमा सबैभन्दा धेरै रा.प्र.पा. थापाबाट ७.११ प्रतिशत थियो । त्यपछि अन्य पार्टीहरू थिए । आम निर्वाचन २०५६ मा महिलाको उम्मेवारी संरचनामा वृद्धि भएता पनि संसदमा जाने, विधायकको भूमिका खेल्ने निर्णायकको रूपमा नगन्य नै रह्यो ।

**तालिका नं. ३**

**२०५६ सालको आम निर्वाचनमा महिला उम्मेदवारको संख्या**

| क.सं. | राजनीतिक पार्टी | महिला उम्मेदरवार संख्या | विजयी महिला सांसद |
|---|---|---|---|
| १. | नेपाली काँग्रेस | १४ | ५ |
| २. | रा.प्र.पा. | १४ | १ |
| ३. | ने.क.पा. (एमाले) | १२ | ६ |
| ४. | ने.क.पा. (माले) | १२ | – |
| ५. | रा.प्र.पा. (चन्द) | १२ | – |
| ६. | राष्ट्रिय जनमुक्ति पार्टी | ९ | – |
| ७. | नेपाल सद्भावना पार्टी | ५ | – |
| ८. | जनमुक्ति पार्टी | ५ | – |
| ९. | नेपाल मजदुर किसान पार्टी | ४ | – |
| १०. | हरियाली पार्टी | ४ | – |
| ११. | राष्ट्रिय जनमोर्चा | ४ | – |
| १२. | राष्ट्रिय जनता परिषद् | ४ | – |
| १३. | संयुक्त जनमोर्चा नेपाल | ३ | – |
| १४ | नेपाल जनता दल | ३ | – |
| १५ | शिवसेना नेपाल | २ | – |
| १६ | नेकपा संयुक्त | २ | – |
| १७ | नेकपा (मार्क्सवादी) | २ | – |
| १८ | नेपाल प्रजा परिषद | १ | – |
| १९ | जनकाँग्रेस | १ | – |
| २० | नेपाल जनता पार्टी | १ | – |
| २१ | नेपाल साम्यवादी (मालेमा) | १ | – |
| २२ | प्रजातन्त्र | १ | – |
| २३ | स्वतन्त्र उम्मेदवार (अन्य) | २६ | – |
| | जम्मा | १४२ | – |

स्रोत : निर्वाचन आयोग, २०५६ ।

यसरी यी सबै दलहरूबाट महिलाहरू निर्वाचनमा खडा गरिएको थियो । यी मध्ये सबैभन्दा धेरै काठमाडौं निर्वाचन क्षेत्र नं. २, ६ र १ मा ५ जना महिलाहरू चुनावी मैदानमा उत्रेका थिए ।

यस पटकको निर्वाचनमा महिलाहरूको संख्यामा केही वृद्धि भएको पाइन्छ । यो भन्दा अगाडिका ३ वटा निर्वाचन भन्दा २०५६ को निर्वाचनमा महिलाको संख्या वृद्धि भएको छ । यस अवधिमा महिलाले निर्णय गर्ने ठाउँमा अझै पनि महिलाको उपस्थिति खड्किएको छ । त्यतिबेलाको संसदमा उपसभामुख पदमा १ जना महिलाको उपस्थिति रहेको थियो ।

### ३.४.६ संविधान सभा निर्वाचन २०६४ मा महिलाको स्थान

२०५६ सालको आम निर्वाचन पश्चात नेपाली राजनीतिमा धेरै उतार चढाव आए । २०५८ साल जेठ १९ गते नारायणहिटी राजदरवारमा भएको गोली काण्डबाट राजा बिरेन्द्रको वंश नाश भयो र ज्ञानेन्द्र शाह राजा हुन पुगे । २०५८ माघ १९ गते राजा ज्ञानेन्द्रले निर्वाचित सरकारलाई अपदस्त गरी आफ्नो अध्यक्षतामा पुराना पञ्चेहरू सम्मिलित मन्त्रीमण्डलको गठन गरे । त्यसपछि राजनीतिक पार्टीहरूले संसदको पुर्नस्थापनाको माग गरी आन्दोलन गरे । उक्त आन्दोलनमा विघटीत प्रतिनिधि सभाकी उपसभामुख चित्रलेखा यादवको अध्यक्षतामा सडकमा नै संसदको बैठक समेत बसेको थियो भने उता ने.क.पा. माओवादीले संचालन गरेको जनयुद्ध चरम उत्कर्षमा पुगेको थियो । सोही समयमा संसदवादी पार्टीहरू र युद्धरत ने.क.पा. माओवादी बिच सम्झौता भई राजतन्त्र विरुद्ध आन्दोलन गर्ने निर्णय गरी २०६२ साल चैत्रबाट आन्दोलन शुरु भयो । उक्त आन्दोलन थेग्न नसकी तत्कालीन राजा ज्ञानेन्द्रले संसद पुर्नस्थापना गर्ने घोषणा गरे र उक्त संसदबाटै अन्तरिम संविधान २०६३ घोषणा भयो । उक्त संविधानको व्यवस्था बमोजिम संविधान सभाको निर्वाचन गरी संविधान जारी गर्न भनी संविधान सभाको कार्यकाल २ वर्ष तोकी २०६४ साल जेठमा सविधान सभाको निर्वाचन भयो । उक्त निर्वाचनमा प्रत्यक्ष र समानुपातिक पद्धतिबाट संविधान सभाका सदस्यहरू ६०१ जना निर्वाचित गर्ने व्यवस्था गरियो (प्रत्यक्ष निर्वाचनबाट २४० जना र समानुपातिकबाट ३३५ र संविधान सभाबाट मनोनित २६ गरी कुल ६०१) उक्त निर्वाचनमा महिला उम्मेदवारहरूको संख्या र विजयी महिलाहरूको संख्या निम्न तालिकाबाट स्पष्ट पार्ने प्रयास गरिएको छ ।

## तालिका नं. ४

## संविधान सभा निर्वाचन २०६४ मा महिला उम्मेदवारहरू

**प्रत्यक्ष तर्फ**

| राजनीतिक पार्टीहरूको नाम | जम्मा उम्मेदवार | महिला उम्मेदवार | विजयी महिला सांसद |
|---|---|---|---|
| ने.क.पा. माओवादी | २४० | ४२ | २३ |
| नेपाली काँग्रेस | २४० | २६ | २ |
| ने.क.पा. एमाले | २३९ | २७ | १ |
| मधेसी जनअधिकार फोरम | १०३ | ३ | २ |
| त.म.लो.पा. | ९४ | ४ | १ |
| सद्भावना | ८७ | ४ | – |
| जनमोर्चा नेपाल | २०३ | २८ | – |
| ने.म.की.पा. | ९८ | २७ | – |
| राष्ट्रिय जनमोर्चा | १२२ | १५ | – |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | २३२ | २२ | – |
| ने.क.पा. माले | ११६ | ११ | – |
| राष्ट्रिय जनशक्ति पार्टी | १९८ | १४ | – |
| रा.प्र.पा. नेपाल | २०४७ | ८ | – |
| ने.क.पा. एकिकृत | १३६ | १० | – |
| सद्भावना (आनन्दी देवी) | १०४ | १३ | – |
| ने.क.पा. संयुक्त | ५५ | ६ | – |
| राष्ट्रिय जनमुक्ति पार्टी | ८४ | ८ | – |
| अन्य साना पार्टीहरू | ५७५ | ५८ | – |
| स्वतन्त्र | ८१६ | ४२ | – |

स्रोत : निर्वाचन आयोग, २०६५ ।

**तालिका नं. ५**

**संविधान सभा निर्वाचन २०६४ (समानुपातिक तर्फ) विजयी महिला सभासदहरू**

| राजनीतिक पार्टीहरूको नाम | जम्मा उम्मेदवार | विजयी महिला |
|---|---|---|
| ने.क.पा. माओवादी | १०० | ५० |
| नेपाली काँग्रेस | ७३ | ३६ |
| ने.क.पा. एमाले | ७० | ३५ |
| मधेसी जनअधिकार फोरम | २२ | ११ |
| त.म.लो.पा. | ११ | ५ |
| सद्भावना | ५ | २ |
| जनमोर्चा नेपाल | ५ | २ |
| ने.म.की.पा. | २ | १ |
| राष्ट्रिय जनमोर्चा | ३ | १ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ८ | ४ |
| ने.क.पा. माले | ८ | ४ |
| राष्ट्रिय जनशक्ति पार्टी | ३ | १ |
| रा.प्र.पा. नेपाल | ४ | २ |
| ने.क.पा. एकिकृत | २ | १ |
| सद्भावना (आनन्दी देवी) | २ | १ |
| ने.क.पा. संयुक्त | ५ | २ |
| राष्ट्रिय जनमुक्ति पार्टी | २ | १ |
| संघिय लोकतान्त्रिक | २ | १ |
| जनता दल | २ | १ |

स्रोत : निर्वाचन आयोग, २०६५

संविधान सभा निर्वाचनको प्रत्यक्ष निर्वाचनमा राजनैतिक दलहरूले महिलाहरूलाई नगण्य मात्रामा उठाएको कारण सबै राजनैतिक दल र स्वतन्त्र समेत गरी जम्मा २४० जना सभासद मध्ये जम्मा २९ जना महिलाको प्रतिनिधित्व भएको थियो । यो ज्यादै निरासाजनक तथ्याङ्क हो । समानुपातिकतर्फ भने दलहरूले झण्डै झण्डै ५० प्रतिशत

महिलालाई स्थान दिएका थिए । यो सकारात्मक पक्ष भएता पनि संविधान र अन्य कानुनले महिलालाई ५० प्रतिशत सिट आरक्षण गरि दिएकोले बाध्य भई राजनैतिक दलहरूले महिलालाई स्थान दिएको पाइन्छ । संविधान सभा निर्वाचन पछि गठन भएका मन्त्रीमण्डलहरूमा नेपाली महिला उप-प्रधानमन्त्रीसम्म भएता पनि मन्त्रीमण्डलमा महिलालाई साह्रै कम मात्रामा समावेश गरिएको थियो ।

नेपालमा भएका प्रजातान्त्रिक आन्दोलनहरूमा महिलाहरूको सहभागिता उल्लेख्य रूपमा भएकाले प्रजातन्त्रको पुनस्थापना २०४६ पश्चात् नेपालको राजनीतिमा महिला सहभागिता पनि राम्रोसँग नै हुने अपेक्षा गरिएको थियो । महिलाहरू राजनीतिमा सक्रिय पनि हुन थालेका पनि थिए तर राजनैतिक दलहरूको परम्परागत सोचाईले गर्दा महिलाहरूलाई उम्मेदवारका रूपमा प्रस्तुत गर्न हिचकिचाएको देखिन्छ । आम निर्वाचन २०४८ मा नेपाली काँग्रेसका १९३ जना उम्मेदवार मध्ये जम्मा ११ जना महिला उमेदवार थिए । जसमा विजयी महिलाको संख्या ५ जना मात्र थियो । सोही निर्वाचनमा ने.क.पा. एमालेका जम्मा १६८ जना उम्मेदवार मध्ये माहिला उम्मेदवारको संख्या ९ थियो । ती मध्ये २ जना महिलाहरू मात्र विजयी भएका थिए । यस निर्वाचनमा २०५ संसद सदस्य संख्या मध्ये ७ जना महिला मात्र विजयी भई प्रतिनिधि सभामा प्रतिनिधित्व गरेका थिए । मध्यावधि निर्वाचन २०५१ मा पनि महिलाको उपस्थिति नगण्य मात्र देखा पर्‍यो । उक्त निर्वाचनमा नेपाली काँग्रेस ११ जना र ने.क.पा. एमालेका ११ जना उम्मेदवार मध्ये क्रमशः ४ र ३ गरी ७ जना महिला मात्र प्रतिनिधि सभामा पुगे । स्थानीय निर्वाचन २०४९ मा देश भरिका गाउँ विकास समितिहरूबाट ७ जना अर्थात् ०.१७ प्रतिशत महिलाहरू मात्र गा.वि.स. अध्यक्ष भएका थिए । त्यस्तै स्थानीय निर्वाचन २०५४ मा निर्वाचित महिलाहरूको संख्या केही वृद्धि हुन पुग्यो । जसमा २० जना गा.वि.स. अध्यक्ष, १४ जना उपाध्यक्ष पदमा र वडा अध्यक्षमा २४० जना महिलाहरू निर्वाचित भएका थिए । यसबाट स्थानीय निकायमा महिला सहभागिता भने सन्तोषजनक देखिन्छ । आम निर्वाचन २०५६ मा राष्ट्रिय मान्यता प्राप्त दल र अन्य दलबाट गरी ३८ वटा राजनीतिक दलहरूका २२२३ जना महिला उम्मदेवारहरू चुनावी मैदानमा उत्रेका थिए । यो निर्वाचनमा कुल उम्मेदवारीको आधारमा महिला उम्मेदवारले ६.४ प्रतिशत ओगटेका थिए भने विजयी महिला उम्मदेवारको संख्या १२ जना मात्र थियो । यस्तै संविधान सभा निर्वाचन २०६४ को प्रत्यक्ष तर्फको निर्वाचनमा विभिन्न राजनैतिक दलका गरी महिला उम्मेदवारको संख्या ३६८ थियो भने विजयी महिला

उम्मेदवारको संख्या २९ मात्र थियो । समानुपातिक तर्फ ५० प्रतिशत महिला अनिवार्य राख्नुपर्ने कानुनी व्यवस्था भएकोले १६१ जना महिलाहरू समानुपातिक तर्फबाट संविधान सभामा पुगेका थिए । प्रत्यक्ष तर्फ २९ र समानुपातिक १६१ गरी कुल १९० जना महिलाको संविधान सभामा प्रतिनिधित्व भएको थियो ।

दोस्रो संविधान सभा निर्वाचन २०७० मा प्रत्यक्ष तर्फ पुरुष २३० र महिला १० तथा समानुपातिक तर्फ पुरुष १९३ तथा महिला १४२ जना निर्वाचित भएको देखिन्छ । यसले महिलाको राजनीतिक सहभागिता कमजोर रहेको तथ्य प्रस्तुत गर्दछ ।

स्थानीय तहको निर्वाचन २०७४ मा पनि पुरुष २०६८९ जना र महिला १४३५२ जना निर्वाचित भएको देखिन्छ । २०७४ सालको प्रदेश सभा निर्वाचन समानुपातिक तर्फ पुरुष ४८ जना र महिला १७२ जना निर्वाचित भएका छन् । यो संख्या हेर्दा समानुपातिक तर्फबाट पुरुषको तुलनामा महिलाको उपस्थिति बढी देखिन्छ भने प्रत्यक्ष तर्फ ३१३ पुरुष र १७ महिला निर्वाचित भएको देखिन्छ । यसले महिलाको प्रत्यक्ष र सक्रिय राजनीतिमा कमी रहेको देखाउँछ ।

२०७४ सालको प्रतिनिधि सभा निर्वाचनको प्रत्यक्ष तर्फ १५९ पुरुष र ६ जना महिला तथा समानुपातिक तर्फ २६ पुरुष र ८४ महिला निर्वाचित भएको देखिन्छ । यो तथ्याङ्कले पनि प्रत्यक्ष राजनीतिमा महिला सहभागिताको कमी रहेको देखिन्छ ।

माथिको आँकडाबाट के देखिन्छ भने राजनैतिक दलहरूले महिला उम्मेदवारी थोरै दिने त्यही पनि विजयी हुन नसक्ने ठाउँबाट मात्र दिने गरेका कारणले महिलाहरू राजनीति प्रति उत्साहित भएको पाइँदैन ।

# परिच्छेद चार

# डोल्पा जिल्लामा महिला सहभागिताको अवस्था

## ४.१ डोल्पा जिल्लाको परिचय

नेपालका विभिन्न जिल्लाहरू मध्ये डोल्पा पनि एक हो । यो जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्रको कर्णाली अञ्चलमा पर्दछ । वर्तमान संघीय शासन प्रणाली अनुसार डोल्पा जिल्ला प्रदेश नं. ६ अन्तर्गत पर्दछ । डोल्पा क्षेत्रफलको हिसाबले नेपालको सबैभन्दा ठूलो जिल्ला हो । यो उच्च हिमाली क्षेत्रमा पर्दछ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण डोल्पा जिल्लालाई वर्तमान प्रादेशिक संरचना अनुसार ८ वटा स्थानीय तहमा विभाजन गरिएको छ । जसमा काईके गाउँपालिका, छार्का ताङसोङ गाउँपलिका, जगदुला गाउँपालिका, डोल्मो बुद्ध गाउँपालिका, मुड्केचुला गाउँपालिका र शे-फोक्सुडो गाउँपालिका गरी जम्मा ६ वटा गाउँपालिका तथा ठुली भेरी र त्रिपुरासुन्दरी गरी दुई वटा नगरपालिका रहेका छन् । भौगोलिक रूपमा विकट मानिएको यो जिल्ला विकासका दृष्टिले अन्य जिल्लाभन्दा धेरै पछाडि छ । शिक्षा, स्वास्थ्य, सञ्चार र यातायातको पहुँचबाट टाढा रहेको कारण यस जिल्लामा राजनीतिक सचेतनाको पनि कमी छ । अझ त्यसमाथि पनि माहिलाहरूको राजनीतिक सहभागिता र सक्रियता त ज्यादै न्यून रहेको पाइन्छ । संवैधानिक व्यवस्था अनुरूप प्रतिनिधित्व हुने बाहेक स्थानीय तहको निर्वाचन २०७४ मा डोल्पा जिल्लाबाट कुनै पनि महिलाको प्रतिनिधित्व हुन सकेको छैन । प्रतिनिधित्व भएका महिलाहरू पनि अधिकांश प्रतिस्पर्धा नै नगरी निर्विरोध रूपमा चयन भएका छन् । साथै दलित महिलाको उपस्थिति ज्यादै न्यून देखिन्छ । यो शोध डोल्पा जिल्लाको स्थानीय तहमा महिला सहभागिता र विकासमा केन्द्रित भएकाले यहाँ स्थानीय तहको निर्वाचन २०७४ अनुसार डोल्पा जिल्लामा स्थानीय तहको पहिलो चरणको निर्वाचन अन्तर्गत २०७४ वैशाख ३१ गते निर्वाचन सम्पन्न भएको थियो । उक्त निर्वाचनमा भएको महिला सहभागिताको तथ्याङ्क यस अध्ययनमा प्रस्तुत गरिएको छ । डोल्पा जिल्लामा आठ वटा स्थानीय तह रहेका छन् । जसमा महिलाहरूको प्रतिनिधित्व यस प्रकार रहेको पाइन्छ ।

### तालिका नं. ६

## ४.२काईके गाउँपालिकाका महिला प्रतिनिधिहरू

| क्र. सं. | स्थानीय तहको नाम | उम्मेदवारको नामथर | उमेर | लिङ्ग | पद | सम्बन्ध दल | उम्मेदवारको वतन | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | काईके गा.पा. | समता बुढा | ३९ | म | म.स. | एमाले | काईके गा.पा.१ | निर्विरोध |
| २. | काईके गा.पा. | लक्ष्मी घर्ती | ३१ | म | म.स. | एमाले | काईके गा.पा.२ | निर्विरोध |
| ३. | काईके गा.पा. | विषुनी बुढा | ५१ | म | खु.स. | एमाले | काईके गा.पा.३ | निर्विरोध |
| ४. | काईके गा.पा. | कान्छी राना | ५५ | म | म.स. | एमाले | काईके गा.पा.३ | निर्विरोध |
| ५. | काईके गा.पा. | विष्णु बुढा | २३ | म | म.स. | राप्रपा | काईके गा.पा.४ | निर्विरोध |
| ६. | काईके गा.पा. | नजर सुनार | ४९ | म | द.म.स. | राप्रपा | काईके गा.पा.४ | निर्विरोध |
| ७. | काईके गा.पा. | बिमला बुढा | २५ | म | खु.स. | एमाले | काईके गा.पा.५ | विजयी |
| ८. | काईके गा.पा. | पासाङ लाहमु रोकाया | ३१ | म | म.स. | एमाले | काईके गा.पा.५ | निर्विरोध |
| ९. | काईके गा.पा. | विष्णु वि.क. | ३१ | म | द.म.स. | एमाले | काईके गा.पा.५ | निर्विरोध |
| १० | काईके गा.पा. | खादु रोकाया | ४६ | म | म.स. | राप्रपा | काईके गा.पा.६ | विजयी |
| ११. | काईके गा.पा. | जुना मिजार | ४८ | म | द.म.स. | राप्रपा | काईके गा.पा.६ | निर्विरोध |
| १२. | काईके गा.पा. | छेमान बोहोरा | ५४ | म | म.स. | एमाले | काईके गा.पा.७ | निर्विरोध |
| १३. | काईके गा.पा. | नर्मदि मिजार | ५४ | म | द.म.स. | एमाले | काईके गा.पा.७ | निर्विरोध |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन आयोग ।

डोल्पा जिल्लाका आठवटा स्थानीय तहहरू मध्ये काईके गाउँपालिका पनि एक हो । उक्त गाउँपालिकामा जम्मा ७ वटा वडाहरू रहेका छन् । सात वडाका ३५ प्रतिनिधिहरू र गाउँपालिकाका अध्यक्ष एवम् उपाध्यक्ष गरी ३७ जनाको समूहमा १३ जना महिलाको प्रतिनिधित्व भएको देखिन्छ । जसमा वडा नं. १ बाट १ जना, दुईबाट १ जना, तीनबाट २ जना, चारबाट २ जना, पाँचबाट ३ जना, छबाट २ जना र सातबाट २ जना रहेका छन् । त्यस मध्ये वडा नं. ५ र वडा नं. ६ बाट एक-एक जना महिलाले स्थानीय तहको निर्वाचनमा प्रतिस्पर्धा गरी जितेको देखिन्छ भने अन्य सबैले निर्विरोध रूपमा प्रतिनिधित्व गरेको देखिन्छ । जुन कुरालाई माथिको तालिकाले स्पष्ट पारेको छ । यसरी हेर्दा यस गाउँपालिकामा खुला सदस्यमा दुईजना महिला चयन भएका छन् भने महिला सदस्यमा प्रत्येक वडाबाट १/१ जना महिलाको प्रतिनिधित्व भएको देखिन्छ । दलित महिला सदस्यमा यस गाउँपालिकामा जम्मा चार जना महिलाको प्रतिनिधित्व हुनुले तीन वटा वडामा दलित

महिलाको उपस्थिति नरहेको कुरा स्पष्ट हुन्छ । अधिकांश विजयी महिला आरक्षण मार्फत् निर्वाचित हुन सफल भएको र समग्र गाउँपालिकामा २ जना मात्र महिला खुल्ला सदस्यमा निर्वाचित हनले महिलाको सहभागिता कमजोर रहेको पुष्टि हुन्छ ।

**तालिका नं. ७**

## ४.३ छार्का ताङसोङ गाउँपालिकाका महिला प्रतिनिधिहरू

| क्र.सं. | स्थानीय तहको नाम | उम्मेदवारको नामथर | उमेर | लिङ्ग | पद | सम्बन्ध दल | उम्मेदवारको वतन | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | छार्का ताङसोङ गा.पा. | छिरिङ दिहिको गुरुङ | ४१ | म | उपाध्यक्ष | एमाले | छार्का ताङसोङ ४ | विजयी |
| २. | छार्का ताङसोङ गा.पा. | कारमा डोल्मा गुरुङ | ४४ | म | म.स. | एमाले | छार्का ताङसोङ १ | निर्विरोध |
| ३. | छार्का ताङसोङ गा.पा. | कार्मा ताजमा गुरुङ | २८ | म | म.स. | एमाले | छार्का ताङसोङ २ | निर्विरोध |
| ४. | छार्का ताङसोङ गा.पा. | ल्हाज्याम गुरुङ | ५२ | म | म.स. | एमाले | छार्का ताङसोङ ३ | निर्विरोध |
| ५. | छार्का ताङसोङ गा.पा. | पेमाछुईजुङ गुरुङ | ४९ | म | म.स. | एमाले | छार्का ताङसोङ ४ | निर्विरोध |
| ६. | छार्का ताङसोङ गा.पा. | टोटुमा गुरुङ | २८ | म | म.स. | एमाले | छार्का ताङसोङ ५ | निर्विरोध |
| ७. | छार्का ताङसोङ गा.पा. | कारमाताजिङ गुरुङ | २८ | म | म.स. | एमाले | छार्का ताङसोङ ६ | निर्विरोध |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन आयोग ।

डोल्पा जिल्लाका आठवटा स्थानीय तहहरू मध्ये छार्का ताङसोङ गाउँपालिका पनि एक हो । उक्त गाउँपालिकामा जम्मा ६ वटा वडाहरू रहेका छन् । ६ वटा वडाका ३० र गाउँपालिकाका अध्यक्ष एवं उपाध्यक्ष  गरी जम्मा ३२ जना प्रतिनिधि मध्ये यस गाउँपालिकामा सात जना महिलाको प्रतिनिधि भएको देखिन्छ । जसमा गाउँपालिका उपाध्यक्ष बाहेकका सम्पूर्ण वडाका महिला सदस्यहरू निर्विरोध रूपमा चयन भएको पाइन्छ । यस गाउँपालिकाका प्रत्येक वडाबाट १/१ जना महिलाले मात्र निर्विरोध रूपमा प्रतिनिधित्व गर्नुले उक्त गाउँपालिकामा दलित माहिलाहरूको उपस्थिति नभएको वा राजनीतिमा चासो नभएको भन्ने देखिन्छ । साथै खुला प्रतिनिधिमा महिला चयन नहुनुले राजनीतिमा महिलाको सक्रियता नभएको कुरालाई माथिको तालिकाले स्पष्ट पारेको छ ।

तालिका नं. ८

## ४.४ जगदुल्ला गाउँपालिकाका महिला प्रतिनिधिहरू

| क्र.सं. | स्थानीय तहको नाम | उम्मेदवारको नामथर | उमेर | लिङ्ग | पद | सम्बन्ध दल | उम्मेदवारको वतन | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | जगदुल्ला गा.पा. | अमृता लामा | ५९ | म | उपाध्यक्ष | मा.के. | जगदुल्ला ४ | विजयी |
| २. | जगदुल्ला गा.पा. | पञ्चदेवी रावल | २९ | म | सदस्य | एमाले | जगदुल्ला १ | विजयी |
| ३. | जगदुल्ला गा.पा. | सेरु बुढा | ४० | म | म.स. | एमाले | जगदुल्ला १ | विजयी |
| ४. | जगदुल्ला गा.पा. | मोतिसरा वि.क. | ४१ | म | दु.म.स. | एमाले | जगदुल्ला १ | विजयी |
| ५. | जगदुल्ला गा.पा. | हिरामणी बडुवाल | ३५ | म | म.स. | एमाले | जगदुल्ला २ | विजयी |
| ६. | जगदुल्ला गा.पा. | रूपधन ऐडी | ४७ | म | म.स. | मा.के. | जगदुल्ला ३ | विजयी |
| ७. | जगदुल्ला गा.पा. | बुद्धीरूपा वि.क. | ३५ | म | दु.म.स. | मा.के. | जगदुल्ला ३ | विजयी |
| ८. | जगदुल्ला गा.पा. | कार्यली रोकाया | ४० | म | सदस्य | मा.के. | जगदुल्ला ४ | विजयी |
| ९. | जगदुल्ला गा.पा. | सितला बुढा | ४१ | म | म.स. | मा.के. | जगदुल्ला ४ | विजयी |
| १० | जगदुल्ला गा.पा. | पानमती वि.क. | ४८ | म | दु.म.स. | मा.के. | जगदुल्ला ४ | निर्विरोध |
| ११. | जगदुल्ला गा.पा. | नन्दादेवी बोहोरा | ४७ | म | म.स. | मा.के. | जगदुल्ला ५ | विजयी |
| १२. | जगदुल्ला गा.पा. | बिसकला कामी | ५५ | म | दु.म.स. | मा.के. | जगदुल्ला ५ | निर्विरोध |
| १३. | जगदुल्ला गा.पा. | बसन्ती बुढा | ४३ | म | सदस्य | मा.के. | जगदुल्ला ६ | विजयी |
| १४ | जगदुल्ला गा.पा. | सुन्दरी रोकाया | २९ | म | म.स. | मा.के. | जगदुल्ला ६ | विजयी |
| १५ | जगदुल्ला गा.पा. | कुमसरी कामी | ४४ | म | दु.म.स. | मा.के. | जगदुल्ला ६ | विजयी |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन आयोग ।

डोल्पा जिल्लाका आठवटा स्थानीय तहहरू मध्ये जगदुल्ला गाउँपालिका पनि एक हो । उक्त गाउँपालिकामा पनि जम्मा ६ वटा वडाहरू रहेका छन् । ६ वटा वडाका ३० र गाउँपालिका अध्यक्ष एवम् उपाध्यक्ष गरी जम्मा ३२ जना प्रतिनिधिहरू मध्ये यस गाउँपालिकामा १५ जना महिलाको प्रतिनिधित्व भएको देखिन्छ । जसमा गाउँपालिका उपाध्यक्ष १ जना, वडा नं. १ बाट ३ जना, वडा नं. २ बाट १ जना, वडा नं. ३ बाट २ जना, वडा नं. ४ बाट ३ जना, वडा नं. ५ बाट २ जना र वडा नं. ६ बाट ३ जनाको उपस्थिति रहेको पाइन्छ । वडा नं. ४ र वडा नं. ५ का दलित महिला सदस्य बाहेक अन्य सम्पूर्ण महिला प्रतिनिधि निर्वाचित भएका कारण यस गाउँपालिकाका महिलामा अघिल्ला गाउँपालिकाको तुलनामा राजनीतिक सचेतना बढी रहेको देखिन्छ । साथै वडा नं.

२ मा दलित महिलाको उपस्थिति नरहेको तथा खुला पदमा महिलाले प्रतिनिधित्व गर्न नसकेको यथार्थलाई पनि माथिको तालिकाले स्पष्ट पारेको छ ।

**तालिका नं. ९**

## ४.५ ठुलीभेरी न.पा.का महिला प्रतिनिधिहरू

| क.सं. | स्थानीय तहको नाम | उम्मेदवारको नामथर | उमेर | लिङ्ग | पद | सम्बन्ध दल | उम्मेदवारको वतन | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | ठुलीभेरी न.पा. | मायादेवी बुढा | ३४ | म | म.स. | राप्रपा | ठुलीभेरी १ | विजयी |
| २. | ठुलीभेरी न.पा. | देवि रोकाया | ५५ | म | वडाअध्यक्ष | एमाले | ठुलीभेरी २ | विजयी |
| ३. | ठुलीभेरी न.पा. | देविलक्ष्मी रोकाया | ५० | म | म.स. | एमाले | ठुलीभेरी २ | विजयी |
| ४. | ठुलीभेरी न.पा. | लालमाया मिजार | ३८ | म | द.म.स. | एमाले | ठुलीभेरी २ | विजयी |
| ५. | ठुलीभेरी न.पा. | मायादेवी शाही | ४७ | म | म.स. | एमाले | ठुलीभेरी ३ | विजयी |
| ६. | ठुलीभेरी न.पा. | चेलकलि विश्वकर्मा | ५८ | म | म.स. | ने.का. | ठुलीभेरी ३ | विजयी |
| ७. | ठुलीभेरी न.पा. | धनसरा रोकाया | ६० | म | दु.म.स. | एमाले | ठुलीभेरी ४ | विजयी |
| ८. | ठुलीभेरी न.पा. | शशि बोहोरा | ३४ | म | म.स. | राप्रपा | ठुलीभेरी ५ | विजयी |
| ९. | ठुलीभेरी न.पा. | कल्पना वि.क. | ३३ | म | दु.म.स. | एमाले | ठुलीभेरी ५ | विजयी |
| १० | ठुलीभेरी न.पा. | जुनाकुमारी रोकाया | ४६ | म | म.स. | एमाले | ठुलीभेरी ६ | विजयी |
| ११. | ठुलीभेरी न.पा. | कालि सार्की | ४१ | म | दु.म.स. | एमाले | ठुलीभेरी ६ | विजयी |
| १२. | ठुलीभेरी न.पा. | चन्द्रकुमारी रोकाया | ४७ | म | म.स. | एमाले | ठुलीभेरी ७ | विजयी |
| १३. | ठुलीभेरी न.पा. | पिरमा कुमारी शाही | ३६ | म | म.स. | एमाले | ठुलीभेरी ८ | विजयी |
| १४ | ठुलीभेरी न.पा. | लालि कुमारी दर्जी | ४० | म | दु.म.स. | एमाले | ठुलीभेरी ८ | विजयी |
| १५ | ठुलीभेरी न.पा. | धनसरा श्रेग शाही | ४३ | म | म.स. | राप्रपा | ठुलीभेरी ९ | विजयी |
| १६ | ठुलीभेरी न.पा. | पासाङ लामु बुढा | २६ | म | म.स. | स्वतन्त्र | ठुलीभेरी १० | निर्विरोध |
| १७ | ठुलीभेरी न.पा. | रुकुमा कामी | ४५ | म | दु.म.स. | स्वतन्त्र | ठुलीभेरी १० | निर्विरोध |
| १८ | ठुलीभेरी न.पा. | काली कार्की | ४९ | म | म.स. | एमाल | ठुलीभेरी ११ | विजयी |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन आयोग ।

डोल्पा जिल्लाका आठवटा स्थानीय तहहरू मध्ये ठुलीभेरी नगरपालिका पनि एक हो । उक्त नगरपालिकामा जम्मा ११ वटा वडाहरू रहेका छन् । ११ वटा वडाका ५५ र नगरपालिकाका मेयर एवम् उपमेयर गरी जम्मा ५७ जना स्थानीय जनप्रतिनिधिहरू मध्ये यस नगरपालिकामा १८ जना महिलाको प्रतिनिधित्व रहेको देखिन्छ । जसमा वडा नं. १

बाट १ जना, वडा नं. २ बाट ३ जना, वडा नं. ३ बाट २ जना, वडा नं. ४ बाट १ जना, वडा नं. ५ बाट २ जना, वडा नं. ६ बाट २ जना, वडा नं. ७ बाट १ जना, वडा नं. ८ बाट २ जना, वडा नं. ९ बाट १ जना, वडा नं. १० बाट २ जना र वडा नं. ११ बाट १ जनाले प्रतिनिधित्व गरेको देखिन्छ । उक्त महिला प्रतिनिधिहरू मध्ये वडा नं. ८ को दलित महिला सदस्य र वडा नं. १० का दलित महिला सदस्य तथा महिला सदस्य निर्विरोध रूपमा चयन भएको देखिन्छ भने अन्य सदस्यहरू निर्वाचित भएर चयन भएको देखिन्छ । साथै वडा नं. १, ४, ७, ९ र ११ मा दलित महिलाको प्रतिनिधित्व हुन नसकेको देखिन्छ । यसरी माथिको तालिकाको आधारमा भन्नुपर्दा यस नगरपालिकामा राजनीतिप्रति महिलाहरूको पनि सक्रियता रहेको कुरा स्पष्ट हुन्छ ।

**तालिका नं. १०**

## ४.६ डोल्पो बुद्ध गाउँपालिकाका महिला प्रतिनिधिहरू

| क.सं. | स्थानीय तहको नाम | उम्मेदवारको नामथर | उमेर | लिङ्ग | पद | सम्बन्ध दल | उम्मेदवारको वतन | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | डोल्पो बुद्ध गा.पा. | छोमु गुरुङ | ४३ | म | म.स. | एमाले | डोल्पो बुद्ध १ | निर्विरोध |
| २. | डोल्पो बुद्ध गा.पा. | धान्जेन भोटे | २९ | म | म.स. | एमाले | डोल्पो बुद्ध २ | निर्विरोध |
| ३. | डोल्पो बुद्ध गा.पा. | पेम्मा तेचेल गुरुङ | २८ | म | म.स. | एमाले | डोल्पो बुद्ध ३ | निर्विरोध |
| ४. | डोल्पो बुद्ध गा.पा. | तेन्डेल गुरुङ | ३५ | म | म.स. | एमाले | डोल्पो बुद्ध ४ | निर्विरोध |
| ५. | डोल्पो बुद्ध गा.पा. | ािनाम साङमो गुरुङ | ४१ | म | म.स. | एमाले | डोल्पो बुद्ध ५ | निर्विरोध |
| ६. | डोल्पो बुद्ध गा.पा. | छिरिङ गुरुङ | ४७ | म | वडाअध्यक्ष | एमाले | डोल्पो बुद्ध ६ | निर्विरोध |
| ७. | डोल्पो बुद्ध गा.पा. | आङमो गुरुङ | ३८ | म | म.स. | एमाले | डोल्पो बुद्ध ६ | निर्विरोध |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन आयोग ।

डोल्पा जिल्लाका आठवटा स्थानीय तहहरू मध्ये डोल्पो बुद्ध गाउँपालिका पनि एक हो । उक्त गाउँपालिकामा जम्मा ६ वटा वडाहरू रहेका छन् । स्थानीय तहको निर्वाचन २०७४ को तथ्याङ्क अनुसार ६ वटा वडाका ३० र गाउँपालिका अध्यक्ष एवं उपाध्यक्ष गरी जम्मा ३२ जना जनप्रतिनिधिहरू मध्ये यस गाउँपालिकामा ७ जना महिला प्रतिनिधिहरू रहेका छन् । जसमा प्रत्येक वडाबाट १/१ जना महिला सदस्य र वडा नं. ६ बाट १ जना महिलाले वडा अध्यक्ष पदमा निर्विरोध रूपमा विजयी हाँसिल गरेको देखिन्छ । यस तथ्याङ्कले डोल्पो बुद्ध गाउँपालिकामा राजनीतिप्रति महिलाहरूको सक्रियतामा कमी रहेको

देखाउँछ । साथै उक्त गाउँपालिकामा दलित महिलाको उपस्थिति शुन्य रहनुले दलितको बसोबास नरहेको कुरालाई स्पष्ट पार्दछ ।

### तालिका नं. ११

## ४.७ त्रिपुरासुन्दरी न.पा.का महिला प्रतिनिधिहरू

| क्र.सं. | स्थानीय तहको नाम | उम्मेदवारको नामथर | उमेर | लिङ्ग | पद | सम्बन्ध दल | उम्मेदवारको वतन | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | त्रिपुरासुन्दरी न.पा. | चन्द्रा कुमारी बुढा | ४४ | म | उपमेयर | एमाल | त्रिपुराकोट २ | विजयी |
| २. | त्रिपुरासुन्दरी न.पा. | लक्ष्मी कु. शाही | ३८ | म | म.स. | ने.काँ. | त्रिपुराकोट १ | विजयी |
| ३. | त्रिपुरासुन्दरी न.पा. | न्याली सार्की | ५४ | म | द.म.स. | ने.काँ. | त्रिपुराकोट १ | विजयी |
| ४. | त्रिपुरासुन्दरी न.पा. | मनचन्दा बुढा | ४४ | म | म.स. | एमाले | त्रिपुराकोट २ | विजयी |
| ५. | त्रिपुरासुन्दरी न.पा. | सुनिता वि.क. सुनार | २४ | म | द.म.स. | एमाले | त्रिपुराकोट २ | विजयी |
| ६. | त्रिपुरासुन्दरी न.पा. | फुल्य डाँगी | ५४ | म | म.स. | एमाले | त्रिपुराकोट ३ | विजयी |
| ७. | त्रिपुरासुन्दरी न.पा. | हरीकला कामी | ५५ | म | द.म.स. | मा.के. | त्रिपुराकोट ३ | विजयी |
| ८. | त्रिपुरासुन्दरी न.पा. | कमला बोहरा | ५९ | म | म.स. | एमाले | त्रिपुराकोट ४ | विजयी |
| ९. | त्रिपुरासुन्दरी न.पा. | हासु वि.क. | ४३ | म | द.म.स. | एमाले | त्रिपुराकोट ४ | निर्विरोध |
| १० | त्रिपुरासुन्दरी न.पा. | हिरा रोकाया | ३२ | म | म.स. | मा.के. | त्रिपुराकोट ५ | विजयी |
| ११. | त्रिपुरासुन्दरी न.पा. | पुनला दमाई | ४० | म | द.म.स. | एमाले | त्रिपुराकोट ५ | विजयी |
| १२. | त्रिपुरासुन्दरी न.पा. | जय कु. चलाउने | ५९ | म | म.स. | मा.के. | त्रिपुराकोट ६ | विजयी |
| १३. | त्रिपुरासुन्दरी न.पा. | मनसरी वि.क. | ४६ | म | द.म.स. | मा.के. | त्रिपुराकोट ६ | विजयी |
| १४ | त्रिपुरासुन्दरी न.पा. | कल्पना के.सी. | २७ | म | म.स. | एमाले | त्रिपुराकोट ७ | विजयी |
| १५ | त्रिपुरासुन्दरी न.पा. | कालु कटुवाल | ३९ | म | म.स. | ने.का. | त्रिपुराकोट ८ | विजयी |
| १६ | त्रिपुरासुन्दरी न.पा. | कमला वि.क. | ३० | म | द.म.स. | एमाले | त्रिपुराकोट ८ | विजयी |
| १७ | त्रिपुरासुन्दरी न.पा. | रमा बोहरा | ४० | म | वडाध्यक्ष | ने.का. | त्रिपुराकोट ९ | विजयी |
| १८ | त्रिपुरासुन्दरी न.पा. | धनचन्द्र बोहरा | ३१ | म | म.स. | एमाले | त्रिपुराकोट ९ | विजयी |
| १९ | त्रिपुरासुन्दरी न.पा. | सत्वरूपा कामी | ३० | म | द.म.स. | एमाले | त्रिपुराकोट ९ | विजयी |
| २० | त्रिपुरासुन्दरी न.पा. | लक्ष्मी थरला | ३१ | म | वडासदस्य | एमाले | त्रिपुराकोट १० | विजयी |
| २१ | त्रिपुरासुन्दरी न.पा. | हिराचन्द्र बोहरा | ४९ | म | म.स. | ने.का. | त्रिपुराकोट १० | विजयी |
| २२ | त्रिपुरासुन्दरी न.पा. | देवि घर्ती | ३४ | म | म.स. | एमाले | त्रिपुराकोट ११ | विजयी |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन आयोग ।

डोल्पा जिल्लाका आठवटा स्थानीय तहहरू मध्ये त्रिपुरासुन्दरी नगरपालिका पनि एक हो । उक्त नगरपालिकामा जम्मा ११ वटा वडाहरू रहेका छन् । स्थानीय तहको निर्वाचन २०७४ को तथ्याङ्क अनुसार ११ वटा वडाका ५५ र नगरपालिकाका मेयर तथा उपमेयर गरी जम्मा ५७ जना स्थानीय जनप्रतिनिधिहरू मध्ये यस नगरपालिकामा २२ जना महिलाको उपस्थिति रहेको देखिन्छ । जसमा उपमेयर १ जना, वडा नं. १ बाट २ जना, वडा नं. २ बाट २ जना, वडा नं. ३ बाट २ जना, वडा नं. ४ बाट २ जना, वडा नं. ५ बाट २ जना, वडा नं. ६ बाट २ जना, वडा नं. ७ बाट २ जना, वडा नं. ८ बाट २ जना, वडा नं.

९ बाट २ जना, वडा नं. १० बाट २ जना र वडा नं. ११ बाट १ जनाले प्रतिनिधित्व गरेको देखिन्छ । त्यस मध्ये वडा नं. ४ बाट प्रतिनिधित्व गर्ने दलित महिला सदस्य निर्विरोध रूपमा चयन भएको र अन्य महिला प्रतिनिधिहरू निर्वाचन प्रक्रियाबाट नै विजयी भएकाले यस नगरपालिकामा राजनीतिप्रति महिलाहरूको सक्रियता बढी रहेको कुरा सहजै अनुमान गर्न सकिन्छ । साथै वडा नं. ११ मा दलित बस्ती नभएको कारण खुला पदमा महिलाले प्रतिनिधित्व गर्न नसकेको कुरा पनि माथिको तालिकाले स्पष्ट पारेको छ ।

**तालिका नं. १२**

## ४.८ मुङकेचुला गाउँपालिकाका महिला प्रतिनिधिहरू

| क्र. सं. | स्थानीय तहको नाम | उम्मेदवारको नामथर | उमेर | लिङ्ग | पद | सम्बन्ध दल | उम्मेदवारको वतन | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | मुङ्केचुला गा.पा. | सबिता कु. रोकाया | २९ | म | उपाध्यक्ष | एमाले | मुङ्केचुला ७ | विजयी |
| २. | मुङ्केचुला गा.पा. | विष्णु कमारी शाही | ३४ | म | म.स. | एमाले | मुङ्केचुला १ | विजयी |
| ३. | मुङ्केचुला गा.पा. | धुप कुमारी वि.क. | ५० | म | द.म.स. | मा.के. | मुङ्केचुला १ | निर्विरोध |
| ४. | मुङ्केचुला गा.पा. | नन्द कुमारी शाही | ५६ | म | म.स. | एमाले | मुङ्केचुला २ | विजयी |
| ५. | मुङ्केचुला गा.पा. | धनसरी वि.क. | ३८ | म | द.म.स. | एमाले | मुङ्केचुला २ | विजयी |
| ६. | मुङ्केचुला गा.पा. | पञ्चायती शाही | ५० | म | म.स. | मा.के. | मुङ्केचुला ३ | विजयी |
| ७. | मुङ्केचुला गा.पा. | बासु सार्की | ३६ | म | द.म.स. | मा.के. | मुङ्केचुला ३ | विजयी |
| ८. | मुङ्केचुला गा.पा. | काली रोकाया | ५० | म | म.स. | एमाले | मुङ्केचुला ४ | विजयी |
| ९. | मुङ्केचुला गा.पा. | जुनकली कामी | ६४ | म | द.म.स. | मा.के. | मुङ्केचुला ४ | निर्विरोध |
| १० | मुङ्केचुला गा.पा. | अजमति बोहोरा | ६० | म | म.स. | एमाले | मुङ्केचुला ५ | विजयी |
| ११. | मुङ्केचुला गा.पा. | माया कु. ठकुल्ला | ३३ | म | म.स. | एमाले | मुङ्केचुला ६ | विजयी |
| १२. | मुङ्केचुला गा.पा. | कौसिला वि.क. | ३४ | म | द.म.स. | एमाले | मुङ्केचुला ६ | विजयी |
| १३. | मुङ्केचुला गा.पा. | गौरी बुढा | ४३ | म | वडाध्यक्ष | मा.के. | मुङ्केचुला ७ | विजयी |
| १४ | मुङ्केचुला गा.पा. | हरारी रोकाया | ६० | म | म.स. | मा.के. | मुङ्केचुला ७ | विजयी |
| १५ | मुङ्केचुला गा.पा. | विष्णु परियार | २९ | म | द.म.स. | मा.के. | मुङ्केचुला ७ | विजयी |
| १६ | मुङ्केचुला गा.पा. | जयकाली बुढा | ३९ | म | म.स. | मा.के. | मुङ्केचुला ८ | विजयी |
| १७ | मुङ्केचुला गा.पा. | पञ्चरूपा वि.क. | ३६ | म | द.म.स. | मा.के. | मुङ्केचुला ८ | विजयी |
| १८ | मुङ्केचुला गा.पा. | धन कुमारी बुढा | ४६ | म | म.स. | एमाले | मुङ्केचुला ९ | विजयी |
| १९ | मुङ्केचुला गा.पा. | दुधकाली दमाई | ३७ | म | द.म.स. | एमाले | मुङ्केचुला ९ | विजयी |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन आयोग ।

डोल्पा जिल्लाका आठवटा स्थानीय तहहरू मध्ये मुड्केचुला गाउँपालिका पनि एक हो । उक्त गाउँपालिकामा ९ वडा वडाहरू रहेका छन् । ९ वटा वडाका ४५ र गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष गरी जम्मा ४७ जना स्थानीय जनप्रतिनिधिहरू मध्ये १९ जना महिलाहरूको प्रतिनिधित्व रहेको देखिन्छ । गाउँपालिका उपाध्यक्षमा १ जना, वडा नं. १ बाट २ जना, वडा नं. २ बाट २ जना, वडा नं. ३ बाट २ जना, वडा नं. ४ बाट २ जना, वडा नं. ५ बाट १ जना, वडा नं. ६ बाट २ जना, वडा नं. ७ बाट ३ जना, वडा नं. ८ बाट २ जना र वडा नं. ९ बाट २ जना महिलाको प्रतिनिधित्व भएको देखिन्छ । त्यसमा वडा नं. १ र ४ बाट दलित महिला सदस्य निर्बिरोध रूपमा चयन भएको देखिन्छ । भने अन्य महिला सदस्यहरूले निर्वाचनमा विजयी हाँसिल गरेको देखिन्छ । यसबाट मुड्केचुला गाउँपालिकामा पनि राजनीतिप्रति महिलाको  चासो रहेको कुरा स्पष्ट हुन्छ । साथै वडा नं. ५ मा दलित बस्ती नभएको र खुला पदमा महिलाले विजयी हाँसिल गर्न नसकेको कुरा पनि माथिको तालिकाबाट स्पष्ट हुन्छ ।

**तालिका नं. १३**

## ४.९शे-फोक्सुण्डो गाउँपालिकाका महिला प्रतिनिधिहरू

| क्र. सं. | स्थानीय तहको नाम | उम्मेदवारको नामथर | उमेर | लिङ्ग | पद | सम्बन्ध दल | उम्मेदवारको वतन | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | शे-फोक्सुण्डो गा.पा. | फुर्वा गुरुङ | ४० | म | म.स. | एमाले | शे-फोक्सुण्डो १ | निर्विरोध |
| २. | शे-फोक्सुण्डो गा.पा. | तद्धेन्ल गुरुङ | ३४ | म | म.स. | एमाले | शे-फोक्सुण्डो २ | निर्विरोध |
| ३. | शे-फोक्सुण्डो गा.पा. | खाडो गुरुङ | ६३ | म | म.स. | एमाले | शे-फोक्सुण्डो ३ | निर्विरोध |
| ४. | शे-फोक्सुण्डो गा.पा. | छिरिङ साङ्गो बुढा | ४२ | म | म.स. | एमाले | शे-फोक्सुण्डो ४ | निर्विरोध |
| ५. | शे-फोक्सुण्डो गा.पा. | आङमे वि.क. | ४५ | म | द.म.स. | एमाले | शे-फोक्सुण्डो ४ | निर्विरोध |
| ६. | शे-फोक्सुण्डो गा.पा. | सन्चोक लोबु गुरुङ | ३७ | म | म.स. | एमाले | शे-फोक्सुण्डो ५ | निर्विरोध |
| ७. | शे-फोक्सुण्डो गा.पा. | छिरिङ मुटुन वि.क. | ५४ | म | द.म.स. | एमाले | शे-फोक्सुण्डो ५ | निर्विरोध |
| ८. | शे-फोक्सुण्डो गा.पा. | पेमा छिरिङ गुरुङ | ३० | म | म.स. | एमाले | शे-फोक्सुण्डो ६ | निर्विरोध |
| ९. | शे-फोक्सुण्डो गा.पा. | छेईतन गुरुङ | २७ | म | म.स. | एमाले | शे-फोक्सुण्डो ७ | निर्विरोध |
| १० | शे-फोक्सुण्डो गा.पा. | पेमा साङ्गे बेजी | ४२ | म | म.स. | एमाले | शे-फोक्सुण्डो ८ | निर्विरोध |
| ११. | शे-फोक्सुण्डो गा.पा. | पासाङ लिमा बेजी | ४४ | म | म.स. | एमाले | शे-फोक्सुण्डो ९ | निर्विरोध |

स्रोत : स्थानीय तह निर्वाचन २०७४, निर्वाचन आयोग ।

डोल्पा जिल्लाका आठवटा स्थानीय तहहरू मध्ये शे-फोक्सुण्डो गाउँपालिका पनि एक हो । उक्त गाउँपालिकामा ९ वडा वडाहरू रहेका छन् । ९ वटा वडाका ४५ र गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष गरी जम्मा ४७ जना स्थानीय जनप्रतिनिधिहरू मध्ये यस गाउँपालिकामा ११ जना महिला उपस्थिति रहेको छ । यो उपस्थिति ज्यादै न्यून उपस्थिति हो । जसमा वडा नं. १ बाट १ जना, वडा नं. २ बाट १ जना, वडा नं. ३ बाट १ जना, वडा नं. ४ बाट २ जना, वडा नं. ५ बाट २ जना, वडा नं. ६ बाट १ जना, वडा नं. ७ बाट १ जना, वडा नं. ८ बाट १ जना र वडा नं. ९ बाट १ जनाले प्रतिनिधित्व गरेका छन् । यस गाउँपालिकाको वडा नं. ४ र ५ बाहेक अन्य वडामा दलित महिलाको उपस्थिति नरहेको तथा सम्पूर्ण महिलाहरू निर्बिरोध रूपमा निर्वाचित भएको तथ्याङ्कले राजनीतिप्रति महिलाहरूको सहभागिता र सक्रियता दुबैमा कमी रहेको देखिन्छ ।

यसरी समग्रमा भन्नुपर्दा ६ वटा गाउँपालिका र २ वटा नगरपालिका गरी जम्मा ८ वटा स्थानीय तह रहेको डोल्पा जिल्लामा स्थानीय तहको निर्वाचन २०७४ को तथ्याङ्क अनुसार महिलाको सहभागिता र प्रतिनिधित्व ज्यादै न्यून रहेको तथा दलित बस्तीको अभावमा दलित माहिलाको प्रतिनिधित्व हुन नसकेको देखिन्छ । साथै खुला पदमा महिलाले प्रतिस्पर्धा गर्न नसकेको कुरा स्पष्ट हुन्छ । प्राप्त तथ्याङ्क अनुसार डोल्पा जिल्लाका आठवटा स्थानीय तहहरू मध्ये काइके गा.पा.मा प्रतिशत जगदुल्ला गा.पा.मा ४६.८७ प्रतिशत, ठुलीभेरी न.पा.मा ३१.५७ प्रतिशत, डोल्पो बुद्ध गा.पा.मा २१.८७ प्रतिशत, त्रिपुरासुन्दरी न.पा.मा ३८.५९ प्रतिशत, मुड्केचुला गा.पा.मा ४०.४२ प्रतिशत, र शे-फोक्सुण्डो गा.पा.मा २३.४० प्रतिशत महिलाहरूको उपस्थिति अर्थात् सहभागिता रहेको पाइन्छ । प्राप्त विवरण अनुसार स्थानीय तहमा महिलाको प्रतिनिधित्व ४० प्रतिशत सुनिश्चित भएको अवस्थामा समेत डोल्पा जिल्लाका जगदुल्ला गा.पा. र मुड्केचुला गा.पा. बाहेक अन्य स्थानीय निकायमा महिला सहभागिता आवश्यकता भन्दा पनि न्यून रहेको देखिन्छ । यसले डोल्पा जिल्लामा राजनीतिप्रति महिलाहरूको चासो र सहभागिता दुबैमा कमी रहेको तथ्यलाई स्पष्ट पार्दछ ।

# परिच्छेद पाँच

# महिला सहभागितामा देखा परेका समस्या र समाधानका उपायहरु

## परिचय

डोल्पा जिल्ला भौगोलिक रूपमा विकट र उच्च हिमाली जिल्ला हो । यो जिल्ला क्षेत्रफलको हिसाबले नेपालको सबैभन्दा ठूलो छ । नेपालमा भएका विभिन्न प्रकारका राजनीतिक आन्दोलन र परिवर्तन पश्चात् पनि यस जिल्लाको विकासमा अपेक्षित सुधाधर हुन नसकेको देखिन्छ । शिक्षा, स्वास्थ्य, सञ्चार र यातायात जस्ता आधारभूत विकासका पूर्वाधारहरूबाट समेत यस जिल्लाका मानिसहरू वञ्चित छन् । २०४६ पछिका वर्षहरूमा देशमा धेरै सरकार र शासन व्यवस्था परिवर्तन भए पनि यस जिल्लाको मुहारमा परिवर्तन आउन सकेन । प्राकृतिक सौन्दर्य एवम् स्रोत र साधनले भरिपूर्ण यस जिल्लामा नेपालको संविधान २०७२ जारी भए पश्चात् सम्पन्न स्थानीय तहको निर्वाचनले भने केही आशा जगाएको पाइन्छ । स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको वर्तमान संवैधानिक व्यवस्था अनुरूप महिला सहभागितामा पनि उल्लेख्य सुधार भएको छ । संविधानले नै ४० प्रतिशत महिला सहभागितालाई सुनिश्चित गरे पनि डोल्पा जिल्लाको स्थानीय तहमा महिलाको प्रतिनिधित्व पुरा हुन सकेको छैन । दलित बस्तीको अभाव तथा महिलामा राजनीतिक चेतनाको कमी भएका कारण पनि महिला सहभागिता न्यून भएको देखिन्छ । अधिकांश पदमा महिला सदस्य निर्बिरोध हुनुले पनि उक्त कुराको पुष्टि गर्दछ ।

## ५.१ राजनीतिमा महिला सहभागिता न्यून हुनाका कारणहरू

२०४६ को जनआन्दोलन होस् वा २०६२/०६३ को आन्दोलन यी सबै आन्दोलनहरूमा महिलाहरूको उल्लेखनीय सहभागिता रहेकोले नै यस्ता आन्दोलनहरू सफल भएका थिए । २०४६ सालमा प्रजातन्त्रको पुर्नस्थापना पश्चात् जारी भएको नेपाल अधिराज्यको संविधान २०४७ र जनआन्दोलन २०६२/०६३ पछि जारी गरिएको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ मा महिलाहरूको सम्बन्धमा थप व्यवस्था भएका पनि छन् । आन्दोलनहरूमा महिलाहरूको सहभागिता उल्लेख्य रूपमा भए तापनि

महिलाहरूको राजनीतिमा न्यून सहभागिता छ । महिलाहरू राजनीतिमा न्यून सहभागिता हुनुका कारणहरू निम्न रहेको पाइयो ।

### ५.१.१ आर्थिक कारण

राजनीतिमा महिलाको सहभागिता न्यून हुनुको प्रमुख कारणको रूपमा आर्थिक कारणलाई मान्न सकिन्छ । जबसम्म महिलालाई विना शर्त पैत्रिक सम्पत्तिमा अधिकार दिईदैन तबसम्म यो अवस्था कायमै रहन्छ । पैत्रिक सम्पत्तिलाई अन्तरिम संविधान २०६३ वर्तमान संविधानले मौलिक हक अन्तर्गत राखे तापनि व्यवहारमा लागु गर्न सकिएको छैन । आर्थिक अधिकारले सबैसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । घर परिवारदेखि समाज हुँदै शासनको उच्च तहमा यसले प्रत्यक्ष सम्बन्ध राख्ने हुनाले यसलाई प्राथमिकता दिनुपर्ने हुन्छ (दुध कुमारी हमाल को अन्तर्वार्तामा आधारित) । आर्थिक आत्मनिर्भरताको अधिकार यस्तो महत्त्वपूर्ण अधिकार हो जसले व्यक्तिको व्यक्तिगत निर्णय गर्ने तथा सो अनुरूपको कार्य गर्ने क्षमतालाई प्रभाव पार्दछ । आर्थिक कारोवारका विभिन्न क्षेत्रहरूमा महिलाहरूको भूमिका भए पनि त्यसलाई नियन्त्रण र निर्णय गर्ने बेलामा महिलाको सहभागिता छैन । कानुनमा जे जस्तो व्यवस्था भए तापनि व्यवहारमा भूमि माथिको नियन्त्रण पुरुष वर्गकै हातमा छ । श्रमको उचित मूल्याङ्कन छैन । श्रम गरेवापत पाउने ज्यालामा समान कामको लागि पुरुष र महिलाको पारिश्रमिकमा भेदभाव गर्न नपाउने कानुनी व्यवस्था भएता पनि व्यवहारमा समानता छैन । महिलाले जति काम गरे पनि आर्थिक निर्णय गर्न नपाउनुले गर्दा घर परिवारको इमान्दर सेवकको रूपमा रहनु पर्ने र सधै पुरुष प्रति परनिर्भर भएर बाँच्नु पर्ने अवस्था कायमै छ । सो समस्यामा बाँचिरहेका महिलाहरू घर बाहिर निस्केर राजनीतिक क्षेत्रसम्म आउन सकेका छैनन् । जबसम्म स्वतन्त्रपूर्वक आफ्ना निर्णय गर्न सक्दैन तबसम्म महिलाहरूको सहभागिता न्यून नै भइरहन्छ । सोही बमोजिम डोल्पा जिल्लाका महिलाहरूमा पनि आर्थिक प्रभावको कारण महिलाहरूको राजनीतिक सहभागिता कमी आएको देखिन्छ ।

### ५.१.२ सामाजिक/सांस्कृतिक कारण

समाजमा लामो समयदेखि विद्यमान परम्परागत पितृसत्तात्मक सोचले महिलाको स्थितिमा प्रभाव पारेको छ । महिला जन्मना साथ विभेदित हुन्छन् । परिवारमा छोरा जन्मदा र छोरी जन्मदाको अवस्थामा कति असमानता छ । सामाजिक संरचनामा छोराको केन्द्रीय भूमिका रहन्छ । जसले पारिवारिक परम्परालाई निरन्तरता दिने प्रमुखको भूमिका प्रदान

गरिएको हुन्छ । छोरालाई वंश थाम्ने, बुढेशकालको सहारा, बाबुआमाको हेरचाह गर्ने, परलोक पश्चात् धार्मिक प्रक्रिया गर्ने भन्ने धार्मिक मान्यताको कारण समाजमा यो प्रचलन विद्यमान भएको हो । छोरीलाई पराइको घर जाने, अर्काको नासो, छोरीको अधिकार माइती घरमा भन्दा लोग्नेकै घरमा हुने आदि संस्कार समाजमा हुर्केका छन् । महिला र पुरुषलाई गर्ने परिभाषा समाजमा फरक फरक तरिकाबाट विकास हुँदै आएको पाइन्छ । परम्परागत रूपमा चलेका संस्कारले गर्दा महिलालाई समाजका रहेका हरेक क्षेत्रमा कम प्राथमिकता दिईनुका साथै तिनीहरूलाई पुरुषको सहायकको रूपमा व्यवहार गरिन्छ ।

बालविवाह, अनमेल विवाह, बहुविवाहलाई कानुनद्वारा बन्देज लगाइए तापनि नेपाली समाजमा यस्ता कार्यहरू कायमै छन् । दाइजोका कारण महिलाहरू जिउँदै जलिरहेका छन् । समाजमा व्याप्त कुसंस्कारका कारण बोक्सीको आरोपमा कैयौं महिलाहरूलाई अङ्गभङ्ग बनाइएको छ । यी दर्दनाक अवस्था एकातिर छ भने अर्कोतिर सिङ्गो समाजमा महिला माथिको शोषण र दमन यथावतै छ (पद्मी कुमारी बोहोराको अन्तर्वार्तामा आधारित) । घर परिवार, समाज र राज्यबाट महिलाहरू हिंसाका शिकार हुन बाध्य भएका छन् । महिलाहरूको अवस्था झन दयनीय भइरहेका छन् । यस्तो अवस्थामा महिलाहरू घर बाहिर निस्कन सकिरहेका छैनन् । घर बाहिर निस्केका महिलालाई पनि समाजमा राम्रो मानिदैन । महिलालाई हेर्ने दृष्टिकोण नै गलत छ । समाजमा महिलालाई सधै असल आमा, असल छोरी र असल गृहणीको रूपमा मात्र हेरिन्छ । त्यसभन्दा माथि उठेर विश्लेषण गर्ने गरेको पाइँदैन । यही परिस्थितिका कारण वा समाजले दिएको भूमिकाका कारण यो घेरा तोडेर आउनमा कठिनाई उत्पन्न भएको छ । यदि कोही बाहिर निस्के पनि समाजले तिनीहरूलाई त्यति राम्रो नमान्ने स्थिति पनि देखिरहेको छ । त्यसैले जबसम्म यो सोचाइमा परिवर्तन ल्याउन सकिदैन तबसम्म महिलाहरूको सहभागिता न्यून नै रहन जान्छ ।

डोल्पालाई माथिल्लो र तल्लो गरी दुई क्षेत्रमा विभाजन गरिएको पाइन्छ । डोल्पाको भोट क्षेत्रमा वहुपति प्रथा हालसम्म कायम नै देखिन्छ । त्यसैंगरी धामिनी प्रथाले पनि मजवुत रुपमा जरा गाडेको छ । छल देवताप्रतिको अन्धविश्वासले पनि डोल्पामा महिलालाई अझै सङ्कुचित तुल्याएको छ ।

## ५.१.३ शैक्षिक कारण

शिक्षाको अवस्थिति महिलाको सामाजिक हैसियत तथा विभिन्न अवसरहरू लिने र अवसर सिर्जना गर्ने सवालमा महत्त्वपूर्ण कारक तत्त्व बन्दछ । तर समाजमा रहेका परम्परागत मान्यता, प्रचलन तथा संस्कारका कारण महिलाहरूको शिक्षामा पहुँच पुग्न सकेको छैन । समाजमा छोरा र छोरीलाई हेर्ने फरक दृष्टिकोण कै कारण शिक्षामा महिलाको कम पहुँच रहन गएको यथार्थता छ भने गरिबीका कारण पनि महिलाहरूको शिक्षामा पहुँच पुग्न नसकेको सत्य कायम छ । छोरीलाई अर्काको घरमा जाने जात भन्ने मान्यताले पनि महिलाको लागि शिक्षामा लगानी गर्न हिचकिचाएको पाइन्छ ।

पछिल्ला वर्षहरूमा माहिलाहरूलाई पढाउनु पर्दछ भन्ने मान्यता आए पनि त्यसले सफलता पाउन सकेको छैन । हरेक क्षेत्रमा हुने सहभागितामा शिक्षाले प्रत्यक्ष वा अप्रत्यक्ष असर पार्ने हुनाले महिलाको सहभागितामा कमी देखिएको छ । शिक्षण सामग्रीहरूमा लैङ्गिक विभेदको अवस्था कायमै छ । अधिकांश महिलाहरू ग्रामीण क्षेत्रमा बसोबास गर्ने हुनाले शिक्षाको पहुँच पुग्न सकेको छैन । राजनीति गर्न पनि शैक्षिक स्थिति मजवुत हुनुपर्ने अवस्था छ । शिक्षित भएमा ठिक र बेठिक छुट्याउन सक्ने हुनाले यो क्षेत्रलाई पनि शिक्षाले प्रत्यक्ष प्रभाव पारेको छ । महिलालाई दिइने शिक्षा आत्मनिर्भरको लागि भन्दा पनि राम्रो घरवार जोडिने उद्देश्यबाट प्रभावित छ (शान्ति शाही बुढाको भानाईमा आधारित) । जबसम्म समाजमा महिलाहरूलाई समाजबाट हेरिने दृष्टिकोणमा परिवर्तन ल्याउन सकिँदैन तवसम्म शिक्षामा लगानी गरे पनि त्यसमा सफलता प्राप्ति गर्न सकिँदैन । यसरी हेर्दा डोल्पा जिल्लामा पनि शैक्षिक कारणले गर्दा राजनीतिमा महिला सहभागिता कमी आएको हो भन्न सकिन्छ ।

## ५.१.४ धार्मिक कारण

धर्म एउटा यस्तो महत्त्वपूर्ण पक्ष हो, जसले परिवार र समाजमा महिलाको स्थितिलाई निर्धारण गर्दछ । यद्यपि समाजमा विद्यमान रहेका धर्महरू सिद्धान्तका आधारमा फरक फरक भए पनि ती सबै धर्ममा महिलालाई समाजको तल्लो र कमजोर स्थितिमा स्थापित गरेको छ । धार्मिक मान्यता तथा धार्मिक आस्थाले पनि समाजमा महिलालाई तल्लो श्रेणीको अवस्थामा रहन बाध्य बनाएको छ । धर्मका आडमा बनाइएका नियमले महिलालाई घरको चौघेरामा सिमित गऱ्यो (दुध कुमारी हमालको अन्तर्वार्तामा आधारित) । विभिन्न

धार्मिक ग्रन्थहरूमा महिलाहरूलाई एउटा वस्तु सरहको व्यवहार गरिएको छ । जुनसुकै धार्मिक कार्य गर्दा पुरुषको  सहायकको रूपमा भूमिका निर्धारण हुन्छ ।

समाजमा निर्धारित महिलाको भूमिकाले उनीहरूलाई छोरी, बुहारी र श्रीमतीको भूमिकामा राखेको छ । समाजमा चलेका परम्परा, प्रचलन, मूल्य र मान्यता सबै धार्मिक आधारमा छन् । पुरुषको जन्मदेखि मृत्युसम्म एउटै थर, गोत्र र जात हुन्छ तर महिलाको गोत्र र थर परिवर्तन गरिएको पाइन्छ । श्रीमान्को सत्तित्वमा वस्नुपर्ने भनेर महिलामाथि प्रश्न चिन्ह उठाइएको छ । यो अवस्था पुरुषमा लागु हुँदैन । अझै पनि धर्मका (देउकी र कुश) नाममा महिलालाई मन्दिरमा चढाउने परम्परा कायमै छ । हिन्दु जातीय प्रणालीमा पवित्रताको विषय महत्त्वपूर्ण मानिन्छ । अझ महिलाको सम्बन्धमा यसलाई गम्भीरतापूर्वक लिइन्छ । महिनावारी तथा सुत्केरीको अवधिमा महिलालाई अशुद्ध मानिन्छ । जसले समाजमा महिलाको स्थितिलाई पुरुषको तुलनामा तल्लो स्तरमा राख्दछ । यो बाहेक पनि धार्मिक विश्वासबाट महिलाहरू प्रभावित हुन्छन् । सधैं पुरुषको आदेशको पालना गर्नुपर्ने मान्यता राख्दछन् । यिनै कारणहरूले गर्दा राजनीतिक क्षेत्रमा महिलाको सहभागिता कम भएको छ ।

समाजमा विद्यमान यी कारण बाहेक महिलाहरूलाई अघि बढाउन भएका प्रयासहरू पनि छन् । राजनैतिक क्षेत्रमा महिला पछाडि परेका कारण स्थानीय तहदेखि राष्ट्रिय तहसम्म महिला उम्मेदवार उठाउनु पर्ने बाध्यतात्मक व्यवस्था लागु गरिए । ती व्यवस्था उम्मेदवारका लागि मात्र भए तर जित्नुपर्ने भन्ने व्यवहारमा लागु भएन । सबै राजनैतिक पार्टीको विधानमा महिलालाई अनिवार्य बनाउने भन्ने बाहेक अन्य पदमा महिला पुग्न सकेनन् । देशको उच्च तहमा अथवा निर्णय गर्ने तहमा महिलाको भूमिका नगन्य नै रह्यो । जसका कारणले महिलाका आवाज पुरुष वर्गबाट प्रतिनिधित्व हुन थाल्यो । मुलुकी ऐन ११ औं पटक संशोधन हुँदा पनि महिलालाई पूर्ण स्वामित्वको रूपमा पैत्रिक सम्पत्ति दिनु पर्दछ भन्ने समान सिद्धान्त लागु हुन सकेन । नागरिकता प्राप्तिमा अझै भेदभाव कायमै छ । यी बाहेक महिलालाई राजनीतिक क्षेत्रमा आउनमा प्रभाव पार्ने अर्को महत्त्वपूर्ण पक्ष हो पारिवारिक वातावरण । यसले पनि महिलालाई प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । घर परिवारको सहयोग र समर्थन भएमा राजनीतिक गर्ने मद्दत मिलेको अवस्था देखिन्छ । त्यसको साथसाथै महिलाहरूको सुरक्षाको ग्यारेन्टी हुनुपर्दछ । वर्तमान अवस्थामा यही वातावरणमा जताततै असुरक्षा, महिलालाई हेर्ने गलत दृष्टिकोणका कारण महिलाहरू अघि बढ्न बाधा भइरहेको छ । यहि अस्वस्थ प्रतिस्पर्धामा महिलाहरूको उपस्थिति न्यून नै छ ।

राजनैतिक पार्टी, सरकार सबैले महिलाहरूलाई अघि बढाउने र निर्णय गर्ने स्थानमा पुऱ्याउनेमा प्रतिबद्धता व्यक्त गरेर व्यवहारमा उतार्नु पर्दछ । आफ्नो हक अधिकार लिनको लागि स्वयम् महिला वर्ग पनि सचेत र संगठित हुनुपर्दछ । महिला सचेत भई सक्रिय पूर्वक लाग्नु पर्दछ । अरुको भरमा हिड्ने र हिनताबोधको मानसिकतामा परिवर्तन गर्नै पर्छ ।

## ५.२ डोल्पामा महिला सहभागिताको प्रभाव

डोल्पा जिल्लाको समग्र राजनीतिक परिवेशलाई मूल्याङ्कन गर्दा राजनीतिप्रति महिलाहरूको सक्रियता र सहभागिता अपेक्षित रुपमा कमी रहेको बुझ्न सकिन्छ । त्यसमा सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक कारणले पनि ठूलो प्रभाव पारेको पाइन्छ । नेपालको समग्र राजनीतिक परिवेशमा नै महिलाहरूको सक्रियता र सहभागितामा कमी देखिएका बेला पुरुष प्रधान सामाजिक संरचनाको कारण पनि महिलाको सहभागितामा कमी आएको देखिन्छ । साथै शैक्षिक चेतना तथा राजनीतिक सचेतनाको अभावले गर्दा पनि यस्तो अवस्था सिर्जना भएको मान्न सकिन्छ । स्थानीय तहमा ४० प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित भएको अवस्थामा समेत महिलाहरूको उपस्थिति आवश्यकता भन्दा न्यून हुनुले डोल्पा जिल्लाका स्थानीय तहमा महिला सहभागिताको स्थिति कमजोर रहेको मान्न सकिन्छ । त्यसैले महिला जागरण एवं राजनीतिक सुझको विकास आवश्यक देखिन्छ । यस जिल्लामा जति महिला स्थानीय तहमा सहभागी भए, त्यसबाट पनि त्यहाँको सामाजिक परिवेशमा नयाँ उत्साह र जागरण ल्याएको पाइन्छ । यसबाट विकासमा समेत प्रभाव पर्ने कुरा डोल्पा जिल्लाका स्थानीय बासिन्दाहरू बताउँछन् । अतः डोल्पा जिल्लाका प्रतिनिधि व्यक्ति छनोट गरी लिइएको अन्तर्वार्ता यस शोधको परिशिष्टमा समावेश गरिएको छ । त्यसले पनि महिला सहभागिता र विकासमा परेको प्रभावलाई थप स्पष्ट पार्दछ ।

## ५.३ सहभागितामा देखापरेका चुनौतिका समाधानका उपायहरु

यसरी हरेक क्षेत्रमा महिलाको सहभागिता कमी हुनाले महिलाको हक हित तथा उत्थान हुन सकेको पाइँदैन । नेपाली राजनीतिमा महिला कम सहभागी हुनाका मुख्य कारणहरूमा आर्थिक कारण, सामाजिक कारण, सांस्कृतिक कारण, शैक्षिक कारण र धार्मिक कारण प्रमुख रहेको पाइन्छ । महिलाहरू घरको काम धन्दामा व्यस्त हुनुपर्ने, आय आर्जनको सिलसिलामा महिलाहरू नै बढी खट्नु पर्ने, पारिवारिक दायित्व पनि महिलाहरूले नै व्यहोर्नु पर्ने तथा घरको काम काजमा पनि बढी महिलाहरू नै खट्नु पर्ने भएकोले महिलाहरू

राजनीतिमा आउन सकेका छैनन्। त्यस्तै नेपाली समाजमा महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन सकेको पाइँदैन (पद्मी कुमारी बोहराको भनाईमा आधारित)।

नेपालका विभिन्न जिल्लाहरू मध्ये डोल्पा पनि एक हो । मध्यपश्चिमाञ्चल विकास क्षेत्रको कर्णाली अञ्चल अन्तर्गत पर्ने डोल्पा जिल्ला क्षेत्रफलको हिसाबले नेपालको सबैभन्दा ठूलो जिल्ला हो । भूगोलको हिसाबले यो जिल्ला हिमाली क्षेत्रमा पर्दछ । वर्तमान प्रादेशिक संरच्ना अनुसार डोल्पा जिल्ला प्रदेश नं. ६ मा पर्दछ । सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक रूपमा पछाडि परेको यो जिल्ला भौगोलिक रूपमा पनि विकट मानिन्छ । अथाह प्राकृतिक स्रोत र साधनले भरिपूर्ण यस जिल्लाको विमासमा सरकारको ध्यान जान सकेको देखिदैन । डोल्पा जिल्लाबाट प्रतिनिधित्व गर्ने राजनीतिक प्रतिनिधिको राजनीतिक सुझको कमीले पनि यसो हुन गएको हो (शान्ति शाही बुढाको अन्तर्वार्तामा आधारित) । नेपालको संविधान २०७२ जारी भए पश्चात् देश संघीय शासन व्यवस्थामा अगाडि बढेको छ । जस अनुसार नेपाललाई सात प्रदेश र सातसय त्रिपन्न स्थानीय निकायमा विभाजन गरिएको छ । प्रदेश नं. ६ अन्तर्गत पर्ने डोल्पा जिल्लामा पनि ८ वटा स्थानीय तहहरू छन् । जसमा ६ वटा गाउँपालिका र २ वटा नगरपालिका रहेका छन् । संविधानले नै स्थानीय तहमा ४० प्रतिशत महिलाको उपस्थिति सुनिश्चित गरेको वर्तमान अवस्थामा डोल्पा जिल्लाका स्थानीय तहमा महिलाको सहभागिता के कस्तो रहेको छ भनी यस शोधमा अध्ययन गरिएको छ । सोही सन्दर्भमा शोधलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नको लागि ६ वटा परिच्छेदगत अध्यायमा विभाजन गरिएको छ । जस अनुसार पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा राजनीतिक सहभागिताको अर्थ र परिभाषा, तेस्रो परिच्छेदमा नेपालको राजनीतिमा महिला सहभागिता, चौथो परिच्छेदमा डोल्पा जिल्लाको स्थानीय तहमा सहभागिता, पाँचौ परिच्छेदमा महिला सहभागिता न्यून हुनुका कारणहरू र छैटौ अर्थात् अन्तिम परिच्छेदमा सारांश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

नेपालमा २०४७ सालपछि भएको विभिन्न आन्दोलनहरूमा महिलाहरूलाई व्यापक रूपमा सहभागी गराएता पनि उक्त आन्दोलन पश्चात् हुने निर्वाचन र त्यसपछि बनेको मन्त्रीमण्डल तथा कुनै पनि नीति निर्माणको तहसम्म महिलाहरूलाई कमै मात्र सहभागी गराइएको पाइन्छ । नेपालको जनसंख्याको करिव ५१ प्रतिशत ओगटेका महिलाहरूलाई सरकार तथा नीति निर्माण गर्ने तहसम्म नपुऱ्याउँदा महिलाहरूका समस्याको समाधान हुन सकिरहेको छैन । त्यसैले महिलाहरूलाई राजनीतिमा व्यापक रूपमा सहभागी बनाउनु पर्ने

आवश्यकता टड्कारो रूपमा देखा परेको छ । महिलाहरूलाई राजनीतिमा व्यापक रूपमा समावेश गराउनको लागि निम्न उपायहरू अपनाउनु पर्दछ ।

- नेपाल पुरुष प्रधान देश भएकोले प्रत्येक परिवारमा घरको सम्पूर्ण कामकाजहरू महिलाहरूले नै गर्नु पर्दछ भन्ने सोचाई भएकोले क्षमतावान महिलाहरू घर कै कामकाजमा अल्मलिई रहेकोले राजनीतिक कार्यहरूमा समय दिन नपाई रहेको देखिन्छ । यसका लागि घरभित्रको कामकाज परिवार भित्र रहेका परिवारका सदस्यहरू बिच बाँडफाँड गरी गर्न आवश्यक छ । यस्तो गर्न सकेमा क्षमतावान महिलाहरू घरको कामकाजमा मात्र नअल्मलिई राजनीतिमा सहभागी हुने अवसर प्राप्त गर्न सक्छन् ।

- नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हक अन्तर्गत नै व्यवस्था गरी प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्न पाउने अधिकारलाई प्रत्याभुत गरेता पनि अधिकांश नेपाली समाजमा छोरी अर्काको घरमा जाने हुनाले छोरीलाई शिक्षामा लगानी गर्न चाहदैनन् । त्यसकारण नेपालमा महिलाको शैक्षिक अवस्था ज्यादै न्यून छ । महिलाहरू बढी अशिक्षित भएको कारणले पनि राजनीतिमा सहभागी हुन सकिरहेका छैनन् । त्यसैले छोरा छोरी बराबरी हुन् भन्ने ठानेर भेदभाव नगरी छोरीलाई पनि पढ्न पठाउने वातावरण श्रृजना गर्नुपर्छ । यसले गर्दा महिलाहरू बढी शिक्षित भई राजनीतिमा अग्रसर हुन्छन् (शुसिला रावतको अन्तर्वार्तामा आधारित) ।

- नेपाली समाज आजको युगमा पनि परम्परावादी कु-संस्कारबाट ग्रसित छ । परम्परावादी सोचका कारण महिलाहरू घरबाट बाहिर जानै नहुने र मानिसहरू भेला जम्मा भएको ठाउँमा गएर बोल्नु हुँदैन । यसरी बोले पोथी बासेको राम्रो हुँदैन भन्ने  जस्ता कु-संस्कारका कारण महिलाहरू बाहिर निस्कन सकेका छैनन् (पद्मी कुमारी बोहराको अन्तर्वार्तामा आधारित) यस्तो परम्परावादी सोच हटाई प्रत्येक नागरिकलाई यस्ता कु-संस्कारबाट सचेत बनाउन सके महिलाको राजनीतिमा सहभागी बढ्दछ ।

- पुरुषहरूले महिलाहरू कमजोर हुन्छन् भन्ने सोच राखी आफ्नो पार्टीका जिम्मेवार पद नदिने, निर्वाचनमा पनि कमजोर भई पराजय व्यहोर्नु पर्छ भन्ने मानसिकताले पराजय हुने स्थानमा मात्र उम्मेदवारी दिने गरेकाले महिलाहरूको मानसिकतामा

राजनीतिमा लाग्ने जोश जाँगर पनि हराउँदै गएको पाइन्छ (शुसिला रावतको अन्तर्वार्तामा आधारित) । त्यसैले विद्यमान कानुनहरूमा संशोधन गरी राजनीतिक पार्टीका विधानहरू र कानुनमा परिवर्तन गरी उक्त स्थानहरूमा ५० प्रतिशत महिला आरक्षण गर्न सके महिलाहरूको राजनीति प्रति आकर्षण बढी सहभागी संख्या बढ्ने निश्चित छ ।

- हाम्रो समाजमा महिलाहरूले आफुलाई कमजोर सम्झिइ पुरुषहरूको दवावमा बस्ने प्रवृतिले पनि महिलाहरू अगाडि बढ्न नसकेको पाइयो । यसमा महिलाहरूले पनि हामी पुरुष सरह सम्पूर्ण कार्य गर्न सकिन्छ भन्ने मानसिकताको विकास गर्नु जरुरी छ । यसका लागि महिला समुहहरूले महिलाहरूलाई यस प्रकारका चेतना दिने कार्यहरू गरेमा महिलाहरू पनि हिम्मतका साथ अगाडि बढ्न प्रोत्साहन मिल्ने भएकोले महिलाहरू राजनीतिमा सहभागी हुन प्रेरित हुनेछन् ।

- समाजमा महिला उत्थानका तथा शिक्षाका लागि विभिन्न एन.जि.ओ. तथा आई.एन.जि.ओ.हरू कार्यरत भएता पनि यिनीहरूले महिलाको उत्थानको लागि उल्लेख्य कार्य गरेको पाइदैन (पद्मी कुमारी बोहराको अन्तर्वार्तामा आधारित) । यस्ता संस्थाहरूले महिलाको क्षमता वृद्धि सम्बन्धी कार्यहरू संचालन गर्न सके यस्ता कार्यहरूले महिलाहरूको क्षमता वृद्धि हुने हुँदा महिलाहरूको राजनीतिमा सहभागी हुने क्रम वृद्धि हुन सक्छ ।

- अतः यही समग्र राजनीतिक परिवेशको प्रभाव डोल्पा जिल्लामा पनि परेको हुँदा उक्त जिल्लामा महिला सहभागितामा वृद्धि गरी विकासका संरचना निर्माण गर्नेदेखि समुन्नत समाजको स्थापनामा जोड दिन माथि उल्लेख गरिएका सुझावहरूको कार्यान्वयनमा जोड दिनुपर्दछ ।

समग्रमा हाम्रो जस्तो पुरुष प्रधान देशमा महिलाहरु राजनितिमा अगाडि बढ्न विविध समस्याहरु देखिनु अस्वभाविक होइन तथापि समस्याको समाधानको लागि उपरोक्त चुनौतिहरुलाई जरैदेखि उन्मुलन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । यद्यपि एकैदिन र छोटो समयमा यो सुधारको अपेक्षा भने गर्न सकिदैन तर पनि निरन्तरको सामुहिक प्रयासबाट यो गन्तव्य हासिल गर्न असम्भव भने छैन ।

# परिच्छेद छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

महिलाहरूको सहभागिता विना गरिएका कुनै पनि कामहरू दिगो र प्रभावकारी रूपमा सम्पन्न हुन सक्दैनन् । विश्वको जनसंख्याको आधाभन्दा बढी महिलाहरूले ओगटेका छन् । यसरी जनसंख्याको हिसाबले आधा संख्या ओगटेका भए तापनि महिलाहरूलाई धेरै अवसरहरूबाट वञ्चित गरिएको पाइन्छ । विभिन्न देशहरूमा हुने आन्दोलनहरूमा महिलाको सहभागिता विना त्यस्तो आन्दोलनहरू सफल नहुने हुँदा महिलालाई प्रयोग गरी त्यस्ता आन्दोलनहरूमा सहभागी गराउने मात्र कार्य गरिएको पाइन्छ । आन्दोलन पश्चात् बन्ने सरकार तथा राज्यका अन्य अंगहरूमा सहभागी गराउने कुराहरूमा पुरुषहरूले वेवास्ता गर्ने गर्दछन् । नेपालमा राणा शासनको विरुद्धमा गरिएको आन्दोलनदेखि नै महिलाहरू प्रत्यक्ष रूपमा आन्दोलनमा होमिएका थिए र राणा शासनको पतन पश्चात् मात्र २००८ सालदेखि महिलाहरूलाई मताधिकारको व्यवस्था गरियो । पञ्चायती व्यवस्थाको शुरुवातसँगै उक्त व्यवस्थाको विरुद्धका आन्दोलनहरूमा महिलाहरूको सक्रिय सहभागिता रहँदै आयो । २०४६ सालको जनआन्दोलनमा पनि पुरुषकै दाँजोमा महिलाहरू आन्दोलनमा सहभागी भई पञ्चायती व्यवस्थालाई घुँडा टेकाएका थिए ।

२०५२ सालदेखि ने.क.पा. माओवादीले संचालन गरेको जनयुद्धका छापामारहरूमा पनि महिलाहरू उल्लेख्य रूपमा सहभागी भएका थिए । २०६२/०६३ मा भएको राजतन्त्र विरुद्धको आन्दोलनमा पनि महिलाहरू सहभागी भई निर्णायक आन्दोलन गरेका थिए । जसको फलस्वरूप उक्त आन्दोलन सफल भएको थियो । यसरी महिलाहरूलाई यस्ता आन्दोलनहरूमा सहभागिता गराउने गरिए तापनि सरकार, राज्यका अंगहरू तथा राजनीतिक पार्टीमा महिलाहरूलाई सहभागिता न्यून मात्र गर्ने गराउने गरेको पाइन्छ । महिलाहरूलाई केवल भऱ्याङको रूपमा मात्र प्रयोग गरिएको पाइन्छ । आधा विकास ओगट्ने महिलाहरूका समस्या चुनौती आदि बुझ्नको लागि सबै क्षेत्रमा कमसेकम महिलाको ५० प्रतिशत स्थान सुरक्षित गर्न जरुरी भएको देखिन्छ । तर यस दिशा तर्फ राजनीतिक पार्टीहरू उदासिन छन् । २०४६ सालपछि बनेका तथा संशोधन भएको ऐन, कानुनहरूमा

महिलाहरूका हक हित तथा आरक्षणको व्यवस्था भए तापनि ती कानुनहरू कार्यान्वयन भएको पाइँदैन । हरेक अप्ठ्यारो परिस्थितिमा महिलाहरूको साथ र उपस्थितिले सफलता प्राप्त हुन्छ भन्ने कुराहरू विगतमा भएका आन्दोलनहरूले देखाएका छन् । तापनि राजनीतिक दलहरूले आफ्ना पार्टीभित्र महिलाहरूलाई सम्मानजनक रूपमा सहभागी गराउन सकेको पाइँदैन । २०६३ साल पछि राजनीतिक दलहरूले आफ्नो केन्द्रीय कार्य समितिमा पनि महिलाहरूलाई नगण्य रूपमा समावेश गरेका छन् । जस्तै ने.क.पा. एमाओवादीले ६ प्रतिशत, ने.क.पा. एमालेले १७ प्रतिशत, ने.क.पा. माओवादीले १३ प्रतिशत र नेपाली काँग्रेसले २१ प्रतिशत मात्र महिलालाई केन्द्रीय कार्य समितिमा समावेश गराएका छन् । महिलाको सहभागिताले सफल भएका आन्दोलन पश्चात् नीति निर्माण र सरकारमा पनि सोही आधारमा मात्र महिलालाई समावेश गर्नुले नेपालको राजनीतिमा महिलाको सहभागिता साह्रै निराशजनक भएको कुरामा दुई मत छैन ।

## ६.२ निष्कर्ष

विश्व इतिहासलाई पल्टाएर हेर्दा कतिपय देशहरूमा भएका आन्दोलनहरूमा महिलाको उपस्थिति र योगदान अतुलनीय रहेको पाइन्छ । नेपालकै इतिहासलाई हेर्ने हो भने पनि राणा शासनको अन्त्य गर्न होस् वा २०३६ सालको विद्यार्थी आन्दोलनदेखि लिएर २०४६ तथा २०६२/०६३ का जन आन्दोलनहरूमा महिलाहरूको सहभागिता भई त्यस्ता आन्दोलनहरू सफल पार्न अतुलनीय योगदान भयो । तर त्यस्ता आन्दोलनद्वारा स्थापित हुने सरकार तथा नीति निर्माण गर्ने तहसम्म पनि महिलाहरूको सहभागिताको जुन प्रकारको अपेक्षा गरिएको थियो सोही अनुरूप हुन सकेन ज्यादै न्यून मात्रामा महिलाहरूको उपस्थिति देखियो जसका कारण देशको लगभग ५१ प्रतिशत महिलाहरूको समस्याको सम्बोधन हुन सकिरहेको छैन । २०४७ सालमा प्रजातन्त्रको पुर्नस्थापना पश्चात् महिलाहरूको हक हितका लागि विद्यमान कानुनहरूमा संशोधन नभएका होइनन् । तर त्यसको कार्यान्वयनमा राजनीतिक दलहरू उदाशीन देखिएका छन । राजनीतिमा दलहरूले ऐन कानुनमा व्यवस्था भए बमोजिम महिलाको उम्मेदवारी त दिए तर जुन क्षेत्रमा आफ्नो दल विजयी हुने सम्भावना छैन त्यस्तो ठाउँमा मात्र उम्मेदवारी दिएको देखिन्छ । उदाहरणको लागि प्रतिनिधि सभा निर्वाच्न २०४८ लाई लिउँ, उक्त निर्वाचनमा ५ प्रतिशत महिला उम्मेदवारी दिनै पर्ने संवैधानिक बाध्यता भएकोले नेपाली काँग्रेसका १९३ जना जम्मा उम्मेदवारमा ११ जना मात्र महिला उम्मेदवारी दिएकोमा जम्मा ५ जना महिलाहरू मात्र विजयी भएका थिए भने नेपाल

कम्युनिष्ट पार्टी एमालेले जम्मा १६८ जना उम्मेदवारी दिएका मध्ये महिलाको संख्या ९ जना मात्र थियो भने २ जना महिला उम्मेदवार मात्र विजयी भएका थिए । राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका अन्य पार्टीहरूले ५ प्रतिशत महिला उम्मेदवारी दिए तापनि एक जना महिला पनि विजयी हुन सकेका थिएनन् । वि.सं. २०६२/०६३ सालको आन्दोलन पछि आएको नेपालको अन्तरिम संविधान २०६३ ले पनि महिलाको सम्पत्ति तथा राजनीतिक हक अधिकारलाई पहिलाका संविधानले भन्दा बढी व्यवस्था गरेको छ । जसअनुसार महिलाहरूको सम्पत्तिको अधिकारलाई उक्त संविधानको मौलिक हकमा नै व्यवस्था गरी पैत्रिक सम्पत्तिमा छोरा सरह नै जन्मसिद्ध अधिकारको व्यवस्था गरेको छ । यस भन्दा अगाडि छोरीले अंश पाउनका लागि अविवाहित भई ३५ वर्ष उमेर हुनुपर्ने व्यवस्था थियो । अन्तरिम संविधान २०६३ को व्यवस्था अनुसार संविधान सभाको निर्वाचनमा प्रत्यक्ष र समानुपातिक तर्फ गरी एक तिहाई महिला उम्मेदवारी दिनुपर्ने बाध्यात्मक व्यवस्था गरेकोले दलहरूले प्रत्यक्ष तर्फभन्दा बढी समानुपातिक तर्फको बन्द सूचीमा महिलाहरूलाई राखेका थिए । समानुपातिक तर्फबाट भने ५० प्रतिशतको हाराहारीमा महिला विजयी भई आएका थिए । त्यसकारण राजनैतिक दलहरूले महिलाहरूलाई कमजोरीका रूपमा लिएको यसैबाट प्रष्ट हुन्छ । किनकी निर्वाचनमा जाँदा महिलाहरू कमजोर हुन्छन् र हार व्यहोर्नु पर्ने डरले समानुपातिक तर्फ बढी राखेको देखिन्छ । २०६२/०६३ को आन्दोलन पश्चात् विभिन्न पार्टीहरूको महाधिवेशन सम्पन्न भएका छन् । यी महाधिवेशनहरूले पनि महिलालाई राजनैतिक पार्टीहरूको केन्द्रीय समितिमा उल्लेख्य रूपमा समावेश गर्न सकेको पाइदैन । त्यसैले प्रजातन्त्रको उदय पश्चात् पनि राजनैतिक पार्टीहरूको नीति निर्माण गर्ने तहसम्म पनि महिलाको उपस्थिति सन्तोषजनक छैन । महिलाहरूलाई नेतृत्व सम्हाल्न दिने विषयमा सबै राजनीतिक दलहरू संकुचित नै देखिन्छन् ।

यसरी नेपालमा प्रजातन्त्र स्थापनाका लागि भएका आन्दोलनहरूमा महिलाको उपस्थिति, योगदान भएकै कारण त्यस्ता आन्दोलनहरू सफल भएको भए तापनि सो पश्चात् नेपाली महिलाहरू पुरुषको तुलनामा राजनीतिमा सक्रिय रूपमा आउन सकेका छैनन् । यसका पछाडि धेरै कारणहरू विद्यमान भएको पाइयो । जसमा पहिलो कारण महिलाहरूका हक हितका निम्ति जे जस्ता कानुनहरू आए तापनि महिलाहरूप्रति हेर्ने दृष्टिकोण परम्परावादी नै भयो । अहिले पनि घरधन्दा महिलाहरूले नै गर्नुपर्ने महिलाहरू घरबाट बाहिर निस्कन नहुने, कहीँ गए रात बिताउन नहुने जस्ता संकुचित सोचले

महिलाहरूमा वृद्धि विवेक र क्षमता भए तापनि त्यसको उचित मूल्याङ्कन हुन नसकेको देखिन्छ । जसको कारण राजनीतिमा महिलाहरूको सहभागितामा कमी हुने गर्दछ । यसलाई प्रमुख कारणका रूपमा लिन सकिन्छ । त्यस्तै महिलाहरूले राजनीतिमा सहभागिता कमी हुनुको अर्को कारण आर्थिक समस्या पनि एक हो । सामाजिक  तथा सांस्कृतिक कारणबाट पनि महिलाहरू राजनीतिमा सहभागी हुन सकेका छैनन् । समाजमा रहेका परम्परागत मान्यता प्रचलन तथा संस्कारका कारण महिलाहरूको शिक्षामा पहुँच पुग्ने सकेको छैन । समाजमा छोरा र छोरीलाई हेर्ने दृष्टिकोण कै कारण शिक्षामा अझै पनि महिलाहरूको पहुँच कम छ । छोरीहरू अर्काको घरमा जाने हुनाले अभिभावकहरू छोरीलाई शिक्षामा लागनी गर्न चाहदैनन् । अझै पनि देशका विभिन्न क्षेत्रहरूमा बस्ने महिलाहरू शिक्षित हुन नसकेकोले र अशिक्षित भएका कारणले पनि महिलाहरू राजनीतिमा आउन सकेका छैनन् । महिलाहरूलाई राजनीतिमा सक्रिय सहभागी हुनको लागि धार्मिक कारणले पनि यदाकता अवरोध पुऱ्याएको पाइन्छ । महिलाहरू घरबाहिर निस्कन नहुने, अझै मुस्लिम समुदायमा बुर्का लगाएर हिड्नु पर्ने, रजस्वला भएका बखत, छोरा मान्छे तथा पानी समेत छुन नहुने आदि कारणहरूले पनि महिलाहरूको राजनीतिमा सहभागी कम देखिएको छ । यही समग्र प्रभाव डोल्पा जिल्लाको राजनीतिक परिवेश र महिला सहभागितामा पनि देखिएको छ ।

यस्ता विविध कारणहरूले नेपाली महिलाहरू पुरुषको तुलनामा राजनीतिमा आउन सकेका छैन । यसरी महिलाहरूको राजनीतिमा सहभागिता कम भएका कारणले महिला हक हितका निम्ति कामहरू न्यून भएका छन् र नेपाली महिलाहरूलाई राजनीतिमा पनि पुरुष सरह नै सहभागी बनाउनु पर्ने आवश्यकता देखिन्छ ।

# सन्दर्भ सामग्री सूची

## नेपाली किताबहरु

अखिल नेपाल महिला संघ (२०७०), *महिला हिंसा अन्त्यका लागि स्थानीय निकायमा प्रमुख सहित ५० प्रतिशत महिला सुनिश्चित गरौं,* काठमाडौं : २०७० का कार्यपत्रहरू ।

अधिकारी, गोपी कृष्ण (२०६४), *चाणक्य नीति,* काठमाडौं : जय बागेश्वरी प्रिन्टर्स ।

आचार्य, नरहरी (२०६६), *लोकतान्त्रिक पार्टी कसरी निर्माण गर्ने ?*काठमाडौं : सम्वत्सर प्रकाशन ।

आचार्य, बलराम (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौं : नेशनल बुक सेन्टर ।

गुरुङ्ग, दीर्घमान र ईश्वर सुवेदी (२०६४), *गणतन्त्र उन्मुख नेपाल,* काठमाडौं : के.पी. पुस्तक भण्डार ।

घर्ती, शान्तिकुमारी (२०७०), *स्थानीय निर्णय निर्माणका तहहरुम महिला सहभागिता : सेती देभान गा.वि.स. स्याङ्जा एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

डाहाल, रवर्ट ए. (२००५ इ.सं.), *प्रजातन्त्रका बारेमा,* काठमाडौं : क्रियशन मिडि प्रा.लि. ।

ढकाल, हरिप्रसाद (२०६२), *स्थानीय राजनीतिमा महिला सहभागिता, बाग्लुङ,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

तुम्वाहाम्फे, शिवमाया (२०५९), *नेपालमा महिला आन्दोलन,* अ.ने.म. संघ ।

तुम्वाहाम्फे, शिवमाया (२०६६), *नेपालमा महिला सहभागिता,* विराटनगर : वाणी प्रकाशन ।

थकाली, घराना (२०६४), *नेपालको राजनीतिमा महिलाको सहभागिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

नागरिक सम्बन्धी वर्तमान नेपाली कानुनको लैङ्गिक विश्लेषण(२०७०),*राष्ट्रिय महिला आयोग,* महिला, कानुन र विकास मञ्च फाल्गुण ।

नेपाल अधिराज्यको संविधान (२०४७), *कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय,* कानुन किताब व्यवस्था समिति ।

नेपालको अन्तरिम संविधान (२०६३), *कानुन, न्यायतथा संसदीय मामिला मन्त्रालय,* कानुन किताब व्यवस्था समिति ।

नेपालको संविधान (२०७२ *नेपाल सरकार, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय,* कानुन किताब व्यवस्थापन समिति ।

*प्रथम तथा अग्रज नेपाली महिलाहरू, (प्रारम्भदेखि २०१७ सालसम्म)* काठमाडौं : राष्ट्रिय महिला आयोग ।

प्रश्रित, मोदनाथ (२०६०), "महिला माथिको हिंसामा धर्म दर्शनको प्रभाव", *कान्तिपुर दैनिक,* मंसिर १३ गते ।

पोखेल, कृष्ण (२०६०), *राजनीतिशास्त्रको सिद्धान्त,* काठमाडौं : एम.के.  पब्लिकेशन ।

पोखेल, कृष्ण (२०६५), *आधुनिक राजनीतिक विश्लेषण र राजनीतिक शोध,* काठमाडौं: एम.के. पब्लिशर्स एण्ड डिस्टिब्युटर्स ।

पौडेल, ज्योति (२०६३), *राजनीतिमा महिला सहभागिता - लामाचौर,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

*महिलाका लागि भएका विशेष व्यवस्था र यसका प्रभाव* (२०६०), महिला, कानुन र विकास मन्च, काठमाडौं ।

*महिला अधिकार : कार्यविधि दिग्दर्शन* (२०६१), लैङ्गिक समताको मूल प्रवाहीकरण कार्यक्रम, काठमाडौं ।

*मुलुकी ऐन एघारौ संशोधन(२०५८),* काठमाडौं :कानुन किताब व्यवस्था समिति ।

*मुलुकी ऐन बाह्रो संशोधन (२०६४),* काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

रानाभाट, गोविन्द (२०६०), *स्याङ्जा जिल्लाको स्थानीय निकायमा महिलाको राजनीतिक सहभागिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

राष्ट्रिय मानव अधिकार आयोग (२०६०), *नेपालमा मानव अधिकारको स्थिति, पुल्चोक,* ललितपुर ।

राष्ट्रिय मानव अधिकार आयोग (२०७१), *आयोगका नीतिगत सिफारिसहरू,* ललितपुर

*लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन २०६३,* काठमाडौं : नेपाल राजपत्र, कानुन किताब व्यवस्था समिति ।

शर्मा,बालचन्द्र(२०३३),*नेपालको ऐतिहासिक रुपरेखा (दोस्रो संस्करण),*वाराणसीः कृण्ण कुमारी देवी ।

शिवाकोटी, गोपाल (२०६५), *विश्वका प्रमुख राजनीतिक विचारधारा,* काठमाडौं : पैरवी प्रकाशन ।

*स्थानीय निकाय निर्वाचन २०४९,* काठमाडौं : निर्वाचन आयोग ।

*स्थानीय निकाय निर्वाचन २०५४,* काठमाडौं : निर्वाचन आयोग ।

*स्थानीय निकाय निर्वाचन २०७४,* काठमाडौं : निर्वाचन आयोग ।

सापकोटा, तारानाथ (२०६०), *नेपाल कानुनको मूल्याङ्कन,* काठमाडौं : नेपाल ल क्याम्पस ।

सापकोटा, रविन्द्र (२०७०), *राजनीतिमा महिला सहभागिता, काठमाडौं जिल्ला वज्रयोगिनी गा.वि.स. एक अध्ययन*।

सुवेदी, ईश्वर (२०५८), *स्थानीय निर्वाचनमा महिला सहभागिता, तनहुँ,*अप्रकाशित स्नातकोत्तर शोधपत्र, राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

त्रिपाठी, बासुदेव र अन्य (सम्पा.) (२०५८), *नेपाली बृहत शब्दकोष,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

ज्ञवाली, विना (२०६०), *राजनीतिमा महिला सहभागिता सम्भावना र चुनौती, बर्दिया जिल्लाको एक संक्षिप्तात्मक अध्ययन,* त्रि.वि. राजनीतिशास्त्र केन्द्रीय विभाग (अप्रकाशित शोधपत्र)।

श्रेष्ठ, अमन र सिवाकोटी, कलास कुमार (२०६८), *मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी,* काठमाडौं : मधुवन प्रकाशन।

## English

Dahal, Robert. A. (1972). *Modern Political Analysis*. New Daihi: National publication.

Friedrich Ebert Stiftung(2014), *Handouts on Democracy.*

Gupta,Anirudra(1993),*Politics in Nepal*,*Delhi*,*kaling publication*

Karki,Saubhagya jung( ) *Political Participation in Nepal*: A Sturdy of Post Refrendum Politics(unpublished Ph.D. Thesis,submitted to the Central Department of Political Science.

Lincoln, Abarham (2011). *An Introducation to Political Theory,* (Third Edition), Delhi: Mocmilaa India Limited,

*National population and Housing Census 2011.*

Malla, Meena Vaidya (2011). *Political Socialization of Women in Nepal.* New Delhi: Adroit Publication.

___________ (2013). *Building Political Culture in Nepal.* New Delhi: Adroti Publication.

Weiner, Myron (1996). *Political Participation and Political Development Modernization Dynamic V.O.A. from Legture.* New York : Harcourt Brance.

Ooment, T.K. Nation (2004). *Civil Society and Social Movements.* New Delhi : Sage Publication.

# परिशिष्ट 'क'

## अन्तरवार्तामा संलग्न महानुभावहरुको नामावली तथा प्राप्त विचारहरु

डोल्पा जिल्लाका महिलाहरूको राजनीतिमा सहभागिता सम्बन्धी विषयमा विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष सहभागी भई लिइएको अन्तरवार्ताको सार संक्षेप यस प्रकार रहको छ :

नाम : मायादेवी शाही

महिला प्रतिनिधि : ठुलीभेरी नगरपालिका - ३, डोल्पा

१. **तपाईले राजनीतिमा कुन अर्थमा बुझ्नु भएको छ ?**

J निस्वार्थ रूपमा देश र जनताको सेवा गर्नुलाई नै राजनीतिक भनिन्छ ।

२. **तपाईको विचारमा कस्ता मान्छेहरूले राजनीति गर्नुपर्छ ?**

J राजनीति गर्ने व्यक्तिहरूले ध्यान जहिले पनि देश र जनतामा केन्द्रित हुनुपर्दछ । राजनीति गर्नेहरूले आफ्नो व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिई सधैं देश र जनताको पक्षमा उभिनु पर्छ । आफ्नो व्यक्तिगत स्वार्थ पुरा गर्नेहरूले राजनीतिमा नलागी अरु कुनै क्षेत्रमा लाग्नु उपयुक्त हुन्छ । राजनीति गर्नेहरू सधैं दुरदर्शी र देश भक्ति भावना बोकेको हुनुपर्छ ।

३. **राजनीति भनेको फोहरी खेल हो, राजनीतिमा लाग्नु हुँदैन भन्ने तर्कहरू पनि सुनिन्छ । यसलाई यहाँले कसरी लिनुहुन्छ ?**

J जसले यो उखान भन्छन्, उसैलाई राजनीतिमा बढी सहभागी भएको देखिन्छ । विगतदेखि सर्वसाधारण जनता शोषित, पिडित छन् । अझै त्यस्ता मान्छेहरूलाई राजनीतिमा सक्रिय हुन नदिने एउटा जालो हो ।

४. **महिलाहरूले राजनीति गर्नुपर्छ कि पर्दैन ?**

J महिलाहरूले राजनीतिक सक्रिय भएर गर्नुपर्छ किनकी महिलाहरू अगाडि नबढीकन देश विकासको कल्पना गर्नु भनेको दिवा स्वप्न जस्तै हो । महिलाहरू राजनीति रूपमा सचेत भयो भने समाजमा देखिएको विकृति र विसंगतिहरू निर्मुल हुँदै जान्छ ।

**५. तपाईले राजनीति मन पराउनु हुन्छ कि हुन्न, किन ?**

) मलाई राजनीति मन पर्छ किनभने राजनीतिले नै हरेक थोकको निकास दिने गर्दछन् ।

**६. राजनीतिमा महिलाहरूको सहभागी बढाउन के गर्नुपर्छ ?**

) राजनीतिमा महिलाहरूको सहभागिता बढाउनको लागि सबभन्दा पहिला उनीहरूलाई शिक्षाको बन्दोबस्त गर्नुपर्छ, आर्थिक रुपमा पुरुषको मुख ताक्नु हुँदैन ।

**७. महिलाहरू राजनीतिमा सक्रिय नभएकोले समाजको विकास हुन सकेको छैन भन्ने तर्कहरू आउने गर्दछन् । यसमा तपाई कतिको सहमत हुनुहुन्छ ?**

) यो एकदमै ध्रुव सत्य कुरा हो । महिलाहरू राजनीतिमा सक्रिय नभएकोले समाजको विकास पछाडि पर्नुको साथै हाम्रो आधी जनशक्ति त्यतिकै खेर गईरहेका छन् ।

नाम : दुधकुमारी हमाल

समाजसेवी : ठुलीभेरी नगरपालिका - ३, दुनै, डोल्पा

**१. तपाईले राजनीति मन पराउनु हुन्छ कि हुन्न, किन ?**

) मलाई राजनीतिक मन पर्छ किनभने राजनीतिक भनेको एउटा विचार र दर्शन हो । राजनीतिक सिद्धान्तको आधारमा मान्छेहरू संगठित हुने गर्दछन् । देश, समाज र व्यक्तिको विकास भनेको राजनीतिले नै निर्णय गर्ने गर्छन् । तर नेपालको अहिलेको राजनीतिक व्यवस्था सिद्धान्त र विचारभन्दा व्यक्तिगत लाभ लिने, पैसा कमाउने, आफ्नो नाता गोताका मान्छेहरूलाई प्राथमिकता दिने गरेकाले सर्वसाधारण जनता राजनीतिलाई घृणा गर्छन् ।

**२. राजनीतिमा महिलाको सहभागिता बढाउन के गर्नुपर्छ ?**

) समाज वा देशको विकास निर्माणमा महिला र पुरुषहरूको समान भूमिका हुनुपर्छ । अहिले हाम्रो समाज पुरुष प्रधान समाज भएकोले महिलाहरूलाई खुल्ला राजनीतिमा सहभागिता जनाउनु गाह्रो छ । समाजमा महिलाहरू प्रति हेर्ने दृष्टिकोणमा व्यापक परिवर्तन हुनु आवश्यक देखिन्छ,धार्मिक अन्धविश्वास हटाउनुपर्छ । यसको लागि महिलाहरूलाई शिक्षा र नियमित राजनीति कक्षाको आवश्यकता छ ।

**३. सहभागिताका मुख्य चुनौतीहरु के - के देख्नुहुन्छ ?**

- लैङ्गिक विभेद, आर्थिक सवालमा कमजोर बनाइएको, निर्णयक तहमा न्यून उपस्थिति गराउनु /हुनु नै मुख्य चुनौति हुन् ।

**४. अहिले क्रियाशिल राजनीतिक दलहरूलाई तपाईको केही सुझाव छ कि ?**

- अहिले क्रियाशिल राजनीति दलहरूले दलीय भागबण्डाको राजनीतिलाई त्याग्नु पर्छ । योग्य र सक्षम व्यक्तिहरूलाई सम्बन्धित ठाउँमा नियुक्ति गर्नुपर्छ । सिद्धान्त र विचारको लागि आफ्ना कार्यक्रमहरूी जनताबीच लानु पर्ने आवश्यकता छ । अहिले राजनीतिक दलहरूको सिद्धान्त र विचार भन्दा पनि पार्टीलाई ठुलो बनाउने होडमा जो कोहीलाई पनि पार्टीमा भित्र्याउने परिपाटी त्याग्नु पर्छ ।

**५. तपाईका विचारमा कस्ता व्यक्तिहरूले राजनीति गर्नुपर्छ ?**

- समाज, देश र जनतालाई माया गर्नेहरूले राजनीति गर्नुपर्छ ।

**६. तपाईले राजनीतिलाई कुन अर्थमा बुझ्नु भएको छ ?**

- राजनीति भनेको देश र जनताको विकास गर्ने माध्यम हो ।

**७. महिलाहरूले राजनीति गर्नुपर्छ कि पर्दैन, किन ?**

- महिलाहरूले राजनीति गर्नुपर्छ किनभने उनीहरू राजनीति रूपमा सचेत भयो भने घर परिवार र सिंगो समाजको विकास हुन्छ ।

**८. महिला सहभागिता सम्बन्धी संवैधानिक व्यवस्थाका विषयमा तपाईलाई थाहा छ ?**

- मलाई राम्ररी थाहा छ, तर यसले मात्र महिलालाई राजनीतिमा सक्रिय बनाउन सक्दैन त्यसको लागि सामाजिक रुपमा नै महिलाहरुलाई सक्रिय भूमिका प्रदान गर्नु पर्दछ र राजनीतिक चेतनाको विकास गराउनु पर्दछ ।

नाम : पद्मी कुमारी बोहोरा

सांसद : प्रदेश सभा सदस्य, डोल्पा

१. **राजनीतिमा महिलाहरूको सहभागिता बढाउन के गर्नुपर्छ ?**

J देशको कुल संख्याको आधा भाग महिलाले ओगटेको छ । महिलाहरू शिक्षित नहुनु भनेको देशको आधा भाग नै अशिक्षित हुनु हो । हाम्रो समाजमा छोरा-छोरी प्रति हेर्ने दृष्टिकोणमा फरकपना आउनु आवश्यक छ । छोरीहरूलाई शिक्षित बनाउन सक्यौं भने स्वभावि रूपमा भोलिका दिनमा महिलाहरूको राजनीतिमा सहभागिता बढ्न जान्छ । छोरीहरू अर्काको घर जाने भएकोले किन पढाइमा खर्च गर्ने जुन भावनाको विकास भएको छ, त्यसमा परिवर्तन हुन आवश्यक छ । त्यसकारण महिलाहरूको राजनीतिमा सहभागिता बढाउनको लागि सर्वप्रथम समाजले महिला प्रति हेर्ने दृष्टिकोणमा परिवर्तन गर्नुपर्छ । साथै राजनीतिक दलहरूले पनि महिलाहरूलाई नियमित प्रशिक्षण दिनुपर्छ ।

२. **महिलाहरूले राजनीति गर्नुपर्छ कि पर्दैन, किन ?**

J अहिले हाम्रो समाज रुढीवादी समाज भएकोले महिलाहरू प्रति हेर्ने दृष्टिकोण फरक हुनुपर्छ । महिलाहरू पनि पुरुष जस्तै काम गर्न सक्ने क्षमता भएकोले उनीहरू राजनीति गर्नुपर्छ । महिलाहरू राजनीति रूपमा अगाडि बढ्यो भने सिंगै समाज अगाडि बढ्न सक्छ । महिलाहरू शिक्षित भएको खण्डमा समाजमा देखिएका विकृति र विसंगतीहरू पनि हट्दै जान्छ ।

३. **तपाईले राजनीतिलाई कुन अर्थमा बुझ्नु भएको छ ?**

J राजनीति भनेको देश र जनतको ईमान्दारी पूर्वक सेवा गर्नु हो ।

४. **तपाईको विचारमा राजनीति कस्ता व्यक्तिहरूले गर्नुपर्छ ?**

J जनताको समस्यालाई निर्क्योल गरी त्यसलाई समाधान गर्न पहल गर्न सक्ने व्यक्तिहरूले राजनीति गर्नुपर्दछ ।

५. **महिलाहरू राजनीतिमा सक्रिय नभएकाले समाजको विकास हुन सकेको छैन भन्ने तर्कहरू आउने गर्दछन् । यसमा तपाई कतिको सहमत हुनुहुन्छ ?**

J महिलाहरू राजनीति सचेत नभएकोले साँचिकै हाम्रो समाज पछाडि परेको छ । महिलाहरूको राजनीतिमा सहभागिता बढाउनको लागि हरेक पक्ष संवेदनशील हुन आवश्यक छ ।

६. **राजनीति भनेको फोहरी खेल हो, राजनीतिमा लाग्नु हुँदैन भन्ने तर्कहरू पनि सुनिन्छ । यसलाई यहाँले कसरी लिनुहुन्छ ?**

J ठूला तथा शासक दलहरूले सत्तामा गए पछि आफ्नो व्यक्तिग र दलगत स्वार्थमा केन्द्रित भएकोले राजनीति फोहरी खेल बन्दै गएको छ । राजनीतिक दलहरूले जनता बीच गरेका वाचाहरू व्यवहारमा कार्यान्वयन गरेको खण्डमा युवाहरूको राजनीतिक दल प्रतिको विश्वास बढ्दै जानुका साथै उनीहरूलाई संगठित गर्न सकिन्छ ।

७. **राजनीतिमा महिला सहभागिता बढाउन के गर्नु पर्ला ?**

J महिला सहभागिता बढाउन संवैधानिक व्यवस्था मात्र भएर पुग्दैन, महिलाहरुलाई सामाजिक रुपमा नै राजनीतिप्रति जागरुक बनाउनु पर्दछ । समाजका हरेक क्रियाकलापमा सक्रिय रुपमा सहभागी गराउनु पर्दछ, जस्तो केहि एन्.जि.ओ. हरुले लैङ्गिक हिंसाका कुरा उठाएका छन् तिनले केहि सहयोग गर्लान् तर एन्.जि.ओ. हरु पनि कमाउ धन्दामा उन्मुख देखिएका हुनाले तिनीहरुको अनुगमन गरी हाल यस दिशामा क्रियाशिल एन्.जि.ओ. हरुलाई सक्रिय तुल्याइनु पर्दछ ।

नाम : शुशिला रावत

विद्यार्थी : त्रिपुरा सुन्दरी नगरपालिका - ८, रावतवाडा, डोल्पा

१. **तपाईले राजनीति मन पराउनु हुन्छ कि हुन्न, किन ?**

) सबै थोकको निर्णय राजनीति निर्णय हुने भएकोले मलाई राजनीति मन पर्छ ।

२. **तपाईले राजनीतिलाई कुन अर्थमा बुझ्नु भएको छ ?**

) राजनीतिले हरेक थोकको निर्णय गर्ने भएकोले यसलाई मैले देश र जनताको सेवा गर्ने अवसरको रूपमा बुझेको छु ।

३. **तपाईको विचारमा राजनीति कस्ता व्यक्तिहरूले गर्नुपर्छ ?**

) सिद्धान्त र विचारमा अडिग रहन सक्ने र अन्यत्रबाट निर्देशित हुन नसक्नेहरूले राजनीति गर्नुपर्छ ।

४. **महिलाहरूले राजनीति गर्नुपर्छ कि पर्दैन, किन ?**

) महिलाहरूले आफ्नो हक, अधिकार सुनिश्चित गराउनको लागि राजनीति गर्नुपर्छ । साथै आवश्यक परेको खण्डमा महिलाहरूले देशको सार्वभौमिकता जोगाउनको लागि पनि तयार भएर बस्नु पर्दछ ।

५. **राजनीति भनेको फोहोरी खेल हो, राजनीतिमा लाग्नु हुँदैन भन्ने तर्कहरू पनि सुनिन्छ । यसलाई यहाँले कसरी लिनु हुन्छ ?**

) सर्वसाधारणलाई राजनीतिमा अगाडि बढ्न नदिने जालो हो ।

६. **महिलाहरू राजनीतिमा सक्रिय नभएकोले समाजको विकास हुन सकेको छैन भन्ने तर्कहरू आउने गर्दछन् । यसलाई तपाई कतिको सहमत हुनुहुन्छ ?**

) हो, महिलाहरू राजनीतिमा सक्रिय नभएकोले समाजको विकास हुन सकेको छैन । साथै महिलाहरू शोषित, पिडित पनि छन् ।

७. **राजनीतिमा महिला सहभागितामा न्यून हुनाको कारण के हो ?**

) सामाजिक, आर्थिक, शैक्षिक जस्ता समाजका हरेक पक्षमा महिलाहरु पछाडि पर्नु नै राजनीतिमा महिला सहभागिता न्यून हुनुको कारण हो ।

**८ राजनीतिमा महिला सहभागिता बढाउन के गर्नु पर्ला ?**

) महिला सहभागिता बढाउन संवैधानिक व्यवस्था मात्र भएर पुग्दैन, महिलाहरुलाई सामाजिक रुपमा नै राजनीतिप्रति जागरुक बनाउनु पर्दछ । समाजका हरेक क्रियाकलापमा सक्रिय रुपमा सहभागी गराउनु पर्दछ, चेतना वृद्धि गर्न शिक्षालाई जोड दिनुपर्छ, पुरुष र महिलाबिच भेदभाव हुनु हुँदैन ।

नाम : शान्ती शाही बुढा

गृहणी : ठुलीभेरी नगरपालिका - ३, दुनै, डोल्पा

**१. तपाईले राजनीति मन पराउनु हुन्छ कि हुन्न, किन ?**

) मलाई राजनीति मन पर्दैन किनभने नेताहरू निर्वाचनको बेला राम्रा-राम्रा कुराहरू जनताको मन जित्छन् । चुनाव जिते पछि भेट्न पनि आउँदैनन् । त्यसकारण यिनीहरू नेता नभई ठग हुन् । त्यसैले यो ठगहरूको व्यवहार देखेर मलाई राजनीति मन पर्दैन ।

**२. महिलाहरूलाई घर बाहिर निस्कने अनुमति हुँदैन । यस्तो परिस्थितिमा उनीहरूलाई कसरी राजनीतिक क्रियाकलापमा सक्रिय गराउन सकिन्छ ?**

) महिलाहरूलाई राजनीतिमा मात्र होइन बाह्य कुनै पनि प्रकारको कार्यक्रममा सहभागिताको लागि अनुमति हुँदैन । समाजको यो संस्कारलाई तोड्नु पर्छ । अनि मात्र महिलाहरूको राजनीतिमा सहभागिता बढ्न सक्छन् । अहिले पनि हाम्रो समाजमा रुढीवादी सोचमै छ । त्यसकारण महिला प्रति हेर्ने दृष्टिकोणमा व्यापक परिवर्तन हुनुपर्छ । अनिमात्र माहिलाहरूको राजनीतिमा सहभागिता बढ्छन् ।

**३. तपाईले राजनीतिलाई कुन अर्थमा बुझ्नु भएको छ ?**

) राजनीति भनेको नेताहरूको कमाई खाने भाँडो भएको हो ।

**४. तपाईको विचारमा राजनीति कस्ता व्यक्तिहरूले गर्नुपर्छ ?**

) समाज र व्यक्तिलाई अप्ठ्यारो परेको बेला सहयोग गर्न सक्ने मान्छेहरूले राजनीति गर्नुपर्छ ।

**५. राजनीतिमा महिला सहभागिता न्यून हुनाका कारणहरु के के कुन् ?**

) महिलाहरूलाई राजनीतिको बारेमा केही थाहा छैन । उनीहरुलाई घरका काम गर्दा फुर्सद नै हुँदैन । त्यसैले उनीहरु राजनीतिमा कम सहभागी हुन्छन् ।

**६. महिला सहभागिता सम्बन्धी संवैधानिक व्यवस्थाका विषयमा तपाईलाई थाहा छ ?**

) मलाई त्यस विषयमा केही थाहा छैन बरु महिला सहभागिता बढाउने व्यवस्था गरिएको छ भन्ने सुनेकी छु ।

# परिशिष्ट 'ख'

## डोल्पा जिल्लाको नक्सा

